# प्रेमचन्द


प्रकाशचन्द्र गुप्त



N
813.209 2
P 916 G

भारतीय
साहित्यका

N
813.2092
P 916 G



INDIAN INSTITUTE
OF
ADVANCED STUDY
LIBRARY, SHIMLA



अस्तरमा छापिएको मूर्तिकलाको प्रतिरूप यो दृश्य राजा शुद्धोधनको महलको हो, जसमा तीनजना भविष्यवक्ताहरूले भगवान बुद्धकी आमा, रानी मायाको सपनाको अर्थको व्याख्या गरिरहेछन् । मनिपट्टि मूंशी जी बसेका छन् अनि उनी व्याख्याको दस्तावेज लेखिरहेछन् । सम्भवत: भारतमा लेखन-कलाको यो सर्वैभन्दा पुरानो अनि चित्रांकित अभिलेख हो ।

नागार्जुनकुण्ड, दोस्रो शताब्दी (ईस्वी)

सौजन्य : राष्ट्रीय संग्रहालय, नयाँ दिल्ली

भारतीय साहित्यका निर्माता

# प्रेमचन्द

लेखक

**प्रकाशचन्द्र गुप्त**

अनुवादक

**बी० एस० राई**

साहित्य अकादेमी

*Prem Chand* : Nepali translation by B.S. Rai of Prakash Chandra Gupta's monagraph in English. Sahitya Akademi, New Delhi (1986)

SAHITYA AKADEMI
REVISED PRICE Rs. 15-00

Library IIAS, Shimla
N 813.209 2 P 916 G
00116988

© साहित्य अकादेमी

प्रथम संस्करण : १९८६

N
813.2092
P916G

साहित्य अकादेमी

**प्रधान कार्यालय**

रवीन्द्र भवन, ३५, फीरोज़शाह मार्ग, नयाँ दिल्ली ११०००१

**क्षेत्रीय कार्यालय**

ब्लाक V-बी, रवीन्द्र सरोवर स्टेडियम, कलकत्ता ७०००२९

२९, एलडाम्स रोड (द्वितीय मंज़िल), तेनामपेट, मद्रास ६०००१८

१७२, मुम्बई मराठी ग्रन्थ संग्रहालय मार्ग, दादर, वम्बई ४०००१४

मूल्य

SAHITYA AKADEMI
REVISED PRICE Rs. 15-00

Indian Institute of Advanced Study
116988
8/12/04
SHIMLA

मुद्रक

भारती प्रिण्टर्स

दिल्ली ११००३२

# १

सन् १८८० देखि लिएर सन् १९३६ सम्म प्रेमचन्दको युग मानिन्छ। यस अवधि-भित्र भारतले स्वतन्त्रता आन्दोलनमा ठूलो जोर र शक्ति धारण गरिसकेको थियो अनि तेज गति लिइसकेको थियो। भारतीय राष्ट्रीय कांग्रेसले स्वतन्त्रता आन्दोलन एक साधारण नेतृत्वको अधीनमा प्रारम्भ गरेको थियो, तर यो बिस्तारै गाँधीजी-को नेतृत्वको नियन्त्रणभित्र आउनलागेको थियो। उहाँलाई १९२०-३०को दशकभित्र उग्रवादीका अनुरूप मानिन्थे। उहाँले बेलायत सरकारको शक्तिको विरुद्ध सर्वजनव्यापी महासंग्राम गर्ने दृढ़ र गम्भीर विचार लिनुभयो अनि उहाँको विचार-दर्शन अनुसार ऐश-आरामको जिन्दगीलाई त्यागेर वरु गिरफ्तारी हुनु, जेल जानु र जस्तै पनि कष्ट-दु:खको सहन गर्नु नै यसको अर्थ थियो। १९३६ सालमा जब प्रेमचन्दको असामयिक निधन भयो, त्यस समयतिर गाँधीजीको राजनीतिक निर्देशन केही धीमा र उदारवादी प्रकारको देखिनलागेको थियो। अन्य उग्रवादी नेताहरू पनि राजनीतिको मैदानमा देखापरेका थिए, जसले स्वतन्त्रताको राज-नीतिक तथा आर्थिक सार र लक्ष्यलाई समाजवादको परिभाषा दिन र अर्थ लाउन खोजेका थिए। यी नेताहरूमा नेहरू जस्ता व्यक्ति लगायत अन्य कतिवटा वामपन्थी गुट र दलहरू पनि थिए।

त्यसरी अघि बढ़दैगइरहेको राष्ट्रीय आन्दोलनको संगसंगै प्रेमचन्दले आफ्नो जीवनकालभरी नै कदम चालिरहने सकल र आन्तरिक इच्छा साँचे। उनी गाँधीजीको नेतृत्वको मार्ग-दर्शनले प्रभावित र प्रेरित एक उग्रवादी थिए, जुन समयतिर गोखले जस्ता उदारवादी नेताहरूको प्रभुत्व काँग्रेसमाथि जमेको थियो। पछि उनले समग्र कृषक र श्रमिकहरूलाई मुक्ति गराउने दिशामा गम्भीर विचार गर्नलागे। ती पछिल्ला वर्षहरूमा उनी गाँधीजीभन्दा नेहरूजीको पक्षमा खड़ा भएका थिए।

१८५७ सालको विद्रोहपछि भारत आधुनिकताको प्रकाशमा देखापर्नलागेको थियो। तर ती कदमहरू सुस्त र कष्टपूर्ण थियो। मध्ययुगीन र पछाड़िपट्टि नै धकेल्ने शक्तिहरूले भारतलाई अघि बढ़नुमा अवरोध गरिरहेकै थिए। यद्यपि,

आधुनिकताका रूपहरू जस्तै, रेलगाड़ी, डाक र तार-खवरको संचरण, कल-पानी र आधुनिक प्रणालीका स्कूलहरूको स्थापना र प्रवन्ध अनि पाश्चात्य विज्ञानको विकास र ज्ञान प्रसारणले भारतलाई एक भिन्नै नयाँ स्तरमा अवतरित गराउँदै-थिए। तर संगसंगै देशभित्र प्रचलित सामन्त प्रथा, जात-पात, छुवाछूत अनि शहरिया क्षेत्रहरूमा कति पिरोल्ने साम्प्रदायिक भावनाहरू नै देशको उन्नति पथ-का ठूला तगारोहरू थिए। प्रेमचन्दका साहित्यिक कृतिहरूमा परस्पर विरोधी तनावहरू र उत्तेजनात्मक स्थितिहरूले भरिभराव भारतको त्यही वहुरंगी दृश्य साँचो रूपमा प्रतिविम्वित छन्।

प्रेमचन्द पाश्चात्य ढाँचाका जीवन र संस्थानहरूको अन्धाधुन्धा नकल गरिनुको विरोधमा थिए। उनी भारत माताका सुपुत्र थिए अनि भारत भूमिप्रति प्रगाढ़ अनुरक्त थिए। भारतीय साहित्यमा उनी कृषक वर्गका सर्वश्रेष्ठ साहित्यिक प्रवक्ता थिए। उनको व्यक्तित्वमा स्वदेशकै वातावरण र रहन-सहनमा प्रति-पालित चहकिलो गुण व्याप्त थियो, जो पाश्चात्य शिक्षा पाएर तुच्छ आडम्वर धारण गर्नेहरूको दुनियाँदेखि वेग्लै थियो।

समाजवादको दिशातर्फ प्रेमचन्दले रवीन्द्रनाथ ठाकुरको साहित्यिक परम्परा-लाई अझ वढ़ी विकसित गरेका छन् भन्नसकिन्छ। यसमा उनले मौलिक सुधार-वादका तत्वहरू समावेश गरे, जुन कुरो नै तिनताकको वर्वराउँदो स्थितिको अत्यावश्यक माँग थियो। रवीन्द्रनाथ ठाकुरसित तुलना गर्दा प्रेमचन्द यस सांसारिक यथार्थ स्थितिहरूको धेरै नै सामीप्यमा रहेको देखिन्छ। हुन त भारतको प्राचीन र अतीतकालीन सांस्कृतिक वैभवशाली परम्पराको जुन अन्तर्ज्ञान रवीन्द्रनाथ ठाकुरमा थियो, प्रेमचन्दमा त्यो थिएन, तर उनी आधुनिक विचारधारामा धेरै गहीरो गतिमा वगेका देखिन्छन् अनि सो विचारधारा वैज्ञानिक र प्रगतिशील संसारको दृष्टिकोणवाट प्रस्फुटित भएको हुन्छ। भारतीय संस्कृतिको विकासमा मुसल्मानहरूको योगदानप्रति उनको यथार्थ र धर्मनिरपेक्षारूढ़ भाव-व्यवहार अति सकल र सौहार्दपूर्ण थियो।

प्रेमचन्द भारतमा औद्योगिकरणले भीषण रूप लिएर शीघ्र गतिमा अघि बढ़-दैगएको कुरोको घोर विरोधमा थिए। कल-कारखानाको वृद्धिले कृषकहरू आफ्ना जमीनवाट वञ्चित हुने, साधारण श्रमिकहरूमाथि अत्याचार र शोषण हुनजाने, जीवन र संस्कृतिलाई अशिष्टता र अश्लीलताले विकृत पार्ने अनि असामाजिक तत्वहरू जागेर आउने सम्भावना उनले देखेका थिए। प्रेमचन्दले यही शंका र भय-लाई आफ्नो विस्तृत उपन्यास 'रंगभूमि' मा छर्लङ्ग अनि जोरदारपूर्वक अभिव्यक्त गरेका छन्। कलपुर्जा र यन्त्रहरूको साधनले मानिसलाई पटाइलाग्दो परिश्रमवाट मुक्त गराउँदछ भन्ने कुरोमा उनको विश्वास थिएन। पूँजीवादको व्यवस्थाले गर्दा नै औद्योगिकरणद्वारा हानिकारक र विषालु प्रतिफल निस्कँदछ भन्ने शंका उनलाई

लागेको थियो ।

प्रेमचन्दका साहित्यिक कृतिहरू स्वदेशभक्ति भावले ओतप्रोत छन् । हामी पाठकहरू उनको कृतिको पृष्ठभूमिमा राममोहन राय, विवेकानन्द, दयानन्द, गाँधी, रवीन्द्रनाथ ठाकुर, नेहरू, भगत सिंह तथा चन्द्रशेखर आजाद जस्ता महान नेताहरू अनि मानव स्वतन्त्रता र मुक्तिका लागि लड़ने यूरोपियली अग्रजहरू जस्तै, माज्जिनी, गेरिवल्दी, कार्ल मार्क्स, लेनिन तथा अन्य नेताहरूका बुलन्द आवाजका प्रतिध्वनिहरू निरन्तर सुन्दछौं ।

## २

वनारसदेखि प्रायः चार माइल टाढ़ो लमही भन्ने गाउँमा ३१ जुलाई, १८८० को दिन प्रेमचन्दको जन्म भएको थियो । उनको जन्म एक दरिद्र तर शिष्ट कायस्थ परिवारमा भएको थियो, जसको पुगनपुग ६ वीघा जमीन थियो अनि परिवार पनि ठूलो थियो । प्रेमचन्दका वाजे गुरसहाईलाल एकजना पटवारी थिए । उनका पिताको नाम अजायबलाल थियो । उनले डाक-घरमा क्लर्कको नोकरी गर्थे अनि मासिक वेतन पुगनपुग पच्चीस रुपियाँ पाउँथे । उनकी मुमा आनन्दीदेवी एक सुन्दरी, सुशील र सर्वगुणसम्पन्न नारी थिइन्, जसले प्रेमचन्दद्वारा नै लिखित 'वढ़े घर की वेटी' भन्ने कहानीको स्मरण गराउँदछिन् । स्मरण रहोस् कि उनको यस कथाकी नायिकाको नाम पनि आनन्दी नै छ ।

प्रेमचन्दको वाल्यकाल गाउँमा नै वित्यो । उनी खेलकूद मनपराउने फूर्तिला र सजग वालक थिए, दगुरिहिँड़नु कुदिहिँड़नु मनपराउँथे अनि वारीतिरबाट सुटुक्क चीजहरू टिपेर लैजाने गर्थे । उनका दाँत वलिया र कञ्चन थिए अनि विशेषगरी उनी काँचो चिनी वुकाउन मनपराउँथे । लमही गाउँमा नै उनले प्राथमिक शिक्षा लिए अनि एकजना मौलवी साहेववाट केही उर्दू र फारसी भाषा सिके । एक रुपियाँ चोर्दा उनले कड़ा सजाय पाएको प्रमाणको अझै संझना हुन्छ । उनले लेखेको कथा, 'कजाकी' आफ्नै वाल्यकालका स्मरणहरूमाथि आधारित छ । कजाकीले डाक-वालाको नोकरी गर्छ, उसले धेरै लामो वाटो हिँड़नपर्छ अनि बालक प्रेमचन्दका लागि सधैं के-के चीज ल्याइदिने गर्छ । लघु कथामा उसले वालकलाई एउटा मृगको पाठा ल्याइदिएको वर्णन छ, तर सरकारी काम ठीक नगरेको कारण उसलाई निका-लिन्छ, किनभने मृग खेदने हुँदा धेरै समय लाग्यो र भरे डाक-घरमा फकर्दा निकै

ढिलो भइदियो । कथामा कजाको एक असल मानवको रूपमा छ, उसकोमा मर्यादा र आत्म-सम्मान व्याप्त छ अनि उसको हृदयभरी मानवीय दयाको भावको तरलता छ ।

स्मरण रहोस् कि लेखकले प्रेमचन्द भनेर पछिवाट मात्र कल्पित नामको रूपमा लेख्न लागेका हुन् । उनको जन्मनाम धनपतराय थियो अनि सरकारी सेवा गर्दैगर्दा जब उनले लघु कथाहरू लेख्न थाले, उनले नवावरायको कल्पित नाम दिएर लेख्ने गर्थे । उनको जीवनकालभरी धेरैजनाले उनलाई नवावरायकै नामवाट चिन्दथे । जब 'सोजे वतन' शीर्षक भएको उनको प्रथम लघु कथा संग्रहमाथि सरकारले प्रतिवन्ध लगाइदियो, तबदेखि प्रेमचन्दले नवावरायको कल्पित नाम दिएर लेख्न छोड़िदिए अनि उनका पछिका सवै कृतिहरू उही प्रेमचन्दको कल्पित लेखकको नाममा निस्कन लागे ।

लघु कथा, 'चोरी' मा उनले आफ्नो वालकपनका दिनहरूको यसरी चित्रण गरेका छन् :

'अहा, वालकपन, तिमीलाई कसरी भुल्नसक्नु र ! त्यो भत्केको अवस्थाको माटोको झोपड़ी, गुन्द्री-परालको ओछ्यान, नाङ्गो शरीर र खाली खुट्टा खेतवारीतिर कुदिहिँड़ेको, आँपको रूखतिर चढ़ने गरेको—मलाई यी सवै कुराहरूको अझै झल्झल्ती संझना छ । आफ्नै गाउँतिर बनेको जुत्ता लाउन पाउँदा हिजोआजको 'फ्लेक्स्' जुत्ता लाएको भन्दा बढ़तै खुशी लाग्थ्यो । आँपको गरम रस नै हिजोआज-को गुलाव-शर्वत भन्दा रसिलो लाग्थ्यो अनि चना र काँचो ऐसेलु दाना नै अंगूर र एकदमै स्वादिष्ट मिठाईभन्दा पनि अझ मीठो लाग्थ्यो ।

'म आफन्त पर्ने र साइनुमा दाज्यू हलधरसंग अर्को गाउँमा एकजना मौलवी साहेबकहाँ पढ़न जान्थें । म आठ वर्षको थिएँ अनि दाज्यू हलधर, जो अहिले यस लोकमा छैनन्, मभन्दा दुइ वर्षले ज्येठा थिए । हामी विहान चिसो बासी रोटी खाइकन भरे दिउँसोको खाजा चाहिँ चना र मटर बोकेर पढ़न जान्थ्यौं । दिनभरी हाम्रो रझाइँ हुन्थ्यो । मौलवी साहेबले हाजिरी रजिष्टर राख्नुहुँदैनथ्यो अनि हामी हाजिर नहुँदा पनि जरिवाना तिराउनुहुँदैनथ्यो । हामीलाई कुनै डर थिएन । हामीले कोही वेला थाना अघाड़ि पुलिसहरूले परेड खेलेको हेर्ने गर्थ्यौं, कहिले काहीं त जादूवाललाई पछ्याउँदै उसले भालू वा बाँदर नचाएर देखाएको तमाशा दिनभरी हेर्थ्यौं । फेरि कोही बेला चाहिँ रेलको स्टेशनमा गएर रेलगाड़ी आएको गएको दृश्यलाई हेरिरहन्थ्यौं र यसरी रेलगाड़ी चल्ने र आउने समय विषयभन्दा रेल-गाड़ीको रूप र आकार विषय धेरै कुरा जान्यौं । हामी हिंड़ने वाटोनेर शहरका एकजना साहुले फुलबारी वनाउँदैथिए । त्यहाँ एउटा कुवा खनिँदैथियो । यो पनि हाम्रालागि एउटा मजाकै कुरो थियो । वूढ़ो मालीले हामीलाई खूवै माया देखाएर उनको झोपड़ीमा बोलाउँथे । हामी उनीसित बाझ्दथ्यौं, तर उनकालागि काम

सघाउदिन्थ्यौं, वोट-विरुवामा वाल्टीवाट पानी खन्याइदिन्थ्यौं, फूल रोप्ने ड्याङ वनाइदिन्थ्यौं अनि कैंचीले फूलका लहरावाट पुराना पातहरू काटिदिन्थ्यौं, छिमलि-दिन्थ्यौं । यो काम कति मजाको लाग्थ्यो ! वूढो माली वाल-मनोविज्ञानमा रिपु थिए । उनले हामीलाई उनको काम गर्न लाउँथे, फकाइ-फुल्याइ गर्थे अनि सधैं हामीलाई यो त माया र स्नेह गरेको जस्तो पो ठान्थे । उनलाई दिनभरी लाग्ने काम हामीले एकै घण्टामा गरिदिन्थ्यौं ।

'हामी कहिले त कति हप्तासम्म स्कूलमा हाजिर हुँदैनथ्यौं, तर त्यसकालागि यस्ता चित्तवुझ्दो निहुँहरू कारणका रूपमा देखाइदिन्थ्यौं कि मौलवी साहेवको रिसाएको चेहरा फेरि उज्यालो भइहाल्थ्यो । यदि अहिले ममा सृजना गर्नसक्ने खूवी मात्र भए म एउटा यस्तो उपन्यास लेख्नेथिएँ कि त्यसले प्रत्येक पाठकलाई आश्चर्यचकित पारिदिनेथियो । अहिले मनमा निकै नै घोरिएर मात्र मैले यो कथा-वस्तुलाई एक सानो कहानीसम्म लेख्नलाई पाउनसकेको छु । त हाम्रा शिक्षक मौलवी साहेवको व्यवसाय नै सूर्जीकारी थियो र पढ़ाउने-सिकाउने काम चाहिँ उनको एउटा शौक मात्र थियो । हामी दाज्यू-भाइले उनको कामलाई कूर्मीहरू र कुम्हालेहरू माझ आकाश-पताल जोड़ेर खूव सर्काउँदै कुरा गर्थ्यौं । मौलवी साहेवका-लागि हामी एक प्रकार घुमफिर गरी विज्ञापन प्रचार गर्ने हरू जस्तै थियौं । जव हाम्रा कोशिशहरूको फलस्वरूप मौलवी साहेवले एउटा सानो काम पाए, हामी वेहद खुशी भयौं । उनका शिष्यहरू हुँदा हाजिर हुन नसकेकोमा कुनै चित्तवुझ्दो कारण वा निहुँ देखाउन सक्तैनथ्यौं भने हामी मौलवी साहेबलाई कुनै उपहार वा यस्तै कुनै चीज ल्याइदिन्थ्यौं । कहिले काहीँ सिमी-मटरका कोसाहरूको पोको लगि-दिन्थ्यौं, कोई वेला आधा दर्जन ऊखुका लाँक्रा र कहिले त गहुँ वा जौका पाकेका वालाहरू सुटुक्क लगिदिन्थ्यौं । तर सुखा ऋतुको समयमा चाहिं सजाय भोग्नुवाट जोगिनलाई अरु नै निहुँहरू निकाल्नपर्थ्यो ।'

आफ्नो वाल्यकालमा प्रेमचन्दलाई गुल्ली-डंडा र गुड्डी उड़ाउने खेलहरू नै साह्रो मनपर्थ्यो । उनले गुल्ली-डंडा मनपराएको कुरोलाई आफ्ना उत्कृष्ट लघु कथाहरूमध्ये एउटामा यसरी पोखाएका छन् : 'तपाईंले एउटा चउर वा चार-कुने आँगन खोजिरहनुपर्दैन, न त जाली वा यस्तै अरु चीजको दरकार पर्दछ । रूखबाट एउटा हाँगा झार्नुहोस् अनि यसवाट एउटा गुल्ली वनाइदिनुहोस् । खेल शुरू गर्नलाई दुइटा यस्तो चीज भए वस्, पुगिहाल्छ ।·· ···। मेरो वाल्यावस्थाका सुमधुर स्मृतिहरूमध्ये यही नै सवैभन्दा मीठो लाग्छ ।'

'चोरी' नामक कथामा उनले आफ्ना दाज्यूसित मिलेर घरबाट कसरी एक रुपियाँ चोरेर लगे, उनी त्यसको वर्णन यसरी गर्छन् : 'नुहाइसकेपछि हामी घर फर्क्यौं अनि ठूलो डरसरी भित्र पस्यौं । त्यस क्षण कसैले हाम्रो खोज-तलास गरेको भए उही भगवानले मात्र बचाउनसक्नेथियो । तर घरमा सवैजना आ-आफ्ना

कामको धुनमा थिए। हामीलाई कसैले केही भनेनन्, सोधेनन्। हामी दुइले विहान-को खाजा खाएनौं अनि दिउँसोको खाजा धरि साथमा वोकेनौं र चूपचाप हातमा कितावहरू च्यापेर स्कूलतिर लाग्यौं।

'वर्षात्को समय थियो, आकाश कालो वादलले ढाकिएको थियो। हामी खूब खुशी हुँदै स्कूलतर्फ जानलाग्यौं···। हामी मनको तरङ्गमा वग्दैथियौं औ थरी-थरीका योजनाहरू बनाउनलाग्यौं। यो एउटा ठूलो र सुनौलो अवसर थियो। हामीले त्यो एक रुपियाँले निकै समयसम्म ठेल्नसक्ने हिसावले खर्च गर्ने विचार गरचौं। त्यस समयतिर एक सेर तौललाई पाँच आनाको दरमा किन्दा पनि अति स्वादिष्ट मिठाई पाउनसकिन्थ्यो र आधा सेरले हामी दुइजनाको पेट भरिन्थ्यो। तर मिठाई मात्र खायौं भने त्यो एक रुपियाँ त एकै दिनमा खर्च भइहाल्ने देख्यौं। वरू पेट भरिने, मजा पनि आउने अनि कम्ती नै दाममा पाउने खालको सस्तो चीज किनेर खाने विचार गरचौं। अम्वक किन्ने मन गरचौं र एकमत भयौं। हामीले दुइ पैसाको अम्वक किन्यौं, चीजहरू सस्तो दाममा पाइने जमाना थियो। हामीले ठूल्ठूला खाल-का वाह्रवटा अम्वक किन्दा कमीजको गोजी भरी-भरी भयो। तर जव हलधर दाज्यूले खटकीनलाई अम्वकको पैसा काट्नलाई एक रुपियाँ दियो, उसको मनमा शंका उठचो र सोधिहाली पनि : "तिमीहरूले यो पैसा कहाँ पायौ? चोरेको त होइनौं?"

'हामीसित जवाव तयार नै थियो। धेरै नभए पनि हामीले दुइ चारवटा किताव पढ़ेका थियौं र हामीमा ज्ञानको कुरा घुसिसकेको थियो। फट्ट मेरो जवाव निस्क्यो : "हामीले मौलवी साहेवलाई फीस तिर्नुपरेको छ। घरमा चानचुने पैसा थिएन र काकाले, यही एक रुपियाँ दिइपठाउनुभएको हो नि।"

प्रेमचन्दले शक्कर खान रुचाएको कुरो उनले 'होली' नामक कथामा यसरी वर्णन गरेका छन् :

'मुमा उहाँको माइती घरमा तीन महीनाका लागि वस्न जानुभएको थियो र यस अवधिभरी एक मन त शक्कर खाइदिएँ। चिनी बनाउने मास थियो। वाजे विमार हुनुहुन्थ्यो अनि मुमालाई बोलाइपठाउनुभएको थियो। मेरो इम्तिहान हुनु नजीकै थियो र म मुमाको साथमा जानसकेको थिइनँ।······। माइत जानु अघि उहाँले एक मन शक्कर एउटा ठूलो भाँड़ामा हालेर माटोले वुच्चाउनुभएको थियो अनि भाँड़ाको वुच्चो नखोल्नू भन्ने कड़ा चेतावनी मलाई दिइराखनुभएको थियो। उहाँले एउटा सानो ढुंग्रोमा मेरालागि अलग भाग छुटचाइराखनुभएको थियो। यो त मैले हप्ता-दिनभित्रैमा खाइहालें, विहान एक खेप दूधसित, मध्य दिनमा रोटी-सित, तीसरा पहरमा चनासित र फेरि राती दूधसित एक एकपल्ट खाँदा नै सकिगयो। यति त मलाई खान दिइ एकै थियो र मुमाले पनि कुनै रोकावट गर्नुहुने थिएन। तर म तिर्खाले गर्दा स्कूलबाट घरि-घरि घर आउँथें र आएकै पिच्छे एक दुइ

मुट्ठी शक्कर बुकाउँथें। यसो गर्नलाई चाहिं मेरालागि अलग भाग राखिएको थिएन। शक्कर भने पछि यति साह्रो मरिमेटथें कि त्यो विना हुँदै नहुने भयो।'

६ महीनाको विमारले प्रेमचन्दकी मुमाको निधन भयो। त्यस बेला प्रेमचन्द आठौं श्रेणीमा पढ़दैथिए। दुइ वर्षपछि उनका बुबाले फेरि दोस्रो विहे गर्दा उनको जीवनमा सानी-आमाले प्रवेश गरी। प्रेमचन्दका कृतिहरूमा सानी-आमालाई कथा-वस्तुको रूपमा घरि-घरि लिइएको हुन्छ। यो कुरो खुलस्त गरी बुझिन्छ कि उनकी मुमाको मृत्युले अँध्यारो पारिराखेको उनको जीवनमा सानी-आमाले उज्यालो ल्याउन सकिन।

यसै कालभित्र प्रेमचन्दले तीव्र उद्वेलित भाव लिएर कथा-उपन्यास पढ़न लागे। उनले एकजना सुर्ती पसलेको दोकानमा साँचो ज्ञानभण्डारपूर्ण 'तिलस्मी-होश्रूबा' को कहिल्यै नटुङ्गिने कथा सुने। यस ग्रन्थका अद्‌भुत लेखक फैजी थिए भनिएको छ, जसले यी कथाहरू अकवर वादशाहलाई मनोरञ्जन दिलाउन भनी फारसी भाषामा लेखेका थिए। एक सालभरी प्रेमचन्दले यी कथाहरू लगातार सुनिरहे, जसद्वारा उनको कल्पना शक्ति उत्तेजित हुनगयो।

अरु कथा-उपन्यासहरूमा प्रेमचन्दले रतननाथ सरसारका रचनाहरू र रेनल्ड्स्को 'दि मिस्ट्रीज् अफ् दि कोर्ट अफ़ लण्डन' नामक कृतिको अध्ययन गरे। गोरखपुरमा हुँदा बुद्धिलाल नाम भएको एकजना पुस्तक पसलेसित उनको मित्रता बस्यो। प्रेमचन्दले रटिने खालका किताबहरू उसका लागि स्कूलमा बेचिदिन्थे अनि यस सहयोग गरिदिएको सट्टामा उनले पुस्तक पसलेको दोकानबाट उपन्यासहरू घरमा पढ़नलाई साथमा लिएर जान पाउँथे। यस प्रकार उनले दुइ-तीन वर्षको अवधिभित्र सयौंवटा उपन्यासहरू पढ़ेकै हुनपर्छ।

गोरखपुरमा छँदै प्रेमचन्दले आफ्नो सर्वप्रथम साहित्यिक रचना निकाले, जो एकजना अविवाहित काकामाथि रचित कृति थियो। काकाको भाग्य नै त्यस्तो, उनी सानो जातकी एकजना औरतसित प्रेममा फँसिएका थिए। प्रेमचन्द उपन्यास-हरू पढ़नमा अति नै मग्न रहेको देख्दा उनलाई काकाले गाली गर्नलागे। साटो फेर्नलाई प्रेमचन्दको पालो आफ्ना काकाको प्रेमालापको विषय-वस्तु लिएर रचाल-छ्याल गरिदिए। प्रेमचन्दको यो प्रथम साहित्यिक कृतिको खोज नगरे पनि हुन्छ, किनभने पक्कै पनि रिसाएका काकाले त्यसलाई आगोमा जलाइदिएको हुनुपर्छ।

## ३

प्रेमचन्दले आफ्नो जीवनलाई 'नीरस र विघ्नै सादा थियो' भनेर दर्शाएका छन्। उनको जीवनमा कुनै उथलपुथल नभएको र असाधारण प्रकारको हुन नपाएको देखिन्छ। उनको जीवन-वृत्तान्तमा आफू एक ठाउँदेखि अर्को ठाउँमा बदली भएर गएको अनि आफ्ना कृतिहरूका प्रकाशन तारीखहरूको नै ज्यादा जसो लेखा गरिएको छ। उनले एकजना मित्रलाई आफ्नो जीवनको झलक यसरी देखाएका छन् :

'जन्म तिथि—सम्वत् १९३७। बुवाको शुभनाम—मुन्शी अजायबलाल। जन्म-घर—मौजा मारह्वान स्थित लमही गाउँ, पाण्डेपुर, वनारस। फारसी भाषा पढ़ाइबाट शिक्षाको शुरू र आठ वर्षसम्म यस भाषामा अध्ययनरत। त्यसपछि अँग्रेजी भाषामा अध्ययन प्रारम्भ। वनारसको एउटा कलेजियट स्कूलबाट ईन्ट्रान्स् परोक्षामा उत्तीर्ण। म पन्ध्र वर्षको उमेरमा हुँदा बुवाको निधन अनि म सात वर्षको हुँदै मुमाको निधन भएको थियो। त्यसपछि मैले शिक्षा विभागमा शिक्षकको सेवा शुरू गरें। १९०१ देखि मेरो साहित्यिक जीवन प्रारम्भ भयो।'

उनले आत्म-कथाको एक टुक्रामा अघि पनि दिए झैं आफ्नो जीवनको झलक यसरी दिएका छन् : 'मेरो जीवन नीरस र विघ्नै सादा छ, जसको फाँटमा ठाउँ-ठाउँ मा भड़खालहरू ह्वाङ्ह्वाङती देखिँदछन्, तर कहीं पनि ढिस्का-ढिस्की, डाँड़ा-पर्वत, वाक्लो रमाइलो हरियाली वन, गहीरो खोल्सा, उपत्यका अथवा भग्नावशेष-हरू देखिन्नन्। अग्ला-अग्ला पहाड़, डाँड़ा-काँड़ा चहारी हिंड़न र घुमिहिंड़न मनपराउने सज्जनहरू मेरो रूखो जीवनको दृश्य देख्दा निराश मात्र हुनेछन्।'

पन्ध्र वर्षको उमेरमा प्रेमचन्द नवम् श्रेणीमा पुगेका थिए। उनी वनारसको 'क्वीन्स् कलेज' मा पढ़दैथिए अनि पढ़ाइ-खर्च महीनावारी पाँच रुपियाँ लाग्थ्यो। उनी घरबाट विहान चना र शक्करको खाजाको पोको लिएर जान्थे अनि दिनभरी स्कूलमा पढ़ेर निकै साँझ हुँदा घर फर्कन्थे। भरे राती उनी मट्टितेलको बत्ती बालेर पढ़ने गर्थे।

पन्ध्र वर्षको कलिलो उमेरमा नै प्रेमचन्दको विहे भयो। उनकी आमापट्टिका साना-बाजेले केटीको प्रबन्ध मिलाइदिएका थिए। कतिवटा कुराहरूबाट थाहा भए-को छ कि प्रेमचन्दले विहे गरेको केटी हेर्नुमा राम्री त थिदैथिइन, झन त्यसमाथि पनि शीलस्वभाव पटक्क नभएकी र बझौटी थिई। त्यसैले गर्दा आफूले सोचेको र कल्पनामा सजाएको सुमधुर प्रेममय जीवन सबै छिन्नभिन्न भयो, चकनाचूर भयो प्रारम्भमै।

यसको केही समयपछि निकै लामो व्यथाले प्रेमचन्दका पिताको निधन भएको

घटनाले उनको दु:खग्रस्त जीवनमा अर्को पीर थपियो । यो कुरो १८९७ सालको हो। प्रेमचन्दको प्रवेशिका परीक्षा आएको थियो। उनी संकटमा परे। उनले वनारसमा एकजना वालकलाई पढ़ाउन थाले। स्कूलको शिक्षा सिद्धचाएपछि पनि उनले त्यस वालकलाई प्रत्येक दिनको साँझ ६ वजेसम्म पढ़ाएर आफ्नो गाउँ लमह्रीमा राती आठ वजेतिर फर्कने गर्थे। यस्तै परिस्थितिहरूको सामना गर्दै पनि प्रेमचन्दले प्रवेशिका परीक्षामा दोस्रो स्थान पाएर उत्तीर्ण भए। 'क्वीन्स् कलेज' मा प्रचलित नियम अनुसार प्रथम स्थान पाएर उत्तीर्ण हुने विद्यार्थीहरूले मात्र अझ उच्च अध्ययनका लागि फीस तिर्नपर्दैनथ्यो। यसो हुँदा प्रेमचन्दले 'सेन्ट्रल हिन्दू कलेज' मा भर्ना हुने इच्छा गरे, तर त्यहाँ पनि अंकगणित विषय पढ़नपर्ने हुनाले उनको भर्नामा वाधा आइपरचो।

भाग्यवश, उनले एकजना एडवोकेट्को छोरालाई पढ़ाउने काम पाए। आफूले कसरी वसेर पढ़ाउनपर्थ्यो, उनले यस्तो वर्णन गरेका छन् :

'पाँच रुपियाँ तलब पाउँथें। यसवाट दुइ रुपियाँ आफ्नै लागि खर्च राख्ने र बाँकी तीन रुपियाँ घर पठाउने विचार गरें। एडवोकेट्को घोड़ाको अस्तवलमाथि माटोले वनिएको सानो कोठा थियो र मेरो वस्ने ठाउँ त्यही भयो। मैले कोठामा एउटा वोरा ओछ्याएँ अनि वजारवाट एउटा धिब्री किनेर ल्याएँ र यसरी शहरिया जीवन शुरू गरें। मैले घरबाट एक दुइवटा भाँड़ा-वर्तन र ताइ पनि लिएर आएँ। विहान खिचड़ी पकाउनेगर्थे अनि भरे भाँडा-वर्तन धोइ-पखालिसकेपछि पुस्तकालयमा जान्थें। गणित सिक्नु जाँदैछु भन्ने त निहुँ मात्र थियो। वास्तवमा म उपन्यास पढ़न जान्थें।'

यस्तो दशामा वस्दा प्रेमचन्दलाई ऋण लाग्यो । उनले एकजना किताब दोकानेलाई एक रुपियाँमा आफ्नो एउटा किताब वेचे। त्यस समयमा चुनार भन्ने ठाउँमा भएको धर्म-प्रचारकहरूको स्कूलका प्रधान शिक्षकले प्रेमचन्दलाई शिक्षकको काम गराउनलाई वोल-विन्ती गरे। उनले आफ्नो स्कूलका लागि एकजना शिक्षककै खोजी गर्दैथिए र प्रेमचन्दलाई महीनावारी अठार रुपियाँ तलबमा काममा लगाए। यो १८९९ साल थियो।

प्रेमचन्दको जीवन-यात्रा शिक्षकको रूपमा यसरी प्रारम्भ भयो। उनी चुनारमा धेर समयसम्म बसेनन्। १९०० मा उनले बह्राइचको गभर्न्मेन्ट डिस्ट्रीक्ट स्कूलमा एकजना सहायक शिक्षकको काम पाए। यो सरकारी सेवा थियो अनि महीनावारी बीस रुपियाँ मिल्ने गजबकै तलब थियो। केही महीनापछि उनलाई प्रतापगढ़मा बदली गराइए अनि फेरि त्यहाँवाट इलाहाबादमा शिक्षकको तालीम लिन पठाइए। तालीम सकेपछि प्रेमचन्दलाई इलाहावाद मोडेल स्कूलका प्रधान शिक्षकको स्थानमा नियुक्त गरियो। फेरि लगत्तै त्यहाँबाट पनि कानपुर स्थित सरकारी स्कूलमा पठाइए। यी वर्षहरूमा प्रेमचन्दलाई साहित्यिक क्षेत्रमा पनि

धेरै सिक्ने र जान्ने अवसर मिल्यो । कानपुरमा वस्दा 'जमाना' पत्रिकाका सम्पादक मुन्शी दयानारायण निगमसित प्रेमचन्दको आत्मीय सम्वन्ध रहनगयो अनि पछि उनी आजीवन मित्र पनि भए ।

अक्टूवर १९०३ देखि फरवरी १९०५ सम्म प्रेमचन्दको प्रथम उपन्यास 'आसरारे-मवीद' (मन्दिरको रहस्य) बनारसबाट निस्कने साप्ताहिक उर्दू पत्रिका 'आवाजे खल्क' मा धारावाहिक रूपमा छापियो । पुरोहित र महन्तहरूका दुष्टताको चित्रण यस उपन्यासमा चहलपहल छ । उपन्यासमा यशोदानन्द एकजना साह्रै भ्रष्टाचारी र व्यभिचारी पण्डा हुन्छ । उ वेश्याहरूसित विथोलिन्छ अनि उसको मन्दिरमा पूजा गर्न आउने निर्दोष नारीहरूको सतीत्वमा आघात गर्छ । उपन्यासका प्रमुख पात्र-पात्रीहरूमा यशोदानन्द,जो पण्डा हुन्छ, अनि वेश्या वीवीजान र त्यस पण्डाद्वारा वलात्कार गरिएकी रामकली नामकी युवा स्त्री छन् ।

उपन्यासभित्र कथाको वुनाइ खुकुलो छ, वर्णन शैलीमा यथार्थताभन्दा वेसी रङ्ग लाइएको छ र यसलाई यथार्थवादीभन्दा प्रकृतिवादी ढाँचामा ज्यादातर उतारिएको छ । उपन्यासमा जीवनको एउटा पक्षलाई फर्काइ-मर्काइ गरिएको छ अनि सकेसम्म विकृत रूपमा नंग्याइएको छ । यथार्थता त योभन्दा वेग्लै तर अझ कठोर र रुखो छ । यथार्थ जीवनको खास नमूना उपन्यासमा उतारिएको छैन । मानवीय स्वभाव र यसको चित्रण गर्नुभन्दा हल्का हास्यास्पद व्यंग्यचित्रण दर्शाउनुमा यसको अन्तर्मुखी अभिप्राय देखिन्छ । पात्र-पात्रीहरू सद्चरित्र र दुश्चरित्रका अनुरूपमा चित्रित छन् । उपन्यासमा रामकलीका लोग्ने मात्र शिष्ट र भद्र छन्, तर उनलाई जोसुकैले ठगेको छ, धोखा दिएको छ । दुलारी एक सद्गुणवती र असल केटी छे अनि रामकलीको वहकाइ र फुस्ल्याइको जालमा पर्दिन, तर उसको विषयमा अलिक मात्र वर्णन छ ।

प्रेमचन्दको यो कृतिमा परिपक्वता छैन, किनभने साहित्यिक संसारमा यो उनको प्रथम रचना थियो । यसमा यौवन छछल्कँदोछ अनि जीवनलाई यसको यथार्थ रूपमा फोस्रो र उराठलाग्दो देख्नुको सट्टा निख्खुर सेतो वा कालो रङ्गमा हेरेर चित्रित गरिएको छ ।

१९०७ मा 'हमखूर्म-ओ-हमसवव्' शीर्षक वोकेको प्रेमचन्दको अर्को उपन्यास इलाहाबादको 'ईण्डियन प्रेस' बाट 'प्रेमा' नाम लिएर हिन्दीमा निस्क्यो । एक प्रति उपन्यासको दाम दश आना मात्र थियो । 'दो सखियों का विवाद' यस उपन्यासको उप-नाम छ । बाबू नवावराय वनारसी भन्ने लेखकको नाममा उपन्यास छापिएको थियो । पहिलो उपन्यासमा भन्दा यसमा कलात्मकताको धेरै परिपक्वता छ । उपन्यासका नायक अमृतरायले आफ्नी राम्री प्रेयसी प्रेमालाई छोड़ेर पूर्णा नाम भएकी तरुणी विधवासित विहे गर्छन् जब प्रेमासित धन-दौलत पूरा हुन्छ । यसो गर्दा उनले सामाजिक सुधार विरोधी तत्वहरूको सामना गर्नपर्छ र आखिरमा उनैको जीत

हुन्छ। यसरी उपन्यासले कट्टरवादीहरूको मखुण्डा लाउने सामाजिक रूढ़ि र विरोधी तत्वहरूको विरुद्धमा प्रेमचन्दद्वारा शुरू गरेको युद्धको उद्घोषणा गर्दछ अनि उनले साहित्यिक ताकतले ती सामाजिक दुराचारीहरूमाथि धावा गरेको प्रमाण दिदछ।

रचनाभित्र धेरै तरहले उनी भविष्यमा एक उज्ज्वल र महान साहित्यिक स्तरमा पुग्ने लक्षणहरू देखिन्छन् तापनि उपन्यासमा यौवन अनुरागको ओतप्रोत छ, तर यसमा कलात्मक नियन्त्रण छैन जुन विना चाहिँ रचनात्मक परिपक्वता आउन सक्तैन। उपन्यासका नायक-नायिकाहरू सरल छन्, दुर्गुण र सद्गुणका प्रतिरूप छन्, तर वुझ्न नसकिने र जटिल स्वभाव भएका मानवहरूका रूपमा, जसमा बल-शक्ति र कमजोरी यी गुणहरू मिश्रित र निहित हुन्छन्, यस्ता यथार्थ मानव चरित्रहरू उपन्यासमा छैनन्।

१९०७मा प्रेमचन्दको 'किसन' नामक उपन्यासलाई सर्वप्रथम विज्ञापन दिइयो अनि 'जमाना' पत्रिकामा त्यही साल यसको समीक्षा गरियो। १४२ पृष्ठ भएको यो एउटा कृति थियो, तर यसको एक प्रति पनि अहिले पाइन्न। यसमा स्त्री जातिले गर गहनामा मोह र दिलचस्पी लिएको कुरोको व्यंग्य गरिएको छ अनि प्रेमचन्दको पछिको उपन्यास 'गबन' (रुपियाँ-पैसाको हिनामिना) यसैबाट प्रभावित भएको जस्तो लाग्छ।

कानपुरमा रहँदा प्रेमचन्द वेहद खुशी थिए, किनकि 'जमाना' पत्रिकाको कार्यालयको रमझम साहित्यिक वातावरणमा उनले चैन र पूरा आनन्द पाउँदथे। मुन्शी दयानारायण निगमसित उनको मित्रता छिटै गहिरियो। गर्मीको विदामा आफ्नो गाउँ लमहीमा आउँदा कानपुरको त्यो साहित्यिक वातावरणदेखि छुटिन-परयो र उनलाई अति दुःख लाग्यो। प्रेमचन्दले लमहीबाट निगमलाई लेखेको चिट्ठीमा घरमा उनले कुनै पनि साहित्यिक कृति लेख्न गर्मीले गर्दा नसकेकोमा कड़ा गर्मीको छटपटाहट विषय यसरी दुःखको कुरो पोखाए :

'गर्मी भनिनसक्नु छ। म एउटा घर पाउनेवाला छु र साँच्चै भन्दैछु कि सबै गाँउलेहरूले त्यो घरको कुरोमा ईर्ष्या गर्छन्। तर यहाँ यसो आरामसित बस्नलाई जग्गा वा कमरा नै छैन। घरको एक तलामाथि नै गर्मी आगो झैं वर्षन्छ। तलामा चढ़दा नचढ़दै म शिरदेखि पाउसम्म पसिनै पसिनाले निथ्रुक्क हुन्छु। भूइँतला किचमिच र कसिङ्गरले पूरा छ। वड़ो दुःख र झिझ्याटलाग्दो छ। एउटा कोठामा गोरुहरू बाँधिएका छन्, अर्कोमा गोवरका डल्ला-डल्ली थुपारिएका छन्; यतातिर अन्न थुपारिएको छ, उतातिर पिध्ने जाँतो र ढिकी राखिएको छ। यसो बस्ने वा सुत्ने सानो ठाउँ धरि छैन। साह्रै दुःख भयो र मैले ढिकुटीमा नै एउटा सुत्ने ठाउँ बनाएको छु। दिन रात म त्यहीं लड़िरहन्छु। म एक्लै बाहिरतिर हिंड़डुल गर्न मन-लाग्दैन। केटाकेटीहरू केही दिन अघिसम्म यहाँ थिए, अहिले श्रीमतीले 'बस्ती'मा

लिएर गएकी छ र त्यहाँबाट उनीहरू छिटै फर्केर आउने हुन् कि। यस्तो गर्मीमा केही लेख्नु वा पढ्नुको त कुरै छैन। विहान म कोई किताबका पानाहरू यसो एक घण्टासम्म पल्टाएर पढ्छु र अरु बेला चाहिं विस्तरामा लड्रिहन्छु। म धेर जसो सुत्ने गर्छु, तर निद्रा पनि हतपत आउने होइन। कतिवटा कठिनाइ र समस्याहरू संझिवस्छु। कानपुरमा त कस्तो ठट्टा, हँसेउली र रमाइलोसित दिन बित्थ्यो। यहाँ म पूरा लाटा र अबोला हुनपरेको छ। यो गर्मीको छुट्टी छिटै सकियोस् भनेर चाहना गरिवस्छु ताकि उता फेरि हामी साथी-संगीहरू भेला भएर आनन्द र रंग-रसमा डुबिरहौं। म यहाँ आएको पनि बीस दिनभन्दा नाघ्दैछ, तर 'वम्बूक' शब्द जस्तो एउटै मीठो वचन पनि मैले मुखबाट निकालेको छैनँ।'

प्रेमचन्दको पहिलो वैवाहिक जीवन पूरै असफल भयो। त्यसै गर्मीको विदा अवधिभित्रै उनकी पत्नीले झुण्डिएर आत्म-हत्या गर्ने कोशिश गरी। उनले निगम-लाई एउटा पत्रमा यही काण्ड बारे पनि लेखे :

'भाइ, म आफ्नो दर्द र पीर कसको अघि पोखाऊँ र? म एकलैले कति सहनु! जव घरभित्र झगड़ाको आगो दन्कन थालेपछि मैले बढ़ो मुश्किलले दुइ हप्ता विताउनपर्‍यो। घरका औरतहरू एकार्कामाथि थुक्छन् सराप्छन्। रीसको झोंकमा मेरी श्रीमतीले झुण्डिएर मर्ने कोशिश गरी। मध्य राततिर आमालाई केही कुराको शंका भयो र बुहारीलाई निकालिदिइन्। यो काण्ड मैले विहान मात्र चाल पाएँ अनि मलाई रिस उठ्यो र श्रीमतीलाई साफसित हपारें। तव मेरी श्रीमतीले उसका पिताको घरमा नै पठाइमाग्दैथिई, उसले अव उसो यहाँ वस्न मान्दैमानेकी थिइन। मेरोमा पैसा थिएन। मैले आफ्नो वारीबाट केही जुटाउनसकें अनि उसलाई पठाउने वन्दोवस्त मिलाएँ। उ खूब रोई चिच्याई अनि त्यसपछि उसले घर छोड़ी। मैले उसलाई साथ दिइनँ। उसले घर छोड़ेर गएको पनि अव आठ दिन हुँदैछ। यति दिनसम्म उसकोबाट न खवर छ, न चिट्ठी-चपेटा नै छ। म उसित खुशी थिइनँ र अव उसलाई हेर्न चाहँदिनँ पनि। यो नै अन्तिम विदाइ होला। होस् पनि यस्तै। म श्रीमती बिना नै वसुँला के।'

एउटा अचम्भको कुरो के छ भने प्रेमचन्दसित पहिला बिहे भएकी पत्नी अनि उसंग विहे भएको विषय कुराहरू थोरै नै पाइन्छन। यस सम्वन्धमा उनले विरलै कुरा गर्थे र अरुले पनि खोजी-निधो गरेनन्। यसकारण, जो जति घटनाहरू र परिस्थितिहरू सबै रहस्यभित्रै विलुप्त भए। पहिलाकी पत्नी हेर्नुमा राम्री त थिइन नै, फेरि त्यहीमाथि पनि बझौटी स्वभावकी र अप्ठ्यारो खालकी थिई। भारत देशमा कसैको बिहे भएपछि यसरी लोग्ने र स्वास्नीको छुटानाम हुनको कारण यति मात्र होइन। उसो त प्रेमचन्द आफै नै अति सहनशील र दुःख-पीर खप्नसक्ने क्षमता भएका व्यक्ति थिए। सबै कुराहरू बुझिल्याउँदा आफ्नो दोस्रो विवाहित जीवनमा पनि उनले बराबर धैर्य्यधारण गर्दैआएको देखिन्छ। तर, भाग्यले गर्दा

उनको दोस्रो विवाह बड़ी आनन्दमय ठह्रियो। पहिलाकी पत्नीको रह्ल जीवनकाल र अन्त के र कस्तो प्रकारको भयो, यस विषय हामीलाई राम्रो थाहा छैन। हामी-लाई यति मात्र जानकारी छ कि प्रेमचन्दको दोस्रो विवाह भएपछि पनि उनकी ज्येठी पत्नी केही वर्षसम्म बाँची अनि उसलाई फेरि घरमा लिएर आउने कुरा बेला बखत् निस्कन्थ्यो पनि। प्रेमचन्दले दोस्रो बिहे गरेको शिवरानी देवीले यसरी बताए-की छिन् कि आफ्ना पतिले ज्येठी श्रीमतीलाई फेरि घरमा लिएर आउने इच्छा उनले नै गरेकी थिइन्, तर पतिले मानेनन्।

## ४

प्रेमचन्द गोरो रङ्ग र डालिलो जीव भएका एक सुन्दर व्यक्ति थिए। उनले गतिलो जुँगा पाल्ने गर्थे, जुँगा खैरो रंगको थियो। सबैतिरबाट हेर्दा उनी एक सरल र निष्कपट व्यक्ति थिए तापनि उनले शिरमा फेटा गुँथ्दा 'राजकुमार' जस्ता देखिन्थे। जब मानिसहरू पहिलोपल्ट उनलाई भेट्थे, प्रेमचन्द उनी नै हुन् भनेर चिन्न पाउँदा अवाक हुन्थे। उनीहरू प्रेमचन्दको घरमा आएर कहाँ छन् भनी भेट्न चाहन्थे। उनीहरूले त प्रेमचन्दलाई भारत माताका एकजना सीधा-सादा र सरल पुत्रको व्यक्तित्वमा होइन, तर एकजना गम्भीर र प्रतापी व्यक्तिको प्रतिरूपमा पो होलान् भनेर आशा राखेका हुन्थे। कुनै महान् लेखक त रवीन्द्रनाथ ठाकुरको जस्तो व्यक्तित्व भएको पो हुन्छ भन्ने धारणा उनीहरूले साँच्दथे। यस्तो धारणा बोक्ने मानिसहरू प्रेमचन्दसित अचानक पहिलोपल्ट भेट हुँदा निराश हुन्थे। तर उनमा व्याप्त रहेको आन्तरिक सद्भावना, सुशील र महानता, उनमा निहित चोखो सरलता, जीवनप्रतिको उनको गम्भीर सोच-विचार अनि उनीबाट जोरसित निस्केको हाँसोको फोहराले बिस्तारै उनीहरू प्रेमचन्दको उज्यालो व्यक्तित्वमा समेटिएर खुलासित आनन्दित हुन्थे। उनको व्यक्तित्वमा गौरव र प्रतापको आभास थिएन, जुन गुण नै महान् व्यक्तिहरूसित हुन्छ भनेर ती भेटन आउने मानिसहरूले सोच्दथे। उनी यस धरतीका सुपुत्र अनि आफ्नो शारीरिक बनावट र मानसिक देनले गर्दा एक साँचो भारतीय कृषक थिए।

उनलाई भेटन बित्तिकै आफूले मनपराइहालिन्थ्यो। तर कट्टरवादी र पुरानै विचार भएकाहरू उनलाई देखिसहँदैनथिए। उनको स्वभाव र सोचाइमा कुनै सम्प्रदाय वा जातिप्रतिको पक्षपाती भावनाको छिटासम्म थिएन। उनी मौलिक

सुधारवादी भाव-विचार भएका व्यक्ति थिए। उनले आफ्ना रचनाहरूमा कहीँ कतै नजोगाइकन समाजका त्यस्ता सुधारविरोधीहरूमाथि आक्रमण गरे। कुरैकुरामा उनी अलिकति खुशी भए सवैलाई चकित पार्ने हृदयबाटै हाँसो फुटाएर हाँसेको हाँसेकै गर्थे अनि वातावरण गर्जित भइरहन्थ्यो। पिताको यही सरस गुण उनका दुइ छोराहरूले पनि पाइआएका थिए।

प्रेमचन्दले पहिला बिहे गरेको पत्नी न रूपमा होस् न गुणमा, उनी वरावर थिदैथिइन। उनीहरूको वैवाहिक जीवन छिन्नभिन्न भयो, जो उनकी पत्नीका लागि दुःखान्त घटना र रहल जीवनभर एक महा सराप समान भयो। यसका लागि सम्पूर्ण दोष भारतको विहे-प्रथामाथि खन्याइन्छ, किनभने यस प्रथाले मानिसको वैवाहिक जीवनलाई वास्ता गर्दैन, वरू खेल ठान्छ। धेर जसो वैवाहिक सम्वन्धहरू चिप्ले र दुष्ट मानिसहरूले मिलाएका देखिन्छन्, जसले नव-विवाहित युवा-युवतीको सुख र आनन्दभन्दा आफूले पाउने फायदाको नै ख्याल र सोच राखेका हुन्छन्। शरतचन्द्रको एउटा उपन्यासमा चिहानमा पस्ने वेला भइसकेको एकजना बूढ़ो ब्राह्मणले भर्खरका केटीहरूलाई विहे गर्छ जसमाकि ती दूलही हुनेहरूका आमा-बावुहरूले स्वर्गमा सजिलै ठाउँ पाउनेछन् भन्ने कथा छ। उसले विहे गरेर राखेका पत्नीहरूकहाँ उ सालमा एकपल्ट जानेगर्छ अनि भेटी-उपहारको भारी लिएर घर फर्कने-गर्छ। पछि उ साह्रै बूढ़ो भइसकेपछि त्यसरी हिंड़न सक्तैन, तर अति लोभी भएकोले त्यसले उसको प्रतिनिधि भएर काम गरिदिन अनि दामी उपहारहरू जम्मा गरेर ल्याउन भनी सानो जातको उसको चिप्ले मान्छे पठाउँछ। यो कस्तो अचम्भको पेशा हो, जो कट्टरवादी मान्छेहरू बसेको यही पवित्र भूमिमा मौलेर वढ़ेर जानपर्ने!

प्रेमचन्दले दोस्रो बिहे एकजना विधवासंग गर्ने फैसला गरे। यो विचार उनको उच्च आदर्श र महानताको उपयुक्त थियो। शिवरानीको वाल्यावस्थामा विहे भएर विधवा रहेकी थिइन्। उनका पिता फतेहपुर नजीकमा वस्ने एकजना साहसी जमीनदार थिए र उनले पनि विधवा-छोरीको फेरि कसैसंग विवाह गरिदिने तीव्र इच्छा गरेका थिए। १९०६ सालतिर यस्तो संकल्प गर्नु वड़ो साहसपूर्णको विचार थियो अनि जब त्यही वेला यसरी प्रेमचन्दको दोस्रो बिहे भयो।

'प्रेमचन्द : घर में' शीर्षक दिएर शिवरानीले लेखेको पुस्तकमा उनले प्रेमचन्दको घरेलु जीवन विषय यसरी वर्णन गरेकी छिन्। अघि आफ्ना वुवालाई जस्तै उहाँलाई पनि रगतमासीले सताइरह्यो अनि पेटको व्यथाले कष्ट-पीर दिइरह्यो। उहाँ एक सरल आदर्शवादी व्यक्ति हुनुहुन्थ्यो अनि मानवतामाथि गहीरो विश्वास राख्नुहुन्थ्यो। उहाँले मानिसहरूमाथि विश्वास गर्नुहुन्थ्यो, तर उहाँको विश्वासको सधैं घात हुन्थ्यो। उहाँले मानिसहरूलाई पैसा चलाउन सापट दिनुहुन्थ्यो, तर उनीहरूले लिएको सापट कहिल्यै फर्काएनन्। शिवरानीले संसारका व्यवहारिक कुराहरू प्रेमचन्दले भन्दा केही वेसी वुझेकीले यस्तो दया गर्ने काम विषय घरि घरि संझाउने

बुझाउने गर्थिन्, तर उनका पतिदेवले दया-कृपा नगरी सक्तैनथे। एकजना साहित्यिक ठगले प्रेमचन्दलाई कसरी ठग्यो, त्यो कुरो उनले 'धपोरशंख' नामक रचनामा प्रकट गरेका छन्। प्रेमचन्दले सौतेनी आमापट्टिको भाइ महताबरायलाई केही प्रकारको काममा लाइदिने मनसाय लिएर एउटा मुद्रणालय किन्ने विचार गर्दैथिए। तर शिवरानीले चाहिं उनी दुइको ज्येठो छोरो श्रीपतको नाममा छापाखाना किनिनपर्छ भनेर सल्लाह दिइन्। यसले गर्दा प्रेमचन्द र उनको भाइ बीच गहीरो मतभेद भयो। सबैकुरा यसो बुझ्दा त्यस परिवारमा हुकडक चलाउने मान्छे शिवरानी प्रेमचन्द नै थिइन् भन्ने देखापर्छ।

मई १९०५ देखि जून १९०९ सम्म प्रेमचन्द कानपुरमा बसे। यस अवधिभित्र उनले तिनताकका राजनीतिक स्थितिहरूमा ठूलो चाख लिए अनि 'जमाना' पत्रिकामा छाप्नलाई लेखहरू पठाइरहे। उनी पहिला गोखलेका अनुयायी भएर राजनीतिपट्टि लागेका थिए, तर फेरि छिट्टै नै तिलकको विचार-दृष्टिकोणतर्फ बग्नलागे। दयानारायण निगम एक शान्तचित्त उदारवादी राजनीतिक दृष्टिकोण भएका व्यक्ति थिए भने प्रेमचन्द एकजना उग्रवादी विचार भएका व्यक्ति थिए। जे भए तापनि ती दुइजना बीचको मित्रता दृढ़ रूपमा कायम भइरह्यो। प्रेमचन्दको विचार र दृष्टिकोण वारे निगमले आफ्नो मत यस प्रकार व्यक्त गरेका छन् :

'प्रेमचन्दको राजनीतिक भाव-दृष्टिकोण उग्रवादी गूटतर्फ ढल्केको थियो। हामी दुइ संगै अहमदावाद कांग्रेसको अधिवेशनमा उपस्थित भयौं अनि एकै ठाउँमा वस्यौं। तर उनले तिलकको पक्ष लिए, म चाहिं गोखले र सर् फिरोज शाहपट्टि थिएँ। सधैं हामी दुइजना कड़ा वहस गर्थ्यौं, तापनि आ-आफ्नो पक्षवाट डेग चल्दैनथ्यौं। सानोतिनो सुधारहरू भएर हुँदैन भन्ने उनको धारणा थियो र यस उसले मिण्टो-मोर्ले अथवा मण्टेग्यू-केलम्स्फोर्डका सुधार ल्याउने उपायहरू जस्ताले उनलाई विश्वास पटक्क दिलाएनन्।'

निगमले यस सम्बन्धमा प्रेमचन्दको विचार-दर्शनमाथि यस्तो टिप्पणी गर्छन् :

'यस्तो होंचो र अग्लोको लड़ाईंमा सम्झौता होला भन्ने आशामाथि प्रेमचन्दको शंका थियो। डरलाग्दो संग्राम नगरिकन कुनै कुरो पाउनै सकिन्न भनेर उनले दृढ़ विचार गर्थे अनि यस्तै संग्रामका लागि उनले जनसाधारणलाई छिट्टै तयार पार्ने गहीरो सोच-विचार गर्थे। सरकारसंग वरावर नलड़ी केही हुनै सक्तैन भन्ने विचारले उनको हृदयमा भुँवरी चलाउँथ्यो।'

शिवरानीले प्रकट गरे अनुसार कानपुरमा प्रेमचन्दको दैनिक जीवनको झलक यस्तो प्रकारको पाइन्छ : 'उहाँ प्रातः चार वजे घड़ीमा ब्युँझनुहुन्थ्यो अनि चुरोट तानेपछि नुहाउने कोठामा जानुहुन्थ्यो। नुहाइ-धुवाइ गरेपछि उहाँले बिहानको चिया-खाजा जे जस्तो हुन्थ्यो, त्यस्तै लिनुहुन्थ्यो। त्यसपछि उहाँले लेखेको लेखेकै गर्नुहुन्थ्यो। सूरो सिपालु श्रमिकको कोदालो चलेको जस्तै उहाँको लेखनी वेगवान्

हुन्थ्यो। साँझदेखि निगम र उहाँका अरु साथीहरूसित बैठक जमेर बहसहरू चल्थ्यो। कमरामा भरे राती ढीलो फर्कनुहुन्थ्यो।'

१९०७ सालमा प्रेमचन्दको सबैभन्दा पहिलो लघु कथा 'दुनियाँ का सबसे अनमोल रतन' छापियो। 'अरवीयन् नाइट्स्' को कथा जस्तै प्रेमचन्दको यो कथा पनि पौराणिक ढाँचाको थियो, तर उनको यस कथामा नैतिक पाठ थियो। उनका अघिल्ला कथाहरूको उद्देश्य पनि नैतिक शिक्षा नै हुन्थ्यो, तर तिनीहरूमा ज्यादा सामाजिक महत्वका कुराहरू पनि थिए। प्रेमचन्दका ती कथाहरूलाई बाहिरबाट हेर्दा 'एसप' का नीतिकथाहरू र 'हितोपदेश' अथवा 'पञ्चतन्त्र' का कथाहरूको ढाँचामा देखिन्छ।

उनले आफ्नो पहिलो कथामा यो प्रश्न खड़ा गरिदिएका छन् कि संसारमा सबै-भन्दा बहुमूल्य चीज के छ!—त्यस पिताको तातो आँसु होइन जसको पुत्रलाई फाँसी दिइएको छ, न त कुनै पतिभक्त पत्नीको चिसो खरानी नै हो, जसले आफ्ना पतिको शव जल्दैगरेको चितामाथि हाम फालेकी हुन्छे, तर····'आफ्नो देशको स्वतन्त्रताका लागि रगतको अन्तिम थोपा चुहाउनु नै सबैभन्दा बहुमूल्य चीज हो।'

अगस्त १९०८ मा 'जमाना' पत्रिकामा प्रेमचन्दका लघु कथाहरू (सोजे वतन) प्रथम संग्रहको विज्ञापन गराइयो। यस संग्रहमा पाँचवटा स्वदेशभक्ति-भाव जनित कथाहरू छन्। कानपुरमा हुँदा प्रेमचन्दले समकालीन राजनीतिक स्थिति विषय लिएर पनि प्रचुर मात्रामा लेख्नेगर्थे। यस बाहेक उनले माज्जिनीमाथि उनको जीवनलाई लिएर एउटा व्यंग्यात्मक लेख लेखे, गेरिबल्दीको जीवन-कहानीको एउटा संक्षिप्त रचना लेखे अनि स्वामी विवेकानन्दमाथि प्रशंसात्मक कथा लेखे।

जून १९०९ मा प्रेमचन्दलाई महोबामा 'सब्-डिप्यूटी ईन्स्पेक्टर अफ् स्कूल्स्' को दर्जामा पदोन्नति गराएर पठाइए। यसका लागि महीनावारी तलब पचास रुपियाँ थियो। अब सरकारले रीस चाहिं प्रेमचन्दको लघु कथा संग्रह 'सोजे वतन' ले गर्दा उनीमाथि खन्याउनलाग्यो। नवाबराय भन्ने नाम त त्यो सरकारी सेवा गर्ने धनपतरायको खास नाम भएको व्यक्तिको कल्पित नाम पो रहेछ भनेर सरकारले थाहा पायो। डिस्ट्रीक्ट म्याजिष्ट्रेटले प्रेमचन्दमाथि आगोको भुन्रो खन्यायो जब उसले 'सोजे वतन' का भएभरका सबै प्रतिहरूमाथि सरकारी हड़प गर्ने हुकूम दियो। उप्रान्त, सरकारी अधिकारीहरूको आज्ञा विना प्रेमचन्दले अरु केही लेख्न नपाउने आदेश पाए। नवाबरायको कल्पित नाम अब काम नलाग्ने भयो। यस्तो परिस्थितिको अड़चनमा पर्दा लेखकले आफ्नो लागि प्रेमचन्द भन्ने नयाँ कल्पित नाम धारण गरे र अहिले भारतीय साहित्यका सबै पाठकहरूले उनलाई यही नामले चिन्दछन्। निगमले नै यो नयाँ कल्पित नाम राख्ने सल्लाह दिएका थिए अनि प्रेम-चन्दले पनि खुशीसाथ ग्रहण गरे।

डिस्ट्रीक्ट म्याजिष्ट्रेटसित प्रेमचन्दको भेट र वार्ता भएको कुरोलाई उनले

आफ्नै शब्दहरूमा यसरी प्रकट गरेका छन् :

'यो एक रातको कुरो हो, म आफ्नै डेरामा बसिरहेको वेला डिस्ट्रीक्ट म्याजिष्ट्रेटबाट मैले एउटा चिट्ठी पाएँ, जसमा मैले उसलाई झट्टै भेट्नपर्ने आदेश लेखिएको थियो। ठण्डा महीना थियो । म्याजिष्ट्रेट भ्रमण गर्दैरहेछ। मैले पनि आफ्नो हल गोरुलाई गोरु-गाड़ाको जुवामा बाँधर त्यस रातभरी एकोहोरो तीस-चालीस माइलको यात्रा गरी भोलिपल्ट उसलाई भेटन पुगें। साहेबको सामने अघाड़िपट्टि 'सोजे वतन' को एक प्रति लड़िरहेको थियो र त्यो देख्दा म फिक्रीमा परें। त्यस वेला मैले नवाबरायको कल्पित नाम दिएर लेख्नेगर्थें। गुप्तचरहरूले यस कथा संग्रहको खास लेखकको खोजी गर्दैगरेको खवर मैले पाइसकेको थिएँ। आखिरमा तिनीहरूले मेरो पत्तो लाएछन् र आफ्नो तर्फबाट मैले वयान दिनपर्ने हुनाले बोलावट गरिएको रहेछ भनेर बुझें। साहेवको सामने उभिएपछि उसले मलाई प्रश्न गऱ्यो :

"यो किताब तिमीले नै लेखेको हो ?"

"हो", भनेर मैले जवाब दिएँ।

'उसले मलाई सबै कथाहरूको एक एक गरेर सारांश दिनपर्ने हुकूम छाँट्यो। मैले त्यसो गरेपछि अन्त्यमा उ रीसले गर्जनलाग्यो : "तिम्रा सबै कथाहरू राजद्रोही भावले भरिएका छन् । वेलायत सरकारको अनुग्रहमा बाँच्न पाएकोमा तिमीले आफ्नो ग्रह-नक्षत्रलाई धन्यवाद पो देऊ। यदि मुगल शासन अहिले भए तिम्रो दुवै हात काटेर फ्याँकिनेथियो। तिम्रो प्रत्येक कथा एक पाखे छ र तिमीले वेलायत सरकारको अपमान गरेका छौ।......।" '

जब प्रेमचन्दले महोबामा जानलाई कानपुर छोड़नलागेका थिए, इलाहाबादको 'ईण्डियन प्रेस' का मालिक चिन्तामणि घोषले आफ्नो मुद्रणालयबाट एउटा उर्दू पत्रिका निकाल्ने अनि यसको सम्पादन भार उनले लिइदिऊन् भनेर सुझाव राखे। प्रेमचन्दले पनि घोषसित भेटे अनि पत्रिकाको नाम के राख्ने भन्ने विषयमा दुइजना बीच बहस भयो। प्रेमचन्दले 'फिरदौस्' भनेर पत्रिकाको नाम राख्ने सल्लाह दिए, तर यसो गर्दा अथवा पत्रिकाको सम्पादक हुँदामा सरकारी कामबाट हात धुनपर्ने देखिनाले उनी द्विविधामा परे। आखिरमा प्यारेलाल शाकीरको सम्पादनमा 'आदीब' को नाम लिएर पत्रिका छापियो। एउटा छक्कपर्दो कुरो यो छ कि प्रेमचन्दले सरकारी नोकरीबाट कति-कति विघ्न-बाधाको सामना गर्दै र पीर-वेदना खप्दैजाँदा सरकारी कामलाई झण्डै-झण्डै त्याग गर्न आँटेका हुन्थे, तर फेरि आखिरमा के गरुँ कसो गरुँ भनेर द्विविधामा अल्झन्थे। 'जमाना' पत्रिकाको सम्वन्धमा पनि यस्तै भएको थियो। कानपुरमा बस्न र 'जमाना' लाई चलाउनका लागि उनलाई केही आर्थिक भरणको तोक मात्र गरिदिए उनले त्यसो गर्न चाहिं चाहेका थिए, तर आखिरको घड़ीमा दोमनमा परे अनि त्यो विचार छोड़िदिए। त्यस्तै प्रकारले,

Indian ... Study
116988
8/12/04

मारवाड़ी स्कूलमा सहायक शिक्षकको काम पनि उनले अस्वीकार गरे। प्रधान शिक्षकको काम हो भने स्वीकार गर्ने, अरु भए नगर्ने विचार उनले निगमलाई लेखेको पत्रमा जाहेर गरे।

## ५

प्रेमचन्दले पेटलाई भूइँमा मिचेर दुइ खुट्टालाई माथि आकाशपट्टि उल्टा फर्काएर हल्लाउँदै पुस्तकहरू लेख्थे। उनको लेख्ने पारा विषय प्यारेलाल शाकीरले यस प्रकार बताउँछन् :

'एक दिन म मुन्शी प्रेमचन्दको घर छेव भएर जाँदैथिएँ। मैले उनीसित भेटने विचार गरें किनकि म त्यहीं छेव पुगिसकेको थिएँ। जब म उनको घरभित्र पसें, उनी बड़ो गौरवसाथ एउटा तख्तामाथि लड़िरहेको पाएँ। उनी पेट मिचेर त्यसको भरमा लड़िरहेका थिए अनि पछाड़िपट्टि उनले दुइ पाउलाई घुँड़ादेखि उठाएर आकाशतर्फ फर्काइरहेका थिए। उनको सामने एउटा हिन्दी किताब खुला राखिएको थियो। यस्तो अवस्थामा उनको कलम तेज गतिमा दौड़िरहेको थियो अनि दुइ पाउ पनि संगसंगै आकाशतर्फ हल्लिरहेको थियो अनि यो बराबर गतिमा थियो। उनले कुनै पुस्तकमाथि समालोचना लेख्दै होलान् भनेर सोचें। उनको अघि पुगेर मैले सोधिहालें, "तपाईंले कसकोमाथि समालोचना लेख्नुहुँदैछ ?" उनले हाँस्दै उत्तर दिए, "मैले कसैमाथि पनि समालोचना गरिरहेको छैनँ, तर एकजना 'रूठी रानी' लाई पो मनाउँदैछु।" '

उनी एउटा हिन्दी लघु-उपन्यास 'रूठी रानी' (नाराज रानी) लाई उर्दू भाषामा अनुवाद गर्दैथिए। राजपूत वंशको साहस, षड़यन्त्र अनि पथभ्रष्टता, एकजना साहसी राजपूत रानी र एकजना मूर्ख र लम्पट राजाको यो एउटा कथा हो—राजपूत वंशको विच्छेदन र पतन अनि नारी वीरताको कथा हो यो।

प्रेमचन्दको कल्पित नाममा लेखक भएर निस्केको पहिलो कथा 'बड़े घर की बेटी' हो। कथाहरू लेख्नेगरेको प्रथम क्रममा उनले अद्भुत र चमत्कारका विषय-वस्तु लिएर लेख्थे। अब उनी सामाजिक यथार्थ विषय-वस्तु लिएर लेख्नलागे। उनको सृजन कलाले परिपक्वताको मूल फुटाएर बग्नलाग्यो। महोबामा बस्दा उनले बुंदेलवासीहरूको साहस र वीरताका कथाहरूमा 'रानी सारंधा' र 'राजा हरदौल' जस्ता कथाहरू लेखे। बुंदेलखण्ड अञ्चलको सौन्दर्य, त्यहाँका बनले ढाकेका डाँड़ा-

पहाड़, खोल्सा-पाखा र खोला-नालाहरू विषय उनले जोरदार वर्णन गरेका छन् ।

१९१२ मा प्रेमचन्दको अर्को नयाँ उपन्यास, 'जलवाए ईसार' प्रकाशित भयो। उपन्यास लेखकको कल्पित नाम नवावराय दिइएको थियो र 'ईण्डियन प्रेस' ले छापेको थियो । पछि यो उपन्यास 'वरदान' को शीर्षकमा निस्क्यो । शायद, हिम-सुद्दीन घोरीले 'प्रतापचन्द' भनेर नाम दिएको उपन्यास पनि यही होला, किनभने यस उपन्यासको नायकको नाम पनि प्रतापचन्द नै छ । रचनामा धेरै परिपक्वताको रस छ, ठूलो जन आन्दोलनको प्रथम भेल वग्ने यसले संकेत गर्दछ । जन अशान्तिको सानो बीज बढ़ेर पछि विशाल वृक्ष बनिन्छ र यसको प्रतीक जन असन्तुष्टताको आँधीमा पृथिवीका जस्तै बड़ा-बड़ा शक्तिहरू पनि मड़ारिएर तल झुक्नुपर्दछ । प्रेमचन्दले लेखेका पछिका उपन्यासहरू, 'रंगभूमि' र 'कर्मभूमि' मा पनि यस्तै आगोका ज्वालाहरू सल्केको प्रतिरूप छ । प्रेमचन्दको स्वभावजन्य ठट्टा र रंग-रस पनि फेरि उपन्यासमा बराबर सिंचित भएको छ। एकजना लोग्नेले उसकी स्वास्नीको कमराबाट चीज चोर्ने दाउ गर्छ तर साफ कुटाइ पाउँछ । पछि उसले एकजना मालीकी छोरीसित प्रेम गर्ने कोशिश गर्छ अनि बिना टिकट रेल-गाड़ीमा चढ़छ । जब रेलको टिकट जाँच गर्ने कर्मचारी त्यो डिब्बाभित्र पस्छ, त्यो भाग्ने मान्छेले तेज गतिमा कुददैगरेको रेलगाड़ीबाट फट्ट हाम फाल्छ ।

उपन्यासभित्र ग्रामीण जीवनको चित्रणमा होली चाड़ र हर्ष-उल्लासको दृश्य-हरूको आकर्षक कलात्मकता जड़ेर वर्णन गरिएको छ। गाउँको गरीबी अवस्था, कष्ट-पीर र अत्याचार-शोषणको वर्णन छ। चरित्र-चित्रणमा पनि लेखकको कला धेरै सफल भएको छ। वीरजान र बालाजीका चरित्र-स्वभाव—जसमा स्वामी विवेकानन्दको छाया देखिन्छ, विशेष प्रभावशाली छन् ।

उपन्यासमा नायिका वीरजानले आफ्ना पतिदेव कमलाचरणलाई लेखेको पत्रमा उनले गाउँमा भइरहेको दुःखमय दशाको वर्णन यसरी गरेकी छिन् : 'मैले कुरा त वेग्लै सुनेकी थिएँ, तर स्थितिहरू साह्रै भिन्नै पो रहेछन् ! ढलिसकेको खरको छानाका झोपड़ीहरू, माटाका भित्ताहरू, घर-घरको अगाड़िपट्टि फोहोर-कसिङ्गरका थुप्रोहरू, छ्याप्छ्याप् हिलो लागेका भैंसीहरू, गंङ्ग्रगै हड्डी र छाला मात्र भइसकेका गाईहरू, यी सबै कुरा हेर्दा मलाई अर्कै ठाउँमा जाऊँ जस्तो लाग्छ । यहाँ त बिचरा ! मान्छेहरूको नै दुर्दशा छ । यिनीहरूलाई खालि कङ्काल भने हुन्छ र उनीहरू दुर्भाग्यका प्रतिरूप र विषम दरिद्रताका जीउँदा नक्साहरू समान छन् । सबैलाई हेर्नु, फाटिसकेको झुत्रो लुगाको टुक्राले मात्र जीव ढाक्नसकेका छन् । कति दुःखको कुरो, तिनीहरू दिनभरी खटेर पसिनाको धारा बगाउँछन्, तर भने जस्तो एक छाक पनि खानुलाई छैन !'

प्रेमचन्दका पछिका कलाको अझ धेरै परिपक्व रस वृद्धिका सबै संकेत यहाँ पाइन्छन् । जस्तै, यथार्थ स्थितिको कठोर चित्रण, जीउँदा-जाग्दा चरित्रहरू, देश-

भित्रको पीर र दर्द, तर साथसाथै जन क्रान्तिको तेज अग्नि ज्वाला अनि जन आन्दोलनको बढ़दो शक्ति—यिनीहरू नै कथावस्तु छन् ।

प्रेमचन्दको जीवन-कहानीका एक विश्वस्त लेखक मदनगोपालले मत प्रकट गरे अनुसार 'वरदान' उपन्यास नै पछि 'श्यामा' उपन्यासको अर्को रूप हुनसक्छ । शायद प्रतापचन्दकी माता सुवामा नै श्यामा हुनसक्छे । फेरि शायद, त्यही उपन्यास-को नाम 'प्रतापचन्द' भनेर कहलाइएको हुनसक्छ ।

महोवामा प्रेमचन्दलाई रगतमासीको जीर्ण-रोगले आक्रमण गऱ्यो, जुन रोगले उनलाई जीवनभर छोड़ेन । डेढ़ वर्षको विमारी अवस्थाले उनको स्वास्थ्यको पूरै नाश गरिदिएको थियो । उनलाई तराई क्षेत्रको डिस्ट्रीक्ट 'वस्ती'मा बदली गरी पठाइए । त्यो ठाउँ पनि स्वास्थ्यका लागि राम्रो थिएन । आफ्नो स्वास्थ्य उपचार गराएर निको हुने विचारले आधा तलबमै उनले केही महीनाका लागि सरकारी छुट्टी लिए । 'वस्ती' डिस्ट्रीक्टमा हुँदै प्रेमचन्दको 'प्रेम-पचिसी' रचनाको पहिलो खंड छापियो । यसमा उनका उत्कृष्ट कथाहरूमा 'वढ़े घर की वेटी', 'नमक का दारोगा', 'रानी सारंधा', 'राजा हरदौल' र अरु यस्ता कृतिहरू गाभिएका थिए ।

'वस्ती'मा प्रेमचन्दले हिन्दीमा लेख्न शुरू गरे । यहाँ उनी मन्नन् द्विवेदी गजपुरीको मित्रतामा बाँधिए । गजपुरी त्यस डिस्ट्रीक्टमा तहसीलदारको पदमा नियुक्त भएर आएका थिए । यस अवसरद्वारा उनले हिन्दीतर्फ चाख बढ़ाउन थाले । उर्दूमा लेख्दा आयस्ताको दृष्टिकोणमा फायदा नहुने अनुभव उनलाई भइरहेथ्यो ।

डिस्ट्रीक्ट 'वस्ती'मा हुँदै प्रेमचन्दले ईन्टरमिडियट परीक्षामा सफलता प्राप्त गरे । उनले धेरैवटा अति रोचक लघु कथाहरू पनि लेखे, जो पछि 'प्रेम-पचिसी' को दोस्रो खण्डमा छापिए । उनले निगमलाई लेखेको पत्रमा आफू आर्थिक स्थितिको चेपारो र कठिनाइमा परेको यथार्थताको चित्रण छ । उनले लेखे : 'मैले अस्तिको दिन लेखेको पत्रमा मेरो भत्ता विषय केही जनाएको छु । मई र जून महीनाभित्र मैले जम्मा चौबीसवटा पृष्ठ-भाग लेखें । मेरो पेटको पाचन-शक्ति पूरै नष्ट भएको हुनाले जून महीनामा अरु कुनै कुरो लेख्न सक्तिनँ होला । म एक घण्टासम्म बस्नु धरि सक्तिनँ । त्यो ग्रहण गरेको तोक अनुसार मेरो भत्ता आठ रुपियाँ हुन्छ । यदि तपाईंले कष्ट नमानी तीन-चार रुपियाँ दाम पर्ने एउटा घड़ी र साँढ़े चार रुपियाँ-सम्म दाम पर्ने एक जोर जुत्ता कृपया मलाई पठाइदिनुभए म हार्दिक धन्यवाद टक्ऱ्याउनेछु । तपाईंले यी दुवै थोकलाई एउटै पार्सलमा पठाइदिनुभए हुन्छ । मेरो भएको जुत्ता पनि छोटकले लगिहाल्यो र म चाहिं खाली खुट्टा छु ।……।'

यो चिट्ठीले प्रेमचन्दको आर्थिक संकटको विषमतालाई मार्मिक रूपमा देखाइ-दिन्छ । उनले सरकारी नोकरी छोड़ेर निगमको साप्ताहिक पत्रिका 'आजाद' का लागि बरु सेवा गर्ने मन गरेका थिए । निगमले आफ्ना पत्रिकाहरू, 'जमाना' र

'आजाद' को प्रकाशन गराइरहनलाई प्रेमचन्दको सहयोग लिने ठूलो इच्छा साँचे तापनि उनले प्रेमचन्दलाई आर्थिक सहायताको करार र तोक दिन सकेनन्। आज प्रेमचन्दका हामी सबै उत्तराधिकारीहरूलाई उनका कृतिहरू एउटा ठूलो सुन-खानि जस्तै भइरहेको छ, तर उनकै निज जीवनकालमा आफूले तीन-चार रुपियाँ जति जावो दाम पर्ने सस्तो एक जोर जुत्ता वा एउटा घड़ी धरि किन्नु कति साह्रो परयो !

## ६

१८ अगस्त, १९१६ मा प्रेमचन्द गोरखपुर स्थित 'नर्मल स्कूल' का सहायक शिक्षकको सेवा गर्न भनी गए। त्यहाँ उनले स्कूलका उप-प्रधान शिक्षक र छात्रावासका अधीक्षकको दुवै भार सम्हाले। उनी विघ्नै खुशी थिए। स्कूल कम्पाउण्डमा प्रशस्तै खुला ठाउँ हुनाले उनको स्वास्थ्यका लागि उपयुक्त थियो। उनकी सानीआमा र श्रीमती वीच सानोतिनो कलह मच्चिने गर्थ्यो, तर यो सुन्दा सुन्दा प्रेमचन्दलाई बानी भइसकेको थियो। गोरखपुरमा महावीर प्रसाद पोद्दार भन्ने व्यक्तिसित उनको नयाँ मित्रता बस्यो। यसद्वारा हिन्दीमा उनको चाख झन बढ्नगयो। उनले शेख सादीमाथि एक सानो किताब लेखे, टल्स्टयका केही लघु कथाहरू हिन्दीमा अनुवाद गरे अनि 'प्रेम-पचिसी' कथा संग्रहबाट केहीलाई हिन्दीमा प्रकाशित गर्न लाग्दैथिए। १९१७ सालमा 'सप्त सरोज' शीर्षक दिएर हिन्दीमा प्रेमचन्दको सर्बप्रथम यही लघु कथा संग्रह निस्क्यो। ती सातवटा कथाहरू हुन् : (१) 'बड़े घर की वेटी'; (२) 'सौत'; (३) 'सज्जनता का दण्ड'; (४) 'पाँच परमेश्वर'; (५) 'नमक का दारोगा'; (६) 'उपदेश' र (७) 'परीक्षा'। उनको जीवन कालभरी आफूले लेखेका सर्वश्रेष्ठ कथाहरूमा यिनीहरू केही हुन्।

यी कथाहरूमा प्रेमचन्दले मानव स्वभावमा निहित सद्गुणलाई चहकिलो प्रकाशमा ल्याउने जोर गरेका छन्। उदाहरणकालागि, 'बड़े घर की बेटी' कथामा नायिका आनन्दी आफ्नो देवरसित रिसाउँछे, जो एक असभ्य मान्छे हुन्छ अनि भाउज्यू आनन्दीलाई कराउँछ अनि यतिसम्म कि उसलाई काठको चप्पलले पनि हान्छ। तर जव आनन्दीले परिवार छिन्नभिन्न हुनलागेको अनि देवरले पनि पछुताएको देख्छे, उसले माफ गरिदिन्छे अनि आफ्ना पतिदेवलाई मनाउँछे र शान्त पार्छे।

त्यस्तै प्रकारले 'नमक का दारोगा' कथामा निमकको सोझो एकजना कर्मचारी हुन्छ अनि उसलाई भ्रष्ट पथमा कसैले लान सक्तैन । तर उसको ईमानदारीको साटो उल्टो उसैलाई सरकारले कामबाट निकालिदिन्छ । उ एकजना भ्रष्टाचारी सेठको जालीमा पर्छ, जो आफ्नो भ्रष्टाचारी काममा ईमान्दारी मानिसहरूलाई नै फँसाएर काम गराउने दाउमा हुन्छ । प्रेमचन्दको सृजनात्मक संसारमा सच्चरित्रवानले यस्तै प्रकारको फल पाउँछ । यथार्थ जीवनमा यस्तो अचम्भको घटना नै घटदैन । गाउँले विचारपति पनि व्यक्तिगत द्वेष र गुनासो परै भुलेर न्याय गर्ने पक्षमा नै रहन्छ । गाउँले समाजमा यस प्रकारको न्याय विरलै पाइन्छ, जुन ग्रामीण समाज त अनेक प्रकारका असमानता, पक्षपाती क्रियाकलाप, जात-भातले छुटचाएका स्वार्थ सम्प्रदायहरू, अन्ध-विश्वास अनि रूढ़ी-परम्पराले सताएको र चिरैंचिरा पारिदिए-को अवस्थामा रहेको हुन्छ ।

यद्यपि, प्रेमचन्दले उनका समग्र पाठकहरूलाई आफ्नो अन्तर्निहित आदर्श विचार र मानवीय द्रवित सद्भावनाले प्रेरित गराई माथि उच्चतामा पुरयाइ-दिदछन् । समाजको सर्वाङ्गीण सुधार र प्रगति गराउने मार्गमा चाहिने बल र शक्तिको मूल श्रोत तिनै उनका अमर कृतिहरू हुन् । उनी सत्यता र न्यायका पुजारी थिए, तर अन्याय र अत्याचारका घोर विरोधी थिए । उनले गरेको यथार्थ जीवनको चित्रणमा सच्चाइले ठूलो आवाज उठाउँदछ । उनले सच्चाइ र दुष्टयाइँ-को दुइ शक्ति बीच लुप्त ढंगले चलिरहेको भीषण द्वन्द्वलाई नजीकबाट स्पष्टतया देखिसकेका थिए । यद्यपि, आखिरमा सत्यकै विजय घोषणा हुनेछ भन्ने उनको अडिग विश्वास थियो ।

प्रेमचन्दले हिन्दीमा लेखेका छोटा कथाहरूको अर्को संग्रहलाई बम्बईको 'हिन्दी ग्रन्थ रत्नाकर' नामक प्रकाशन संस्थान्ले छापिदियो । कथा-संग्रहको शीर्षक 'नव-निधि' थियो, जसमा बुँदेलखण्डका मानिसहरूको बहादुरी, 'राजा हरदौल' अनि 'रानी सारंधा' जस्ता उनका प्रसिद्ध कथाहरू परेका छन् ।

यसको लगत्तै उनले हिन्दीमा अर्को लघु कथा-संग्रह 'प्रेम पूर्णिमा' को शीर्षक दिएर प्रकाशित गरे । 'ईश्वरीय न्याय' शीर्षक भएको उनको अद्भुत कलाकारिता-ले भरेको अर्को कथा पनि यसमा परेको थियो । यो कथा पनि 'बड़े घर की बेटी' र 'पाँच परमेश्वर' जस्ता कथाहरूकै ढप र शैलीको छ । कथामा एउटा धनी परिवार-ले राखेको एकजना प्रियपात्र हुन्छ, जो अघिसम्म ईमान्दार र निडर प्रकृतिको मान्छे थियो, उसले अब मृत मालिकको विधवा पत्नी र ती दुइको नानीलाई धोखा दिन्छ अनि बिगार्न लाग्छ । उसले त्यस परिवारको जायदाद हड़प गर्ने जाल गर्छ, किनभने सम्पत्ति विषयको जति भएको कागज-पत्र उसित हुन्छ । कचहरीमा मामला हुन्छ अनि त्यसमा हार्दा विधवाले त्यो मामला परेको जायदाद त्यसकै हकको हो भनेर त्यस पालिएको धोखेबाजलाई खुला कचहरीमा सोझै कसम खान-

लाउँछे। तर उसले कसम खानसक्तैन, किनकि आफूमा भएको ईमान्दारीको भावनाले वरु उसलाई झुक्न कर लाग्छ।

प्रेमचन्दको रचना-भण्डारमा संग्रहति भएका कथाहरूमा यो एउटा विलक्षण कृति हो। आखिर मानव प्रकृतिमा दुर्गुण र सद्गुण त संगसंगै रहेकै हुन्छ, र यसैले उ गिर्दछ पनि, तर कालान्तरमा फेरि उठेर धेरै उँचाइमा पुग्न पनि सक्तछ। ईश्वरले मानव प्राणीलाई वरदान दिएको महानतामाथि रूसोको जुन अटल विश्वास थियो, त्यही विश्वासको अनुरूप यस कथामा प्राय: झल्कँदछ, तर यही विश्वासलाई सभ्यता-भनाउँदो कुरोका अनेक विकारहरूले कति कतिसम्म भ्रष्ट पारिदिएका छन् !

१९१६ र १९१७ को वीच प्रेमचन्द आफ्ना महान् उपन्यासहरूमा पहिलो-पल्ट 'सेवा सदन' वा 'वाजारे हुस्न' लेख्नमा व्यस्त थिए। यसलाई उनले पहिला उर्दूमा लेखेका थिए, तर अघिवाट हिन्दीमा नै प्रकाशित गरे। यसलाई १९१८ मा हिन्दी पुस्तक एजेन्सीद्वारा प्रकाशित गराइयो। हुन त यसलाई त्यस बेला पनि उर्दूमा निकाल्ने कुरा चल्दै नै थियो। प्रेमचन्दले उपन्यासकालागि आफ्ना प्रकाशक-हरूवाट चार सय रुपियाँ पाए।

हिन्दी वा उर्दूमा उनले लेखेको सर्वप्रथम उत्कृष्ट सामाजिक उपन्यास यही 'सेवा सदन' नै हुनुपर्छ । त्यस वेलासम्म हिन्दी उपन्यासमा साहसिक कार्य र चमत्कृतिकै विषय-वस्तुको प्राधान्य थियो। तर 'सेवा सदन' उपन्यासमा लेखकले जीवनलाई च्वास्स छेदन गरी दर्द-पीर दिने यथार्थतालाई कुनै पक्षको हेय नगरी, कुनै कुरोलाई नलत्याई सामना गरेको तथ्य दर्शाएका छन्। फेरि त्यति नै खेर लेखकले मानिस आफ्नो भग्न जीवनलाई फेरि नयाँ बनाउनसक्तछ अनि मान्छेभित्र-को मानवताको कहिल्यै पतन हुँदैन भन्ने विश्वासलाई व्यक्त गरेका छन्। पात्र-पात्रीहरू सवल र सशक्त अनि जीउँदा-जाग्दा छन्। तब हिन्दी उपन्यासले परि-पक्वता र सम्पूर्णता प्राप्त गरिसकेको साक्षात प्रमाण यस उपन्यासको प्रकाशनले दिनसक्यो।

उपन्यासकी नायिका सुमनको बिहे एकजना गरीव मान्छेसित हुन्छ, तर दामी र राम्रा लुगा-वस्त्र अनि सुखी प्रकारले वस्नलाई सुमनले स्वाभाविक इच्छा गरेको कुरोमा गरीव पतिले सन्तुष्टता दिलाउन सक्तैन। सुमनका पिता एकजना ईमान्दारी पुलिस अधिकारी हुन्छन्, तापनि उनलाई पुलिस फौजले घृणा गर्छ, किनभने उनी भ्रष्टाचारी कामको विरुद्धमा छन्। तर उनले आफ्नी छोरीको बिहेको प्रबन्ध मिलाउनपर्छ र यस क्रममा उनी कुवाटो लागेर तल गिर्दछन्। फलस्वरूप उनको पक्राउ हुन्छ अनि अपराधी ठहराइन्छन्।

सुमन एकजना साथीको घरमा निकै ढिलो समयसम्म वस्छे। उसको रीस र गन्गन्देखि हैरान भएर उसलाई आफ्नो लोग्नेले राती नै घरबाट निकालिदिन्छ।

उसले फर्केर आफ्नै साथीको घरमा सहारा माग्छे, तर पाउँदिन। उसको घरको छिमेकमा वस्ने नर्तकीले उसलाई आश्रय दिन्छे। यसरी सुमनको मान-मर्यादा-को अन्त भएरजान्छ। फेरि पहिलाकै स्तरमा आउनलाई माथि उक्लने उसले कोशिश गरे पनि समाजको कट्टरवादी सम्प्रदायले दिँदै दिंदैन, तर त्यही सम्प्रदायले एकजना वेश्या नर्तकीलाई वचाएर राख्छ अनि दुर्दिनमा फँसिएकी एकजना औरत-लाई तिरस्कार गर्छ। आखिरमा आफ्नो संकष्टलाई उसले एक काल्पनिक सुखको दुनियाँमा भुल्नसक्तछे जहाँ कसैले ईमान्दारीपूर्वक स्वच्छ जीवन यापन गर्नसक्तछ।

सामाजिक चित्रण उतिकै झल्झल र घतलाग्दो गरी उतारिएको छ। प्रेम-चन्दले गहीरो मानवीय भावनाले आफ्ना सृजित पात्र-पात्रीहरूको दुःखद र कष्ट-पूर्ण जीवन यात्रालाई चिन्तित दृष्टिले पछ्याएको साथ-साथ अति कोमल सहानुभूति र करुणाको रसले द्रवित हृदयभित्र समेटिराखेका हुन्छन्। अगणित स्वभाव र प्रकृति भएका पात्र-पात्री, जो सवल र वीर्यवान छन्, उपन्यासका पृष्ठहरूमा जन्मन्छन् अनि जसले कहानीमा चहकिलो रंग, गतिशीलता र घटनाहरूको तादात्म्य राख्दछन्।

उनी 'सेवा सदन' लाई लेखी टुङ्ग्याएको केही महीनाभित्र 'गोशए अफीयत' नामक उपन्यास लेख्न वसे, जो उर्दूमा थियो र पछिको उनको दोस्रो महान उपन्यास 'प्रेमाश्रम' यसैको रूपान्तर हो। उनले यो दोस्रो उपन्यास २ मई, १९१८ मा लेख्न शुरू गरे अनि २५ फरवरी, १९२० मा समाप्त गरे। भारतको तेज गतिमा वढ्दैगइरहेको राष्ट्रीय क्रान्तिको पृष्ठभूमिमा उपन्यास लेखिएको छ अनि यसमा गाँधीजीको सत्याग्रह आन्दोलनको गहीरो प्रभाव परेको देखिन्छ। तिनताक 'रोलाट् एक्ट', जङ्गी कानून र जालीयनवाला वाग हत्याकाण्डका दुर्दिनहरू थिए।

उपन्यासका नायक प्रेमशंकरलाई प्रेमचन्दले उनको कल्पनाको एक आदर्श र असल नयाँ मानिसको प्रतिरूप सृजना गरेका छन्। नायक सहनशील, कष्ट-दुःख खप्नसक्ने, तर कुनै प्रकारको अन्याय भएको देखे भने ननिहुरने महान् गुण भएका मानिस हुन्छन्। उनी जमीनदार वर्गका मानिस हुन्छन् तापनि कृषकहरूप्रति हार्दिक सहानुभूति राख्छन्। उपन्यासमा प्रेमचन्दले गाउँको समाजलाई विस्तीर्ण आकारमा चित्रित गरेका छन्, जसमा समाजको पीर र दर्दका आलो रङ्गहरू ओतप्रोत छन्। कतिजना शोषकहरू र अत्याचारीहरू गरीव कृषकहरूलाई शोषण गरेर कङ्काल वनाउनमा एक हुन्छन्। ज्ञानशंकरलाई उपन्यासमा नीचता र दुष्टताको प्रतीक देखाइएको छ। जे भए तापनि प्रेमशंकरले सकल मानवीय भावना र सच्चाइको वलमा अन्त्यमा विजय प्राप्त गर्छन्। उनले सहेको कष्ट-दुःख देखेर शत्रुहरू पनि मित्र बन्न आउँछन्। जसले धरती माताको सेवा गर्दछ, उसले धरती माताबाट नै भरण-पोषण पाउँदछ भन्ने अन्तर्मुखी अभिप्राय यस उपन्यास 'प्रेमाश्रम' मा छ।

गोरखपुरमा अर्का व्यक्ति रघुपति सहाय 'फिराक' सित पनि प्रेमचन्दको मित्रता बस्यो। 'फिराक' म्योर सेन्ट्रल कलेज, इलाहाबादमा पढ्दैथिए। गर्मीको विदामा उनी आफ्नो घर गोरखपुरमा आएका थिए। उनले प्रेमचन्दको घरेलु जीवनको झलक यसरी दिन्छन्: 'प्रेमचन्दको घर मेरालागि अर्को घर थियो। म उनको घरमा दिउँसोतिर सधैं जानेगर्थें। उनको घरको आँगनमा प्राय: दुइ वा तीनोटा कुर्सी राखिएका हुन्थे। प्रेमचन्द एउटामा वस्दथे अनि म आएर उनको छेवको अर्को कुर्सीमा वस्थें। तव हामी कुरा गर्नलाग्थ्यौं जो घण्टौंसम्म चलि-रहन्थ्यो।······। म उनको घरमा घाम अस्ताउनुको दुइ वा तीन घण्टा अघि नै पुग्थें। घाम डुब्न लागेको घड़ीमा उनी वनारसी गम्छा हातमा लिएर नजीकैको उर्दू वजारमा साग-सब्जी किन्न जान्थे अनि म चाहिं आफ्नो घर फर्कन्थें।'

'फिराक' सितको मित्रता पनि प्रेमचन्दको जीवनकालभरी कायम रह्यो। 'फिराक' ले समालोचना जस्तो साहित्यको अरु विधाको क्षेत्रमा पनि कलम चलाए तापनि वास्तवमा उनी कवि थिए। प्रेमचन्दले उर्दू कवितामा चाखै लिंदैनन् भनेर उनी गुनासो पोखाउँथे।

यसै समयतिर प्रेमचन्दले लाहौरका ईम्तीयाज अली 'ताज' लाई फेरि एक अर्का परम मित्र बनाए। उनले 'कहकशान' पत्रिकाको सम्पादन गर्थे, जसकालागि प्रेमचन्दले लगातार लेखहरू पठाइरहन्थे। 'ताज' को 'दरूल ईशात्' नाम भएको एउटा प्रकाशन भवन पनि थियो। उनले प्रेमचन्दका विभिन्न कृतिहरू प्रकाशित गरिदिए, जसमध्ये 'वाजारे हुस्न', 'प्रेम वत्तीसी' (खण्ड २), 'प्रेम पचिसी' (भाग २) र पछि 'गोशए अफीयत' कथाहरू थिए। ती दुइ मित्रहरूको साक्षात् भेट हुनको अघि कति वर्षदेखि उनीहरू बीच चिट्ठी-पत्र चल्नेगरेको थियो।

गोरखपुरमा हुँदैखेरि प्रेमचन्द इलाहाबाद विश्वविद्यालयवाट दोस्रो दर्जा प्राप्त गरेर वी० ए० को परीक्षामा उत्तीर्ण भए। राष्ट्रव्यापी क्रान्तिको आगो हुर्-हुर् दन्केका दिनहरू थिए। 'नर्मल स्कूल' मा मनाइएको विजय उत्सवमा प्रेमचन्द उपस्थित भएनन्। यसरी नटेर्दा शिक्षा निर्देशक मिष्टर म्याकेञ्जीले लिखित रूपमा वयान स्कूलका प्रधानले दिनपर्छ भनी हुकूम गरे। फेरि प्रेमचन्द र स्थानीय कलेक्टर बीच पनि एक वेग्लै काण्ड भयो। कसो हुँदा कलेक्टरको वङ्गलाको कम्पाउण्डमा प्रेमचन्दको गाई चर्नपुगेछ र उसले गाईलाई वन्दूकले हानेर मारिदिने धम्की दियो। अरु मान्छेहरूको कम्पाउण्डमा छाड़ा चर्दैगर्ने गाई-वस्तुलाई तिनीहरूको मालिकले जोगाउन साह्रै पर्छ, तर विदेशी शासकहरूको दुर्व्यवहार र अहङ्कारको विरुद्ध प्रेमचन्द राष्ट्रको आत्म-सम्मानको पक्ष लिएर नै लड़न तयार भएका थिए।

उनको एकजना छात्रले त्यस्तै प्रकारको एउटा काण्डको वर्णन गरेको छ :

'कलेक्टरको वङ्गला र 'नर्मल स्कूल' को बीच भएर एउटा पक्का सड़क

बनिएको छ। प्रत्येक बेलुका चार बजे कलेक्टर यही सड़कमा हिंड़डुल गर्थ्यो। 'नर्मल स्कूल' को कम्पाउण्ड भएर दक्षिण-पूर्वदेखि उत्तर-पश्चिमको दिशाबाट शहरतर्फ यो सड़क गएको छ। सड़कको दक्षिणपट्टि स्कूलका 'सेकण्ड माष्टर' मुन्शी प्रेमचन्दको वास-स्थान थियो। बेलुका चार बजेपछि माष्टर साहेव आफ्नो वास-स्थानको वरण्डामा बसेर कथा-उपन्यास पढ़नमा निमग्न रहनुहुन्थ्यो। एक दिन कलेक्टरले उहाँलाई हातको इशाराले बोलायो। जब कलेक्टरको सामने उहाँ आउनुभयो, त्यो साहेबले उहाँलाई प्रश्न गर्‍यो : "म यही बाटो भएर सधैं हिंड़छु, त तिमी आएर किन मलाई सलाम गर्दैनौ, हँ ?" माष्टर साहेबबाट साहसिलो उत्तर आयो : "म पढ़नमा एक धुन हुन्छु अनि सरकारको अफिसर नै होस्, जो कोई पनि यो सड़कमा हिंड़्यो भन्दैमा उसलाई सलाम गर्नु मेरो काम होइन।" (त्यही घटना-को अर्को वर्णनमा स्कूल ईन्स्पेक्टरलाई कसूरदारी देखाइएको छ।)

घटना भएको अर्को दिन दीवानी मुद्दालयमा उनले सो कलेक्टरको माथि मुद्दा जाहेर गरे र आखिरमा सम्झौता भएर मुद्दा मेटियो।

यी काण्डहरूबाट प्रेमचन्दले सरकारी नोकरी छोड़नलाई तयार हुँदैगरेको संकेत पाइन्छ।

## ७

सरकारी नोकरीसित प्रेमचन्दलाई विरक्त लागिसकेको थियो र बरु पत्रकारिता र साहित्यिक क्षेत्रमा आफूलाई समर्पण गर्ने उनको इच्छा थियो। 'जमाना' को आर्थिक दुर्दशा शोचनीय थियो र यस पत्रिकाबाट कुनै अवसर नमिल्ने देखिन्थ्यो! एकपल्ट निगमले प्रेमचन्दलाई उत्तर प्रदेश सरकारको 'वार जोर्नाल' भन्ने पत्रिकाको उर्दू प्रकाशनको सम्पादन गरिदिने सल्लाह दिए, तर उनले अस्वीकार गरिदिए। निगमले प्रेमचन्दको अघि मारवाड़ी स्कूलमा सहायक शिक्षकको कामको सुझाव पनि राखे, तर कम्तीको पनि प्रधान शिक्षकको कामसम्म भए उनले ग्रहण गर्ने इच्छा देखाए ताकि उनलाई प्रशस्त स्वतन्त्रता र फुर्सत मिल्नसक्थ्यो। निगम-लाई लेखेका कतिवटा पत्रमा प्रेमचन्दले आफ्नो आशा र इच्छा व्यक्त गरेका छन्। पत्रहरूले उनको आन्तरिक हृदयमा खेलिरहेका विचारहरूमाथि प्रकाश हाल्दछन्।

यू० पी० सरकारको 'वार जोरनाल' को प्रसंगमा प्रेमचन्दले निगमलाई लेखे : 'अभाग्यवश्, म यो काम गर्नु राष्ट्रीय सेवा ठान्दिनँ। अनुवाद गर्नु त सिकारुहरूको

काम हो र पत्रिकारितासित यसको कुनै मतलब छैन। कृपया, यस विषय चाहिं कुरा नगरिदिनुहोस्।'

अघिल्लो पत्रमा उनले निगमलाई यस्तो लेखेका थिए: 'अब म सरकारी पत्रकार हुनै सक्तिनँ। न त महायुद्ध विषय लेखहरू तयार पार्ने मसित समय नै छ। म आफ्नो पहिलाकै पारामा चलिरहनेछु। बी० ए० को परीक्षामा सफल भएपछि कुनै निजी सञ्चालित स्कूलको प्रधान अध्यापक, कुनै राम्रो पत्रिकाको सम्पादन र जन हितको कुनै काम गर्ने मेरो इच्छा छ। यही नै जीवनको चरम सीमा बन्नेछ। यस्तो खालको पत्रिकाले कृषकहरू र श्रमिकहरूको साथी बनेर उनीहरूको समर्थक हुन सहायता गर्नेछ।'

आवश्यक आर्थिक सहयोग विना 'जमाना' का लागि काम गर्न कठिन परेको कुरो जनाउँदै उनले लेखे: 'मलाई सुहाउँदो यो व्यवसाय होइन भनेर तपाईं भन्नुहुन्छ। म मान्छु पनि। तर अरु उपाय नै छैन। मैले कहाँसम्म त्याग गर्नपर्छ, त्यो मसम्म नै होस् भनेर इच्छा र सोच गर्छु। म आफ्ना छोरा-छोरीले त्यस्तै प्रकारको कष्ट उठावोस् भनेर चाहँदिन। कम्तीको पनि रोटीसम्म त कमाउनसक्छु। कुनै साहित्यिक सृजना पनि त गर्नसक्तछु। बस्, यही मेरो त्याग हो। ईश्वर र संसार, समाज र म आफैसित बराबर सम्झौता राख्दैछु। म साहित्यिक सृजना कार्यलाई सानोतिनो त्याग ठान्दिनँ···।'

यसै समयतिर माई रोगले प्रेमचन्दको छोरा मन्नुको अचानक मृत्यु भयो। उनी आफैले अति शोकित हुँदै पनि आफ्नो विषादलाई दमन गर्ने र श्रीमतीलाई सान्त्वना दिने प्रयत्न गरे। प्रेमचन्दको आफ्नै स्वास्थ्य पनि राम्रो थिएन अनि रोगले खर्लप्प पारिसकेको थियो।

प्रेमचन्दले आफ्नै छापाखाना खोल्ने इच्छा धेरै अघिदेखि साँच्दैआएका थिए। उनको भाइ महताबरायलाई यस व्यवसाय सम्बन्धी केहीसम्म अनुभव र ज्ञान थियो, किनकि कलकत्तामा महावीरप्रसाद पोद्दारको हिन्दी पुस्तक एजेन्सीमा उसले काम गरेको थियो। प्रेमचन्द कलकत्ताको एउटा प्रेसमा पचास प्रतिशत हिस्सा लिन तयार भए। यताउतिबाट चाहिएको पैसा बटुलियो। त्यो प्रेस महताबरायकै नाममा किनिदेला भनेर उसले आशा गरेको थियो, तर शिवरानी देवीले आफ्नो ज्येठो छोरो श्रीपतरायको नाममा किनिनुपर्छ भनेर ढिपी गरिन्। यसो हुँदा सो योजना विफल भयो। यस्तो देखिन्छ कि आफ्ना पतिदेवको भन्दा शिवरानी देवीको सोचाइ र युक्ति गराइ अझ व्यावहारिक र सांसारिक तौरको थियो। अब प्रेमचन्दले बनारसमा आफ्नै प्रेस खोलेर उहीं बस्ने विचार मनमा खेलाउन थाले।

गाँधीजीको सत्याग्रह आन्दोलन कुनै समतल जग्गामा सल्केको आगो जस्तै जहींतहीं फैलँदैगइरहेथ्यो। यस आन्दोलनले प्रेमचन्दमाथि गहीरो प्रभाव पार्‍यो। देशभित्र आँधी जस्तो भ्रमण गर्दैजाँदा ८ फरवरी, १९२१ को दिन गाँधीजी

गोरखपुर भएर जानुभयो अनि त्यस शहरमा अपार जन-समूह अघि उहाँले भाषण दिनुभयो। १५ फरवरीको दिन प्रेमचन्दले सरकारी कामवाट इस्तिफा लिए। यो अन्तिम र ठूलो फ़ैसला गर्नुमा उनलाई शिवरानी देवीवाट सम्पूर्ण साहस र भरोसा मिलेको थियो। उनले पतिदेवलाई आँट दिइन् :

'यो नोकरी छोड़िदिनुहोस्। सरकारको नीति अव सहिनसक्नु भएको छ।'

आफूले सधैं जस्तो जोशपूर्वक हाँस्दै उनले उत्तर दिए : 'होइन, यसमा फैसला गर्नु अघि राम्ररी विचार गर है!'

श्रीमतीको प्रत्युत्तर यस्तो थियो : 'मैले यसमाथि केलाई केलाईकन विचार गरेकी छु। तपाईंको स्वास्थ्य राम्रो भएको छ र अव म कुनै निर्जन स्थानमा पनि खुशी रहनसक्तछु। हामीलाई भाग्यले साथ दिनेछ भन्ने मेरो विश्वास छ।'

१६ फरवरीमा प्रेमचन्दलाई सरकारी सेवावाट निवृत्त गराइयो। उनले सरकारी वास-स्थानलाई त्यही दिन छोड़ेर एकजना साथीको घरमा सरे। उनी मनमा अनेकवटा योजना वनाउँदैरहे—एउटा प्रेस, एउटा पत्रिका अनि यस्तै अरु के-के। तर यो प्रत्येकका लागि उही पैसाकै खाँचो थियो। उनले चर्खा चलाउने सानो धन्धा शुरू गरे, तर यसवाट पनि पूरा चित्त बुझ्नसकेन। १८ मार्च, १९२१ मा प्रेमचन्दले वनारस जानलाई गोरखपुर छोड़े।

उनी आफ्नो जन्म-स्थल लमहीमा केही समयसम्म बसे, जुन वेला उनले गाँधीजीको दर्शनको प्रचार गरे अनि रचनाहरू लेखे, तैपनि उनी अति व्याकुल थिए, मनमा चैन थिएन। घरमा सानी-आमा र श्रीमती वीच कच्कच् भइरहन्थ्यो अनि यसले उनलाई थकाउनुसम्म थकाएको थियो। उनी जून महीनामा कानपुर हिंड़े, जहाँ उनलाई मारवाड़ी स्कूलका प्रधान शिक्षकमा नियुक्त गरियो। यहाँ प्रेमचन्द देशव्यापी राजनीतिक संघर्षको भुमरीमा परे अनि खुशी पनि हुनपर्ने थियो। तर फेरि स्कूलको सञ्चालकसित पटक्क पारा नमिल्ने भयो, किनकि उसले प्रेमचन्दको काममा घरि-घरि हस्तक्षेप गर्नलाग्यो। अन्त्यमा प्रेमचन्दले २२ फरवरी, १९२२ मा कामवाट हात धोए अनि फेरि वनारस फर्के।

बनारसमा उनले ज्ञान मण्डललाई 'मर्यादा' पत्रिका निकाल्नुमा सहयोग गरे, 'आज' पत्रिकामा लेखहरू पठाए अनि पछि काशी विद्यापीठको विद्यालय शाखाको अभिभार लिए। उनले लमहीमा भएको आफ्नो घरको जीर्णोद्धार गरे र यसरी त्यहाँ अव केही सुविस्ता गरी वस्न र काम गर्नसकिने भयो। प्रेमचन्दले बनारसमा आफ्नै मुद्रणालय बसाउनलाई सोच्दैआएका थिए। यसलाई बसाएपछि उनले 'सरस्वती प्रेस' को नाम दिए। प्रेमचन्दको कल्पित नाम उनलाई जसरी मुन्शी दया नारायण निगमले राख्ने सल्लाह दिएका थिए, उसरी नै उनैले 'सरस्वती प्रेस' को नामकरणको सुझाउ पनि दिएका थिए। तर प्रेसले प्रेमचन्दलाई पटक्क शान्ति दिएन। यसमा उनले थुप्रै धन खर्च गरे, पूरा परिश्रम गरे, तर कहिल्यै शान्ति

मिलेन। धेरै वर्षपछि उनले स्मरण गरेर लेखे : 'यो प्रेस नै सबै दुःखको जड़ भइदियो। हे भगवान ! कुन ग्रह विग्रेको कस्तो घड़ीमा यसलाई वसाइएछ। दश हजार रुपियाँ, एघार वर्षको खटाइ र परिश्रम अनि कति-कति मुटुमा पीर र भारी—यी सबै खेर गयो, किनकि यही प्रेसले गर्दा मैले कतिजना साथीहरूको मन दुःखाएँ, अरु कतिजनालाई वचनै पूरा गर्न सकिनँ अनि जावो प्रूफ-कपी शुद्ध गर्ने काममा वहुमूल्य समय अफालें, जुन समयलाई मैले अध्ययन गर्ने र लेख्ने काममा लाउनसक्नेथिएँ। जीवनमा मेरो सबैभन्दा ठूलो भूल यही भयो।'

## ८

अब प्रेमचन्दको लेखनी अति सक्रिय हुनलाग्यो। उनले 'संग्राम' र 'कर्वला' नामक दुइ नाटक र अनगन्ती कथाहरू लेखे र आफ्नो सबैभन्दा महत्वपूर्ण उपन्यास 'रंगभूमि' लेख्नलाग्दैथिए। 'संग्रामको' पृष्ठभूमि राष्ट्रीय आन्दोलन छ अनि 'कर्वला' को परिवेश साम्प्रदायिक हूल-दङ्गा छ, जसले त्यस वेला देशभरी हलचल मच्चाइरहेको थियो। प्रेमचन्द साम्प्रदायिक मेल गराउनमा निष्पक्ष रूपमा खड़ा भएका थिए अनि उनले आफ्नो सृजनकलाद्वारा शान्तिको सन्देश प्रचार गर्ने भरमग्दुर प्रयत्न गरे। तर साम्प्रदायिक भावनाले कालो महामारी वा भीषण संक्रामक रोग झैं देशको चारै सूर फैलिएर सबै कुराको विनाश गर्दैथियो।

निगमलाई लेखेका पत्रहरूमा प्रेमचन्दले आफ्नो राजनीतिक मत-विचारलाई प्रकटयाएका छन्। १७ फरवरी, १९२३ मा लेखेको पत्रमा उनी दर्शाउँछन् : 'म कुन दलमा छु भनेर तपाईं मलाई सोध्नुहुन्छ। तर म कुनै दलमा पनि छैनँ, किनभने भएका दुइटा दलले पनि कुनै यथायोग्य काम गरेकै छैनन्। म त भविष्यको त्यस दलमा सामेल हुनेछु, जसले आफ्नो कार्यक्रममा दलित र गरीव मानिसहरूलाई राजनीतिक शिक्षा दिने लक्ष्य राख्नेछ।' २१ दिसम्बर, १९१९ मा लेखेको अघिल्लो पत्रमा उनले निगमलाई सुटुक्क प्रकट गरेका छन् : 'अब मैले बोल्शेविक सिद्धान्तहरू प्रायः अपनाइसकेको छु।' उनी राष्ट्रीय स्वतंत्रताका लागि अनि भारतका सबैभन्दा ठूला दुइ सम्प्रदाय बीच मेल र एकता अनि दरिद्र जनतालाई आर्थिक दुर्दशा र कष्टबाट मुक्त गराउनलाई तयार थिए।

१ अक्टूबर, १९२२ मा प्रेमचन्दले आफ्नो महान् उपन्यास लेख्न आरम्भ गरे। उपन्यासको नाम 'रंगभूमि' हो। उर्दू भाषामा उनले १ अप्रेल, १९२४ मा

लेखिसके। तर 'सेवा सदन' र 'प्रेमाश्रम' झैं 'रंगभूमि' पनि पहिला हिन्दीमा प्रकाशित भयो। अब प्रेमचन्दको झुकाव हिन्दीमा लेख्नुतर्फ नै वढ़नलाग्यो, उनले उर्दूमा लेखेका कृतिहरूको प्रकाशन अति ढिलो हुनलाग्यो।

'रंगभूमि' लाई लखनऊको गंगा पुस्तकमाला प्रकाशन संस्थान्ले छापिदियो, जसवाट प्रेमचन्दले उपन्यासका लागि अठार सय रुपियाँ पाए। यो पैसाले उनको आफ्नै प्रेसको शोचनीय दुरवस्थालाई सुधार्नुमा धेरै मदत भयो। प्रेसले कमाई पो देला भन्दा ता उल्टो त्यसलाई पोस्याउनु पर्दैथियो। गङ्गा पुस्तकमालाका मालिक दुलारेलाल भार्गव एकजना साहित्यिक परामर्शदाताको खोजीमा थिए अनि महीनावारी एक सय रुपियाँ तलवमा सो काम गर्न प्रेमचन्द राजी भए।

भारतीय उपन्यासको इतिहासमा 'रंगभूमि' का नायक सूरदास एक वेजोड़को चरित्र छ। उ एक अन्धो भिखारी हुन्छ अनि एक पैसाको भीख माग्दै गाड़ीहरूको पछि-पछि कुद्छ। भीख माग्ने पेशा हुँदाहुँदै पनि उसित असाधारण आत्म-सम्मान, दयाको भावना र जन अधिकारका लागि लड़ने सद्गुणहरू हुन्छन्। उसकोमा परम्परागत भारतीय भिखारीको पेशा र दशा अनि महात्मा गाँधीका महान् गुण-हरूको तादात्म्य छ। यथार्थमा प्रेमचन्दले लमहीमा यस्तै खालको एकजना अन्धो भिखारीलाई चिनेका थिए, जो सड़कमा हाँकिएको प्रत्येक गाड़ीको पछि-पछि एक -दुइ पैसा माग्दै दगुर्थ्यो। गोरखपुरमा प्रेमचन्दको भेट एकजना गीत गाइहिड़ने अन्धो केटोसित पनि भएको थियो अनि उनले सरकारी नोकरीवाट इस्तिफा लिए-पछि साँझमा उसको गीत सुन्नेगर्थे। ती अन्धा भिखारीहरूको संस्मरणको पीठिका-माथि प्रेमचन्दले यस उपन्यासमा आधुनिक भारतको इतिहासका एक अद्भुत र महान् व्यक्तित्व भएका भिखारी महात्मा गाँधीको प्रतिमूर्तिको निर्माण गरिदिएका छन्।

'रंगभूमि' भित्र कथाहरूका अनेक रंगका धागाहरूको आकर्षक बुनोट छ। दरिद्रताको दर्दनाक अवस्था र दर्द-पीरले सताएको गाउँ-समाज मूल धागो या विषय-वस्तु छ। उपन्यासमा मिस्टर जोहन सेवकको ईसाई परिवार हुन्छ, जसले गाउँको एउटा सम्म ठाउँमा सिग्रेट कारखाना खोल्ने इच्छा गर्छ। आ-आफ्नो इज्जत र मान बढ़ाउनमा लोभ, इरादा र इच्छाहरू अनि विभिन्न विपरीत व्यव-हार र मतलव नछोड़ने धनी मानिसहरूको चरित्र चित्रण छर्लङ्गचाइएको छ। ससाना राज्यहरूका राजाहरू अनि उनीहरूले गरेका अत्याचार र शोषणको पनि वर्णन छ। उपन्यासमा धेरै-धेरै घटनाहरू घटित हुन्छन्। घटनाहरू र स्थितिहरू जुन तेज गतिमा जन्मेर वग्दछन्, वढ़ो उत्तेजनाजनक छ। पहाड़ी गहीरा-खोंचवाट जोरदार गतिमा वग्ने नदीको वाढ़ हो यो, तर विस्तारै सम्म मैदानतिर फलँदैगएर ढाकिदिने र मधुर गतिमा वग्ने जल होइन यो।

उपन्यासको ढप केही खुकुलो बुनाइको देखिन्छ, किनकि लेखकले निकै अघि-

तिर अध्ययन गरेका साहस र जोखिमका कथाहरूको छाप कता कता देखिन्छ। मिस्टर जोहन सेवकले सूरदासको नाममा पाण्डेपुरमा भएको जमीन थोरै पैसा दिएर किन्छ अनि कारखाना खोल्छ। कारखाना बनिएपछि त्यस जग्गामा रक्सी, जुवा-तास, बदमाशीहरू र फोहोर-अश्लील कुराहरू शुरू हुन्छन्, जन्मन्छन्। बाहिरबाट आएकाहरूले गाउँले महिलाहरूको इज्जत लुट्नु त्यस ठाउँमा पहिलो-पल्टको घटना थियो। गाउँलेहरूलाई घर बाहिर गरियो, किनभने कारखानामा काम गर्ने श्रमिकहरूका लागि त्यहाँ बस्ने घरहरू बनाउनपरेको हुन्छ। सूरदास आफै र गाउँले जनमाथि यसरी अन्याय भइरहेको कुरो लिएर उ शहरमा जान्छ अनि शहरवासीहरूको विवेकलाई व्यूँझाइदिन्छ। जनता ती निरंकुशहरूप्रति रीसले आगो हुन्छन्। घटनाहरू हुन्छन् अनि आफ्नो झोपड़ीमा सल्किरहेको आगोसितै जलेर सूरदासको प्राणान्त हुन्छ।

विनयसित भएको सोफीको सुमधुर प्रणय कथाको पनि मिठास पाइन्छ। अत्याचार र अन्यायको विरुद्ध लड़दैजाँदा विनयलाई सोफीले दूर-दूर स्थानहरूमा साथ दिदैजान्छे। त्यस साहसिक कार्यको गतिशीलता बीच ती दुइको सत्य प्रेमले कतिपय विघ्न-बाधाको सामना गर्नपर्छ तापनि उनीहरू पार गर्दै नै जान्छन्।

प्रेमचन्दले आदिकालीन समाजलाई काल्पनिक सुखी दुनियाँको रूपमा देख्छन्। उनी जमीनदारहरू र उद्योगपतिहरूको निरंकुशताको घोर विरोध गर्दथे। समाजवाद अर्थात समग्र समाजका वैभव-सम्पदामाथि जनताको अधिकार भइसके-पछि यस्ता औद्योगिकरणबाट कष्ट-पीर उब्जँदैन अनि त्यस्तै गरी कल-पुर्जामाथि मानिसको नियन्त्रण भइसकेपछि मानिसले पटाइलाग्दो एकोहोरो परिश्रम गरिनु-बाट छुटकारा पाउँदछन् भन्ने धारणामा प्रेमचन्दको पटक्क विश्वास थिएन।

यसैकारण, अन्यायको विरुद्ध युद्ध गर्नलाई सारा जनताका अघि चढ़ाइएको अर्जीमा उपन्यासको जोर र ताकत छ। सूरदासले अन्याय र दमनको विरोध गर्न जनताको विवेकलाई जुर्मुराइदिन्छ र नै अत्याचारीहरू जनताको वीभत्स रूप अघि काँप्नलाग्छन्।

सोही तरहले विनय र सोफीले राजस्थानी जनता बीच एक नयाँ जागरण ल्याउँछन्, जुन क्षेत्रका मानिसहरू त्यस वेलासम्म सोझा थिए, सुसुप्तावस्थामा थिए।

यसरी प्रेमचन्दले झलमल र चहकिलो रङ्गमा भारतको सजीव चित्र उतारि-दिएका छन। उपन्यासको फाँटिलो 'क्यन्भास' मा समाजका सबै जनतामा प्राण भरिएर जाग्रत भई उठदछन्, जसमध्ये अगणित संख्यामा स्मरणीय पात्र-पात्री जन्मेका छन्। यस उपन्याससितै प्रेमचन्दले राष्ट्र व्यापक ख्याति आर्जित गरे अनि उनलाई पाठकहरूले हृदयबाटै 'उपन्यास सम्राट' को सर्वोच्च उपाधिले विभूषित गरे।

हुन त उपन्यासभित्र लामो नैतिक वाद-विवादको पनि समावेश गरिएको छ। जोहन सेवक, श्रीमती सेवक र ईश्वर सेवकको आफ्नै ईसाई समाजको चित्रणमा विरोधाभास छ। जोखिमपूर्णको कामहरू पछि रेलगाड़ीमा विनय र सोफीको अकस्मात भेट हुनु एउटा संयोगवशको घटना छ र यो पनि कलात्मकताभित्रै बुनिएको छ। तर कसरी सोफीले क्लार्कको भ्रमणक्रमभरी साथ दिइरही, त्यो स्पष्ट छैन। उपन्यासभित्र यस्तै सानातिना दोषहरू भए पनि 'रंगभूमि' एक महान् र विशिष्ट साहित्यिक सृजना हो। हिन्दी उपन्यासको इतिहासमा यो एउटा महत्वपूर्ण घटना हो। दुवै शहरिया र ग्रामीण जीवनलाई यसभित्र चहकिलो रङ्गमा चित्रित गरिएको छ अनि एक अति विशाल पृष्ठभूमिमा लेखकले आफ्नो सृजनात्मक कल्पनालाई भरपूर सजीवताले भरिदिएका छन्।

लखनऊमा वस्दा प्रेमचन्दले उनका उत्कृष्ट कथाहरूमा केही वटा जस्तै, 'सवा सेर गेहूँ', 'शतरञ्ज के खिलाड़ी' लेखे अनि 'काया-कल्प' उपन्यास लेखी सिद्धचाए, जुन कृतिलाई उनले लमहीमा नै शुरू गरेका थिए। सर्वप्रथम हिन्दीमा लेखिए-को प्रेमचन्दको मौलिक उपन्यास यही थियो। १० अप्रेल, १९२४ देखि उनले यस-लाई लेख्न थालेका थिए। यसको पहिलो भाग त्यस वर्षको रहल सात महीनाभित्र लेखिसकिएको थियो अनि १२ नवम्बर, १९२४ मा उनले दोस्रो भाग शुरू गरे। १९२६ मा प्रेमचन्दकै आफ्नो प्रेसमा सम्पूर्ण उपन्यास छापियो।

'काया-कल्प' मा केही अलौकिक विधा छन्। राजकुमार र रानी देव प्रियाले राइडर हचाग्गार्डको उपन्यास 'शी' की नायिका झैं फेरि यौवन प्राप्त गर्छन्। राजकुमार पहाड़-पर्वतको अञ्चलतिर वस्छ, योग अभ्यास गर्छ अनि हावा-जहाज बना-उँछ, जो उसको इच्छानुसार माथि-माथि उड़छ, तल-तल झर्छ। यस्तो प्रवृत्तिको कथावस्तुले प्रेमचन्द आफैंले सृजना गर्दैरहेको सामाजिक उपन्यासको सजीव कलात्मकताको विनाश गर्नसक्ने सम्भावना देखिन्थ्यो। तर यी छायाहरू 'काया-कल्प' भित्र सानातिना छिर्का मात्र हुन्। सामाजिक र मानवीय विधाका गम्भीर पाठकहरूलाई रसिलो चाख दिने सामग्री यसमा यथेष्टै छन्। आग्रामा साम्प्रदायिक हूल-दङ्गाको घटना हुन्छ। तर चक्रधरले गाँधीवादी विचारको प्रणाली अपनाएर शान्ति ल्याउँछ। देशभित्रको गाउँ-उस्तीमा जमीनदारको अत्याचारले उग्र रूप लिएको हुन्छ। जनता यसको विरुद्धमा उठछन्। मुन्शी वज्रधर र उसको परिवार-को हृदयमोहक कथा पनि घटनाहरू बीच बुनिएको छ। पिता एकजना बूढ़ो दर-बारिया हुन्छ अनि उसले चाप्लुसी र दासत्वको भरमा जीवन उकास्दैलगेको हुन्छ। उसको छोरा जनताको पक्षमा आन्दोलन मच्चाउने अगुवाको रूपमा बढ़छ, तर पछि जीवनदेखि अलग हुनखोज्छ। उसले एउटी टुहुरी केटीलाई बहे गर्छ, तर उ त एकजना तालूकदारकी छोरी रहिछ। चक्रधरको छोरा शंखधरले उसकै पिताको गुण लिइआएको देखाइएको छ।

संसारमा न्यायपरताको समस्या नै उपन्यासको गम्भीर विषय छ। उपन्यास-भरी ओतप्रोत भएको यस्तो चिन्तनपूर्ण विषय पनि छ : 'यति विघ्न मात्रामा स्वार्थता, ईर्ष्या-डाह र अन्यायले भरिएको यस्तो संसारलाई ईश्वरले किन सृष्टि गरेको ? के यस्तो संसारको सृष्टि गर्नसकिने थिएन र, जहाँ सबै मानिसहरू, सबै समाज र सम्प्रदायहरू शान्ति र सुख-आनन्दसित बस्नसक्थे ? एकजना चैन, सुख र मजामा डुबेको छ, तर अर्को चाहिं यताउति जहीं पनि ठक्कर खाँदैहिंड्नपर्ने यो कस्तो न्याय हो ? एउटा राष्ट्रले अर्को राष्ट्रको रक्त चुस्तछ अनि त्यसमाथि चढ्दछ अनि त्यो कमजोर राष्ट्र भोकभोकै हुन्छ र त्यो अर्कोको पाउमनि कुल्चिइन्छ ? यस्तो असमानता र अन्यायपूर्ण संसारको सृष्टि ईश्वरले गर्दै नगर्नुपर्नेपर्ने थियो ।'

यही वेलातिर अल्वारका महाराजालाई सेवा गर्ने र यसका लागि चार सय रुपियाँको मासिक वेतन र एउटा गाड़ी अनि बस्नलाई बङ्गला समेत पाउने एउटा सुझाउ सो महाराजाबाट प्रेमचन्दलाई प्राप्त भयो। तर, उनले यो सुझाउलाई अस्वीकार गरिदिए।

प्रेमचन्दको बढ्दो सम्मान र ख्यातिले कतिजनाको हृदय डाह र ईर्ष्याले जल्दथ्यो। यिनीहरूमध्ये श्रीअवध उपाध्याय भन्ने मान्छे पनि एकजना थियो, जसले प्रेमचन्दलाई अर्काको लेख र शैली चोरसम्मको आरोप लगायो अनि ६ महीनासम्म उनको विरुद्धमा लेखिरह्यो। फलानो लेखकको फलानो चरित्रसित प्रेमचन्दले चित्रित गरेको पात्र वा पात्री एउटै छ भनेर प्रमाण गर्नलाई उसले राम्ररी हिसाब गरेर गतिलो रूपरेखा तयार पारेको थियो। अर्को तीक्ष्ण आलोचकले प्रेमचन्दलाई 'घृणाको प्रचारक' भनेर मोसो घस्ने कोशिश गर्‍यो।

जे जस्तै भए पनि प्रेमचन्दले सरस्वती प्रेसबाट आफ्नो एउटा निबन्ध संग्रह, 'कलम, त्याग और तलवार' निकाले। कलमले अथवा संग्राममा साहसिक कार्यद्वारा अथवा आफ्ना त्यागले योगदान गर्ने व्यक्तिहरूमाथि लेखिएका संक्षिप्त जीवनीहरू नै यी निबन्धहरू थिए। यी महान व्यक्तिहरूमा राणा प्रताप, गेरीबल्दी, गोखले, अकबर, विवेकानन्द, राजा मानसिंह, राजा टोडरमल तथा अन्य योद्धाहरूका जीवनीहरू संक्षिप्त रूपमा प्रस्तुत थिए। अगाड़िका वर्षहरूमा 'जमाना' मा पनि यी निबन्धहरू प्रकाशित भइसकेका थिए।

प्रेमचन्दले नारी कल्याणप्रति समर्पित पत्रिका 'चाँद' को कथा विशेषांकको सम्पादन गरे। 'चाँद' का प्रकाशकहरूले उनको लघु कथा संग्रह, 'प्रेम प्रमोद' छापी निकाले। सरस्वती प्रेसले नोक्सान खप्नपर्दैथियो, र यसकारण, प्रेमचन्दले नयाँ काम खोजे अनि महीनावारी दुइ सय रुपियाँमा 'माधुरी' को सम्पादन गर्नलाई उनी लखनऊ हिंड़े।

नवम्बर १९२५ देखि नवम्बर १९२६ को अवधिभित्र 'चाँद' ले प्रेमचन्दको अर्को नयाँ उपन्यास 'निर्मला' लाई क्रमशः प्रकाशित गरिदियो। उनका अन्य

उपन्यासहरूको दाँजोमा 'निर्मला' निकै सानो छ। दाइजो यसको विषय-वस्तु छ, जुन प्रथाले गर्दा भारतीय नारीहरूको जीवनलाई विषाक्त पारिदिइएको छ। नायिका निर्मलाले आफ्ना पिता गुमाउँछे, जुन स्थितिवश उसले एकजना अधबैंशे राँड़ासित विहे गर्छे। नायिकाको पहिलो प्रेमीले ठूलो दाइजोको माँग गर्थ्यो र उसले अरु कोहीसित विहे गर्छ। कथाले हिन्दू समाजमा प्रचलित दुष्टकर प्रथालाई पूरा नङ्ग्याइदिएको छ। 'चाँद' ले यसरी यसका पाठकहरू बीच ठूलो प्रसिद्धि प्राप्त गऱ्यो, जुन पाठकवर्गमा ज्यादा संख्यामा नारीहरू नै थिए। उनले 'चाँद' मा उपन्यास 'निर्मला' लाई धारावाहिक रूपमा प्रकाशित गरेपछि लगत्तै त्यही पत्रिकामा उनको एउटा नयाँ लघु उपन्यासको क्रमागत प्रकाश गराउन थाले। यसको शीर्षक 'प्रतिज्ञा' थियो, जो उनको पहिलाको कृति 'प्रेमा' को संशोधित रूप थियो। यो पनि 'चाँद' मा जनवरीदेखि नवम्बर १९२७ भित्र धारावाहिक रूपमा छापियो।

जनवरी १९२८ मा प्रेमचन्दले 'माधुरी' माछाप्न एउटा कथा पठाए। 'मोटेराम शास्त्री' शीर्षक भएको यो कथा हाँसउठ्दो व्यंग्यले भरिएको थियो। लखनऊको एकजना नामी वैद्यलाई त्यो कथा उसैमाथि व्यङ्ग्य गरी लेखिएको थियो भन्ने शंका मनमा पऱ्यो। उसले 'माधुरी' का सम्पादकगण, मुद्रक र प्रकाशकहरूमाथि एउटा मुद्दा दाखिल गऱ्यो। तर कुनै व्यक्तिमाथि यो व्यंग्य तोकेर लेखिएको होइन, पुरानो र पछौटे विचार भएका सबै वैद्यहरूको साधारण चित्रणद्वारा प्रतिविम्वित गरिएको मात्र हो भनेर सम्पादकगणले वयान दिए। मामला झट्टै यसरी टुङ्गियो, यद्यपि कतिजनाले 'माधुरी' र नवलकिशोर प्रेसको विरुद्ध यस वदनामी कुरोका लागि प्रायश्चित गराउने इच्छा र कोशिश गरे, जुन प्रेसबाट नै तिनीहरूलाई पहिलाबाटै निकाला गरिएका थिए।

प्रेमचन्दका छोरा अमृतरायले आफ्ना पिताको जीवनी, 'कलम का सिपाही' लेख्नलाई सामग्रीको संग्रह गर्दैगर्दा एउटा डायरीमा लेखिएका केही कुरा पाए, जसद्वारा उनका पिता प्रेमचन्द लखनऊमा हुँदाका दिनहरू सम्बन्धी धेरै बुझ्नसकिन्छ। डायरीमा लेखिएका केही तथ्यहरू यस्ता छन् :

> ११ फरवरी—'होम अरिथमेटिक' को पाण्डुलिपि पढ़ें र यसमाथि रिपोर्ट लेखें। 'म्यानूयल ग्रामर' का लागि एउटा विज्ञापन तयार गरें। माधुरी अंकहरूकालागि एउटा योजना वनाएँ।
> 'सायरे कोहेसर' को दुइ पृष्ठ उल्था गरें।
> १२ फरवरी, आइतबार।
> १३ फरवरी—झण्डै तीन पृष्ठ उल्था गरें। 'विजक' का लागि विचारदासलाई एउटा पत्र लेखें। वूक डिपोका लागि केहीवटा विज्ञापनको शुद्धिकरण गरें। 'थर्न् ईन दि फ्लावर' का केही पृष्ठको संशोधन गरें। 'भारत कथा

कौमुदी'का लागि ब्लकहरू विभागलाई पठाएँ।

१४ फरवरी—'थर्न् ईन् दि फ्लावर' का पन्ध्र पृष्ठको संशोधन गरें।

'कोहेसर' को दुइ पृष्ठ अनुवाद गरें।······।

प्रेमचन्दले 'माधुरी' को सम्पादन गर्नु बाहेक नवलकिशोर प्रेसका लागि विविध कार्यहरूद्वारा सहयोग गर्दैरहेको तथ्य यी लेखाइहरूबाट थाहा पाउनसकिन्छ। यस अवधिभित्र कार्यरत उनका एकजना सहयोगी मिर्जा मुहम्मद आस्करीले उनको विषयमा यस्तो मीठो कुरा लेखेका छन् :

'यी दुइ-तीन वर्षभरी नै मैले उहाँलाई जहिले पनि हँसिला-खुशीला देख्थें। उहाँको चेहरा सधैं उज्यालो हुन्थ्यो। उहाँको मुखमण्डलमा रीस भन्ने त अलिकति पनि देखिँदैनथ्यो। कोही वेला मैले उहाँलाई ठट्टा गरेर भनिपठाउँथें : "तपाईंलाई कहिले पनि रीस उठदैन कि कसो ? घरमा पनि पटक्क रिसाउनुहुन्न कि ?" यसरी सोध्दा उहाँ खूब हाँस्नुहुन्थ्यो। शिर तलाको कमरामा 'माधुरी' को कार्यालय थियो अनि मुन्शीजी र 'माधुरी' सञ्चालन गर्ने कतिजना सदस्यहरूले मेरो कमराकै उतापट्टिको अर्को कमरामा वैठक राख्नेगर्थे। उहाँको रसिलो गफ, सकल हृदय-भावना र चुटकिलो मीठो हँसाउने ठट्टाहरूमा उहाँका साथीहरू खूबै मजा मान्थे, आनन्दित हुन्थे। कमराभरी उहाँको खुला हाँसोको ध्वनि गुञ्जन्थ्यो अनि अति उज्यालो र रमाइलोपन छाउँदथ्यो। मैले उहाँलाई मेरो पुस्तक 'नवदीर' बाट कथाहरू सुनाउँथें। एकजना 'मूइजीन' ले मंत्रद्वारा ईश्वरका विश्वासीहरूलाई वोलाउँदा उ आफ्नो ठाउँबाट कुदेर जान्थ्यो रे भन्ने कथा मैले उहाँलाई सुनाएँ। उसले किन त्यसो गरेको हो भनेर सोध्दा, होइन, मस्जिदमा उसले ईश्वरलाई पुकारेको आवाज टाढ़ोबाट कस्तो सुनिंदो रहेछ भनेर कुदेको पो रे, भनेर कथा भन्दा प्रेमचन्द यति जोरले हाँसिपठाउनुभयो कि उहाँका आँखा भरी-भरी आँसु थियो।'

## ९

प्रेमचन्दले कतिपय निजी समस्याहरूसित सामना गर्नपर्दथ्यो। उनले छोरीका लागि सुहाउँदो वरको खोजी गर्दैथिए। छोरीले धेर शिक्षा पाउनसकेकी थिइन। वर भेटियो अनि प्रेमचन्द जस्ता प्रसिद्ध व्यक्तिकी सुपुत्री हुनाले वरपट्टिकालाई गर्व त भयो, तर केटा वा वरका ज्येठा-पाकाहरूले कुरा घुमाएर दाइजोको प्रश्न

उठाए। जे भए पनि लमहीमा छोरीको विहे-उत्सव राम्रोसित सम्पन्न गरियो।

प्रेमचन्दले उनको अर्को नयाँ उपन्यास, 'गवन' लेख्दैथिए, जसलाई १९३१ को शुरूतिर बनारसको सरस्वती प्रेसले प्रकाशित गर्‍यो। प्रेमचन्दको रुचि वसेको एउटा पूर्वाग्रह विषयमा नै उपन्यास लेखिएको छ अनि कुनै स्वास्नी गर-गहनाप्रति अनुरक्त हुँदा आफ्ना लोग्नेको जीवनमा यसले विपत्ति ल्याउने चिन्ता नै उनले मनपरेको विषय थियो। उनको पहिलाको एउटा उपन्यास, 'किसन' पनि यसै विषय-वस्तु लिएर लेखिएको थियो। उनका धेरै लघु कथाहरूमा पनि यही विषय-वस्तुको प्राधान्य छ। 'सेवा सदन' की नायिका सुमनको त्यही कमजोर अनुरागले गर्दा सम्मानको मार्गवाट उ गिरेर तल खस्छे।

निगमलाई पठाएको एउटा पत्रमा प्रेमचन्दले लेखेका थिए: 'मैले आफ्नो तलब र भत्तावाट केही पनि बचाउनसकेको छैनँ। एउटा कुरो, तपाईं जे जस्तो सोच्नुहुन्छ, त्यही भन्नसक्नुहुन्छ—बचावट या आम्दानी—कि मसित एक जोड़ी चुरा थियो अनि मेरी श्रीमतीले कति वर्षदेखि यसैको चाह गरिरहेकी थिई। उसको गुनासो हटाउनलाई यो थियो। तथापि, यसको शोकबाट अझै म दूर हुनसकेको छैनँ।……।' अलिकति भए पनि शायद, प्रेमचन्दले उनका अघि अघिका वर्षहरू-मा यस्तै नैराश्यको अनुभव गरेका थिए होलान्, जस्तो कि उनको 'सेवा सदन' उपन्यासमा सुमनका पतिले अनि 'गवन' मा जालपाका पतिले खप्न परेका हुन्छन्।

'गबन' उपन्यासकी पात्री जालपाले एउटा हार पहिरने इच्छा गरेकी हुन्छे। उसको लोग्ने कम्ती तलबमा नोकरी गर्ने क्लर्क हुन्छ तापनि उसकी स्वास्नीलाई धनी छु भनी देखाउँछ। उसले स्वास्नीको इच्छा पूरा गर्नलाई अफिसको पैसा सुटुक्क चलाइदिन्छ। उ भागेर कलकत्तामा पुग्छ, जहाँ उसलाई एकजना सब्जी दोकाने र उसकी स्वास्नीले आश्रय दिन्छन्। पुलिसले उसलाई डकैतीको एउटा चालवाजी मामलामा खवरदाताको रूपमा फँसाइदिन्छ। उसकी स्वास्नीले अब साह्रै पछुताउँछे अनि घुम्दै कलकत्तामा आइपुग्छे र लोग्नेलाई त्यस्तो अपठ्यारो फन्दावाट मुक्त गराउँछे। त्यही वेला पुलिसको दमन नीतिको विरोधमा जनतामा ठूलो जागरण आउँछ। यसरी उपन्यासभित्र पाठकले विराट जन आन्दोलनको हूँकार सुन्नसक्छ। राष्ट्रीय जीवनमा जन आन्दोलनले थाल्नीमा फटाक् फुटुक्को अवस्थावाट रुमलिँदै बढ़ेर पछि आँधी-वेहरीको रूप लिएको हुन्छ। जालपालाई लोभी र कञ्जूसी दुर्गुण भएकी औरतबाट पछि जनताकी नायिकासम्म बनाउनु प्रेमचन्दको विलक्षण कलात्मकता हो। हामी उनका सृजनाहरूमा घरि-घरि मानव प्रकृतिलाई परिवर्त्तन गरेर उच्चतातिर लगेको कलात्मक उद्देश्यहरूको सफल अभि-व्यक्ति पाउँछौं।

प्रेमचन्दको लेखनकलाका निम्ति यो एउटा सुवर्ण युग थियो। १९३१ को

थाल्नीतिर 'गवन' छापियो; १६ अप्रेल, १९३१ मा उनले आफ्नो अर्को महान् उपन्यास, 'कर्मभूमि' लेख्न थाले अनि यो पनि अगस्त, १९३२ मा प्रकाशित भयो। प्रेमचन्दका चिट्ठी-पत्रहरू अनुसार उनले आफ्नो अन्तिम तर एक श्रेष्ठ उपन्यास, 'गोदान' १९३२ मा लेख्न बसेका थिए, तर 'हंस' र 'जागरण' सम्बन्धित कठिनाइ-हरूले गर्दा सो उपन्यासलाई जून महीना १९३६ मा मात्र प्रकाशित गर्नसकियो। उनले आफ्नो अन्तिम विरामी अवस्थामा 'मंगल-सूत्र' शीर्षकको उपन्यास लेख्दैथिए, तर उनको असामयिक विधनले यो अधूरै रह्यो। 'गवन', 'कर्मभूमि' र 'गोदान' त्रि-दु:खान्त सृजना हो र यसकालागि कुनै पनि उपन्यासकारको गर्वित हुने अधि-कार छ।

जन क्रान्तिको प्रचण्डता दर्शाउनुमा 'कर्मभूमि' एक अपूर्व कृति हो। उपन्यास-भित्र प्रत्येक ठाउँमा जनता क्रान्ति गर्दै अघि बढ़छन्; उनीहलाई कसैले रोक्न र अड़काउन सक्तैन। शहर या वस्तीमा होस्, पहाड़ या खोंचमा होस्, जनतामा क्रान्तिको हलचल छ। दवाएर सक्नुछैन। भारतको यो भीषण विद्रोहाग्नि हो। 'साईमन कमिशन' लाई परपरै अस्वीकार गरियो। विधान सभा भवनहरूमाथि वमहरू खस्दैथिए; भगतसिंह र चन्द्रशेखर आजाद जस्ता वीरहरू राजनीतिको विद्रोहमूलक अखाड़ामा उत्रे। जवाहरलाल नेहरूले लाहौर काँग्रेसका सभापतिको स्थानबाट भाषण दिदै भने: 'म एकजना लोकतंत्रवादी र समाजवादी हुँ।' 'कर्मभूमि' उपन्यासमा यसै हलचलका दिनहरूको प्रतिध्वनिको गुञ्जन छ। गोर्कीको विश्वविख्यात उपन्यास 'मदर'मा जस्तै क्रान्ति कसरी गरिनपर्छ, त्यस विषय लेखिए-को ग्रन्थ समान यो उपन्यास पनि छ।

उपन्यासभित्र अदभुत् चरित्रहरू सृजित छन् जस्तै, अमरकान्त, समरकान्त, सकीना, सुखदा, पठानीन, मुन्नी। अमरकान्त र समरकान्तले ह्रामीमा दुइ नेहरू-हरूको स्मरण गराउँछन। मुन्नी, पठानीन, सकीना र लाला समरकान्त घटना र स्थितिहरूले प्रभावित र परिवर्त्तित पात्री-पात्री हुन्। समाजसाई रगत र अग्निले स्वच्छ वनाइन्छ।

हड़ताल गर्ने लाला समरकान्तको आह्वानले त्यस वेलाको दृश्य र वाता-वरणको चित्रण गर्दछ: 'हो, हड़ताल गर्नेपर्छ, तर एक दिनलाई होइन, दुइ दिनलाई होइन। यो हड़ताल जारी रहनपर्छ, जबसम्म शहरका ती शासकहरूले हाम्रो बुलन्द आवाजको वास्ता गर्दैनन्। हामी गरीब छौं, असहाय छौं, दु:खी छौं। तर यदि ती ठूला-वढ़ाहरूले हाम्रो दुर्दशालाई पाषाण भएर हेरिदिन्छन् भने उनीहरूले थाहा पाउनेछन् कि गरीब जनले नै उनीहरूलाई यसरी ठूला वनाएका हुन्। प्राणलाई हत्केलामा राखेर यस्तो वढ़ा-बढ़ा महल कसले बनाउँछ? लुगा कारखानामा श्रम गर्ने को हो? तिनीहरूको दैलो दैलोमा बिहानैपिच्छे दूध-दही कसले ल्याउँदैछ? ती ठूला-वढ़ाहरूका बिहानी खाजाका लागि मिठाई र फल-फूल कसले ल्याइदिदैछ?

उनीहरूको घरमा साफ-सुग्घर कसले गर्दछ ? लुगा-फाटा, भाँड़ा-वर्तन कसले साफ गर्छ, धुन्छ ? उनीहरूका घर घरमा विहानैपिच्छे चिट्ठी-पत्र र खवरकागज कसले पुर्याउँदैछ ? शहरका तीन-चौथाइ भागका गरीव मानिसहरूले एक-चौथाइ भाग मानिसहरूका निम्ति रक्त सुकाइरहेछन् यसरी ।…।'

सम्पूर्ण उपन्यास नै एउटा हृदयस्पर्शी नाटक जस्तो छ र यसलाई पाँच अङ्कमा विभाजित गर्नसकिन्छ :(१) शहरको चित्रण;(२) पहाड़ी अञ्चलका गाउँले जीवन; (३) विद्रोह;(४) पहाड़ी गाउँवासीहरू;(५)अन्तमा—क्रान्ति र विजय। उपन्यासमा गाँधीवादी दर्शनको प्रभावका गहीरा छापहरू पाइन्छन् । अहिंसामाथि वारम्वार जोर दिइएको छ । फेरि त्यहीं नै विद्रोहको आगोको राप पनि छ । यसलाई अरु केहीले पनि साम्य गराउन सक्तैन । जनता अघि वढ़िरहेछन् । उनीहरूले आफ्नो भाग्यलाई हातमा सम्हालेका छन् अनि उनीहरूको तेज कदमलाई कुनै शक्तिले रोक्नसक्तैन । धेरै पक्षवाट हेर्दा प्रेमचन्दको यो सवैभन्दा परिपक्व र विशाल क्रान्तिजनक कृति हो । यसले सामाजिक अन्याय र अत्याचारको विरोधमा सर्वाङ्गीण विद्रोह गर्ने प्रतिनिधित्व गर्दछ । 'गोदान' उपन्यासमा चित्रित साहसी कृषकको चरित्रले गर्दा साहित्यिक दृष्टिकोणवाट यो एक अपूर्व कृति हुनगएको छ । हुन ता विद्रोहको उत्तापमा यसले 'कर्मभूमि' लाई उछिन्न सक्तैन । 'गोदान' को पात्र होरीलाई सूरदाससित तुलना गर्नसकिन्छ । यद्यपि 'कर्मभूमि' मा हामी क्रान्तिकारी व्यक्तित्वहरू भएको एक लामो लस्कर पाउँछौं ।

## १०

प्रेमचन्दको जीवनका अन्तिम वर्षहरूमा जैनेन्द्रले उनलाई झन गहीरोसित बुझ्न-सकेका थिए । लखनऊमा उनी अमीनुद्दौला पार्कको नजीकमा बस्दैगर्दा उनले प्रेमचन्दसित पहिलो चोटि भेट गरेका थिए । जैनेन्द्रले आफ्नो संस्मरणमा त्यो प्रथम भेट हुँदाको घटनालाई यसरी अंकित गरेका छन् :

'खुड़किलोको टुप्पोबाट एकजना व्यक्तिले मलाई हेरिरहेको देखनसाथ म अति विचलित भएको थिएँ । उभिरहने व्यक्तिको जुङ्गा वाक्लो थियो । उनले आफ्नो जीवलाई प्राय: पाँच रुपियाँ दामको लाल ईमलीको सालले ढाकेका थिए । साल पुरानो भइसकेको टिलटिल टल्कने अवस्थामा थियो । उनको केश तल झरेर निधार-लाई छोपेको थियो र त्यसले गर्दा निधार सानो देखिंदैथियो । शिर पनि जीव-

डाल हेरी सार्नै लाग्थ्यो। उनले मामूली धोती पहिरेका थिए, जसले उनकोघुँ ड़ाको अलिक तलसम्म ढाकेको थियो। उनको आँखा निद्राले भारी देखिन्थ्यो। प्रेमचन्द भन्ने मान्छे उनी नै रहेछन् भन्ने मलाई लाग्यो। यो मेरो लख पन्साउने समय नै थिएन। तर सो उभिरहने व्यक्ति प्रेमचन्द नै थिए भन्ने विश्वासमा त्यस क्षण म खुशी थिइनँ। के मैले आफ्नै जीवनकालमा प्रेमचन्द भनेर त्यो मेरो अघि उभिरहेका मान्छेलाई नै चिन्नुपर्ने? के म त्यति टाढ़ोवाट त्यत्रो ठूलो आशा लिएर त्यही व्यक्तिसित नजर जुझाउनलाई नै आएको थिएँ? एक क्षणसम्म त अझ साँच्चैका र सुन्दर प्रेमचन्दको प्रतिमूर्ति अर्को हुनपर्छ भन्ने विश्वास नछोड़दै पनि त्यहाँबाट फुत्त निस्केर गइहालुँ जस्तो लागेको थियो, किनभने प्रेमचन्द भन्ने मान्छे जो मेरो अगाड़ि उभिरहेका थिए, साहै साधारणं, सानो र पक्का पाखे देखिन्थे।…।

'त्यो उभिरहने व्यत्तिले बोलाए, "आउनुहोस्, आउनुहोस् न माथि।"

'म पनि एक हातमा बाकस लिएर सिंडी उक्लनलागेको थिएँ, उनले तल ओर्ल्हेर मेरो हातबाट बाकस समात्ने कोशिश गरे। मैले उनलाई बाकस समात्न दिइनँ, तर उनले मेरोबाट अरु खुद्रा-खुद्री चीजहरू सिंड़ी उँभो नै बोकेर लगे।

'घर पनि राम्रोसित सियारेको देखिएन। खाली ठाउँतिर चहलपहल पानी पोखिएको थियो। कुनै थोक पनि ठीक ठाउँमा थिएन। जति मैले देखें, त्यो त मेरो आँखा पहिलो चोटि परेका कुराहरू थिए। एक क्षणपछि नजरले चाहार्दा फेरि त्यस्तो थोक अरु देखिएन। म यो ठाउँमा नयाँ छु भन्ने भावना केही वेर चट्ट बिर्सि-पठाएँ र मेरो खोट मात्र पैल्याउने सूर पनि कता हरायो।

'सबै कुरा छोड़ेर प्रेमचन्द मसित बसे। सात बजेको समय थियो कि साँढ़े सात या त करीब आठ बजेको थियो हो, हामी दुइ बीचको बातचीत एक गतिमा बगिरहयो। वड़ा मजाको वातचीतको धुनमा मैले धेरै कुरा भुलें, अनि यो कुरा समेत भुलें कि अघिसम्म नचिनेको मान्छे हिन्दी उपन्यासकारहका राजा रहेछन्, जो मेरै छेवमा छन्। अनि हिन्दी उपन्यास संसारको किनारमा अवाक् भएर उभि-रहने म एकजना नानी हुँ भन्ने मेरो धारणा पनि भूलिहालेको थिएँ। फेरि एक क्षण अघि मात्र मेरो हृदय भ्रमजालमा परेको थियो अनि उनको रूप देख्दा घृणा लागेको थियो भन्ने कुरा पनि मैले भुलिसकेको थिएँ। हाम्रो बातचीतको सिलसिलामा गहीरो मित्रताको भावनामा डुबिरहँदा मैले यी सबै कुरा भुलिदिएँ।'

मार्च, १९३० सालमा प्रेमचन्दले लघु कथाहरूको पत्रिका, 'हंस' प्रकाशित गरे, जो गाँधीजीले 'डण्डी यात्रा' गर्नुको दुइ हप्ता अघाड़िको कुरो थियो। उनले यस सम्बन्धमा निगमलाई लेखे: 'मैले फाल्गुन महीना अर्थात हाम्रो नयाँ साल लागेकोदेखिन् एउटा हिन्दी पत्रिका, 'हंस' निकाल्न आँटेको छु। यो चौंसट्ठी पृष्ठको हुनेछ अनि यसमा धेरजसो छोटा कथाहरू हुनेछन्। यो मूर्ख्याइँ हो, पूरै कपाल दुखाउने र नाफा नहुने काम हो, तर मैले यस्तै केही मूर्खताको काम गर्नपरेको

थियो। मेरो सारा जीवन नै मूर्खतामा वित्यो भने सझै केही अरु वेकामको कुरो होस् न।'

'हंस' मा राजनीतिक सम्पादकीयहरू निस्कनलाग्यो र अव सीधै अचानोमा पर्ने भयो। प्रेसलाई एक हज़ार रुपियाँको वन्धक जम्मा गर्ने हुकूम आयो। प्रेमचन्दले प्रेस र पत्रिका दुवैलाई वन्द गर्ने विचार गरे। नवम्वर महीनामा शिवरानी देवीले एउटा विदेशी कपड़ा दोकानमा हमला मच्चाउँदा पक्राउ गरियो अनि दुइ महीनाको जेल सजाय दिइयो।

प्रेमचन्द घरमै वसिरहने स्वभाव भएका व्यक्ति थिए। तर उनले आफ्नो जीवनकालका अन्तका वर्षहरूमा धेरैवटा भ्रमण गरे, जसद्वारा उनले विस्तृत र विविध अनुभवहरू वटुले। उनी दिल्लीमा गएर जैनेन्द्रसंग प्राय: दश दिन वसे। उनी पटनामा पनि गए, तर सम्वन्धित उत्सवको स्वागत समितिले उनलाई चिन्न सकेन र उनले त्यस रात रेलको स्टेशनमा गुजारे अनि फर्केर जाने सोचमा थिए, तर त्यही वखत् उनका निमन्त्रणकर्ताहरूले माफी माग्दै साथमा लिएर गए।

प्रेमचन्दको अर्को लघु कथा संग्रह, 'समर-यात्रा' यसै वेलातिर छापियो। ती कथाहरूमा १९३० सालको भारतभित्रका चहलपहल, उत्तेजित स्थितिहरू अनि साहस र प्रेरणा प्रतिविम्वित छन्।

नवलकिशोर प्रेसका मालिकको निधन भएको केहीपछि प्रेमचन्दले यसलाई छोड़े। यो प्रेस 'कोर्ट अफ् वार्ड्स' को सञ्चालन अधीनमा परयो। यस जायदादको देखभाल गर्नलाई खटाइएका कारिन्दाहरूको नयाँ हूलसित प्रेमचन्दको पटक्क पारा मिलेन। १९३१ को मई महीनाको वीचतिर उनी वनारस फर्के। उनी लमहीमा नै वसे अनि प्रत्येक दिन वनारस शहरमा आफ्नो प्रेसमा काम गर्न जान्थे।

दु:ख र चिन्ताको थपनीमा प्रेमचन्दले विनोद शंकर व्यासबाट 'जागरण' पत्रिकाको अंगभार लिए। यो पाक्षिक पत्रिका थियो, तर सिर्फ दुइ सयजना मात्र यसका ग्राहकहरू थिए। २२ अगस्तको दिन प्रेमचन्दको सम्पादनमा यो पत्रिका पहिलोपल्ट निस्क्यो र उनले यसलाई साप्ताहिक रूप दिएका थिए। प्रेमचन्दले आफ्नो अघि राखेका लक्ष्यहरू र विश्वासको रूपरेखा विषय उनी लेख्छन् :

'हामीले यो जन्मेको नानीलाई एक निडर, सत्यमार्गी, परिश्रमी, सुस्वस्थ र विचारशील सामर्थ्यवान व्यक्तित्वको स्तरमा हुर्काउँदै वढ़ाउँदैलाने प्रयत्न गर्नेछौं र त्यसो भएपछि यसले आफैलाई राम्ररी सम्हालेर अघि वढ़नसक्नेछ। यसले वेला वेलामा तीक्ष्ण वचन पनि निकल्ला तर सच्चा सेवाको भावना लिएर यसरी वोल्नेछ···।'

'हंस' र 'जागरण' पत्रिकाहरूले गर्दा प्रेमचन्दले खप्नपरेका नोक्सानहरूद्वारा उनको आर्थिक स्थितिमा ठूलो धक्का परयो। अव उनको सोचाइ फिल्मी दुनियाँ-पट्टि वग्नलाग्यो। आफ्नो उपन्यास 'सेवा सदन' को फिल्म वनाउनलाई उनले सात

सय पचास रुपियाँ पाएका थिए। त्यो फिल्मको सम्पूर्ण रुपमा दृश्यावली लेख्नलाई ठेक्कामा अब उनलाई बम्बईमा निम्त्याइँदैथियो। ६ वटा कथा लेखिमाग्दै 'अजन्ता सिनेस्टोन्' ले उनलाई वार्षिक आठ हजार रुपियाँ दिने सुझाव टक्र्यायो। जैनेन्द्र-लाई पठाएको पत्रमा उनले यस्तो लेखे :

'एउटा फिल्म कम्पनीले मलाई बम्बईमा निम्त्याउँदैछ। काम तलबमा होइन, ठेक्कामा हुनेछ। वर्षमा आठ हजार रुपियाँ। म यस्तो विचारको टुङ्गोमा पुगेको छु कि 'हुन्छ' भनेर उत्तर दिनु बाहेक अरु उपाय नै छैन। म कि त त्यहाँ जान्छु, कि त उपन्यास नै बाजारमा बेचिदिन्छु। यस विषयमा तपाईंबाट मतो र राय लिनु अति जरूरी देख्छु। बम्बईमा उपस्थित हुनैपर्छ भन्ने ममाथि करकाप छैन। मलाई के, कस्तो र कहाँ मनपर्छ, त्यही लेखिदिनसक्छु। मैले उनीहरूका लागि खालि आधा दर्जन दृश्यहरू मात्र लेखिदिनपर्छ। एक सालका लागि म त्यहाँ किन नजानु र? भन्ने विचारमा छु। त्यहाँ एक साल बसेपछि मैले ठेक्का पाउनसकुँला र त्यही अनुसार मैले यहीँबाट केहीवटा दृश्यावली रूपरेखा लेख्नसकुँला अनि चार-पाँच हजार रुपियाँ कमाउनसकुँला। 'हंस' र 'जागरण' पनि त्यही पैसामा चल्नसक्ने-छन् र मलाई पनि पैसाको दुःख नहोला।'

यद्यपि, १९३४ सालको मई महीनामा 'जागरण' को प्रकाशन रोकियो। त्यस महीनाको आखिरमा प्रेमचन्द बम्बई पुगे। केही हप्ता बन्द भएपछि सम्पूर्णानन्दको सम्पादनमा 'जागरण' एउटा समाजवादी पत्रिकाको रूपमा निस्कन-लाग्यो अनि सरस्वती प्रेसबाट नै मुद्रित र प्रकाशित भइरह्यो।

बम्बईमा प्रेमचन्दलाई बिना परिवार साह्रै एक्लो लाग्यो। उनी घरमै बसि-रहने स्वभाव भएका व्यक्ति हुनाले यति टाढ़ो आउनपर्दा पछुताए। उनका दुइ छोराहरूलाई इलाहाबादको कायस्थ पाठशालामा भर्ना गरिएको थियो अनि प्रेमचन्दले बम्बईमा कुनै घर भाड़ामा लिने बित्तिकै शिवरानी देवी पनि उनीकहाँ गइहाल्ने भएकी थिइन्। प्रेमचन्दले श्रीमतीलाई पत्र लेखे :

'म यहाँ ३१ तारीख आइपुगें। त्यहाँदेखि म एकजना साथीको पाहुना भएर बस्दैछु। मैले धेरैवटा घर हेरिसकें। पचास रुपियाँ किरायमा तीन कमरा भएको एउटा घर हेरें। पाँच कमरालाई पचाहत्तर रुपियाँको भाड़ा छ। मैले अझै पनि कुनै घरको पक्का फैसला गरेको छैनँ। तर एक-दुइ दिन भित्रमा केही बन्दो-बस्त त मिलाउनैपरेको छ। म यहाँ बस्छु कि बस्दिनँ, त्यो पनि अझै भन्न-सक्तिनँ।'

केही दिनपछि उनले जैनेन्द्रलाई लेखे : 'मैले एउटा घर लिएको छु। दादरको एउटा हूटेलमा खाना खाँदैछु अनि जहाँ छु, त्यहीँ बस्दैछु। यहाँको संसार एकदम बेग्लै रहेछ। यहाँका मानिसहरूका बाँच्ने महत्व र रहन-सहन भिन्नै छन्। यहाँको जीवनलाई बुझ्ने अझै प्रयत्न गर्दैछु। यस विषयमा पुस्तकहरू खोजी खोजी पढ़दैछु।

आजसम्म मैले केही लेखेको छैनँ। जूलाईमा ढुन्नूलाई उतै छोड़िराखेर मेरो परिवार यहाँ आउनेछ। जसरी भए पनि म यहाँ एक साल रहनेछु। त्यसपछि विचारौंला।'

२३ जूलाईमा उनी बनारस गए अनि ३१ तारीख बम्बई फर्किहाले। प्रेमचन्दले 'मजदूर' नाम भएको फिल्मका लागि संवाद लेख्दैथिए। फिल्म बनाउनेहरूले यसको रूपरेखा तयार पारेका थिए अनि उनले यसलाई सर्वाङ्ग रूप दिनलागिरहेथे। फिल्ममा कारखानाको एकजना स्वदेशभक्त मालिकको चित्रण थियो, तर यो पनि फिल्म-सेन्सर बोर्डलाई रुचिकर भएन। तथापि, फिल्म बनिएपछि यसलाई पञ्जाब, दिल्ली, उत्तर प्रदेश र मध्य भारतमा प्रदर्शित गरियो। फिल्मले श्रमिक-वर्ग बीच यस्तो हलचल ल्यायो कि पुलिसको सहायता लिनसम्म परचो। आखिरमा भारत सरकारले यो फिल्म देखाउनुमा प्रतिबन्ध लगाइदियो।

प्रेमचन्द आफै पनि यस फिल्ममा केही क्षणका लागि देखापरेका थिए। उनले श्रमिक र मालिकहरूको झगड़ाको मध्यस्थताका लागि पञ्चको अभिनय गरेका थिए। त्यही वेला उनको आफ्नै प्रेसमा पनि स्थिति बिग्रँदैजाँदैथियो। प्रेसमा काम गर्नेहरूलाई तीन महीनासम्म तलब र रोज दिइएकै थिएन। काम गर्नेहरूसित सञ्चालकको वार्ताव राम्रो थिएन र उनीहरूले हड़ताल गरे।

बम्बईमा रहँदा प्रेमचन्दले दक्षिण भारतको यात्रा गर्ने अवसर लिए। दक्षिण भारत हिन्दी प्रचार समितिले उनीहरूको दीक्षान्त-समारोहको उपलक्ष्यमा सम्भाषण दिनलाई उनलाई निमन्त्रण गरेका थिए। २८ दिसम्बरमा उनी मद्रास पुगे अनि केही दिन त्यहाँ बसेर मैसूर गए र त्यसपछि बंगलोर पुगे।

बम्बईमा उनको वासको समय पनि छोटिँदैजाँदैथियो। प्रेमचन्द त्यहाँ बस्दा आनन्दित थिएनन्। उनले कला भन्ने कुरोद्वारा मानवलाई उच्चतातिर लैजाने र उसको विकास गर्ने महत्व दिन चाहेका थिए, तर फिल्मका मालिकहरूले यसलाई सस्तो मनोरञ्जन दिलाउने पक्षले मात्र हेर्दथे। उनले यस प्रसङ्गमा जैनेन्द्रलाई लेखेको पत्रमा खुलस्त गरिदिए :

'मैले यहाँ मसित बोकिल्याएको कुनै पनि मनोरथ पूरा होला जस्तो देख्तिनँ। फिल्म निर्माताहरू उनीहरूलाई आदत भइसकेको एकै किसिमको कथावस्तुबाट सानो कदम चाल्नु धरि सक्तैनन्। उनीहरू अश्लीलतालाई नै मनोरञ्जनको साधन सम्झन्छन्, भन्छन्। उनीहरू चमत्कृतिमा अझै विश्वास गर्छन्। राजा र रानीहरू, उनीहरूका भारादार र मंत्रीहरूको षड्यन्त्र, बनावटी लड़ाइँ, चुम्बन—बस्, तिनीहरूको आड़ नै यति विषय-वस्तु छन्। मैले सामाजिक कहानीहरू सृजित गरेको छु, जसको फिल्म बनाइयो भने शिक्षित वर्गले हेर्न चाह गर्लान्, तर ती मालिकहरू यिनीहरूका फिल्महरू बनाउनमा डर र शंका मान्छन्। तिनीहरू चल्नसक्तैनन् भन्ने शंका हुन्छ।······।'

१९३५को ४ अप्रेलको दिन प्रेमचन्दले फिल्म संसारबाट खुट्टा झिके सधैंका निम्ति। यस विषय उनले एकजना मित्रलाई पत्र लेखे : 'मैले अन्तिम फैसला गरें। म २५ तारीख बनारसमा आफ्नो घर फर्कंदैछु। 'अजन्ता'ले आफ्नो काम बन्द गऱ्यो।' प्रेमचन्दले उनको ठेक्काको अवधि समाप्त हुनुको प्रायः तीन महीना अघि नै बम्वई छोड़े।

प्रेमचन्दले एउटा लेखमा त्यस जमानाको सिनेमाको स्तर र स्थितिसित घोर असम्मति प्रकट गरे। उनी सिनेमाको लक्ष्य र परिवेशलाई साहित्यको विधा र उद्देश्यसित तुलना गर्दै व्यक्त गर्छन् :

'साहित्यले व्यापक जन रूचिलाई उज्यालो मार्ग-दर्शन गराउंदछ, तर जता लग्यो त्यतै त्यसको पछि लाग्दैन। सिनेमाले चाहिँ पछि लाग्नेगर्छ अनि जन रूचिले जे जस्तै मागे पनि दिनेगर्छ। साहित्यले त हाम्रो सौन्दर्य चेतन-शक्तिलाई व्यूँझाइदिन्छ, स्पर्श गरी जाग्रत गराउँछ अनि त्यसद्वारा हामीलाई कोमल आनन्द दिदँछ। सिनेमाले अशिष्ट र अश्लील भावनाहरूलाई वल्झाइदिन्छ अनि त्यस-द्वारा हामीलाई एकोहोरो र अन्धो पागल जस्तो वनाउँछ। फिल्म निर्मातासित यो रोग हटाउने कुनै उपाय वा औषधि छैन। जति समयसम्म कुनै चीजको मांग भइरहन्छ, बजारमा त्यो आइरहन्छ, जो कसैले रोक्नसक्तैन। समय अझै धेरै छ कि सिनेमाले उच्च र परिष्कृत दृष्टिकोण अपनाएर साहित्यसित एकीकृत रूप लिनसक्ला। जब साधारण जन-रूचि संग्लँदै स्वच्छ हुँदैजान्छ, तब जुन कुरोले मानवलाई गिराउँदछ त्यसको घृणा र निन्दा गरिनेछ, र यही विशुद्धिकरणद्वारा सिनेमामा पनि हाम्रो साहित्यमा भएको शुद्ध र मीठो रस आउनेछ।'

## ११

बम्बईमा बसेको बेला प्रेमचन्दलाई कुनै गतिलो आर्थिक फायदा हुनसकेन। जैनेन्द्रलाई लेखेको पत्रमा उनले आफ्नो हिसाव-पत्रमा यस्तो लेखा-जोखा अंकित गरेका छन् :

'मैले बम्बईबाट के पो ल्याउनसकें र? मैले खालि रु० ६,३००/- जम्मा गर्नसकें। यसबाट केटा हरूले रु० १,५००/- लगिहाले, छोरीले रु० ४००/- अनि प्रेसले रु० ५००/- लगे। जतिसक्दो जोगाएर खर्च गर्दा पनि बम्बईमा दश महीना बस्दा रु० २,५००/- भन्दा कम्ती खर्च भएन। फर्कंदा मैले रु० १,४००/- लिएर

आएँ, तर वेसी त नैराश्यले नै वोझिएर आएँ।'

'जागरण' का लागि धेरै पैसा खर्च भयो र अव त्यो वन्द गरियो। 'हंस लर्खराउँदैथियो र त्यस अवस्थामा प्रेमचन्दले सवै प्रेस अनि 'हंस' प्रकाशनलाई इलाहावादमा सार्ने विचार गरे तापनि यो उनको योजना सफल हुनसकेन। आखिरमा भारतीय साहित्य परिषद्लाई 'हंस' को अभिभार सुम्पियो अनि प्रेमचन्द श्री के० एम० मुन्शीसित यसका संयुक्त-सम्पादक भए। यति परिश्रम गर्दा पनि आर्थिक समस्याको हल हुनसकेन।

प्रेमचन्दले आफ्नो जीवनकालका आखिरी दिनहरूमा भारतभित्र धेरै स्थान-हरूको यात्रा गरे। उनीभित्र अकस्मात् ताकत र वल चढ्नलाग्यो, तर यो त निभ्ने वेलाको टुकीको ज्वाला केही वेर धपक्क वलेको मात्र थियो। उनले सवै निमन्त्रण-हरू स्वीकार गरेर प्रत्येक ठाउँ गए—इलाहावाद, विहारको पूर्णिया, लखनऊ, दिल्ली, लाहौर। उनले यस संसारबाट सधैंका लागि विदा लिएर जान अघि आफ्नो जन्मभूमिभित्रका सवै कुरा जतिसम्म हेरिराख्ने तीव्र चाहना गरे झैं लाग्थ्यो।

एउटा निमन्त्रणमा हिन्दुस्तानी अकादमीको वैठकमा उपस्थित हुन उनी इलाहावाद गए। त्यहाँ अग्रज प्रगतिशील लेखकहरूसित उनको भेट भयो अनि उनले सवैजनाप्रति आशीष दिए अनि शुभेच्छा प्रकट गरे। दुवै हिन्दी र उर्दूका लेखकहरूलाई एकत्रित गराउने भावनाले उनले एउटा हिन्दुस्तानी सभा स्थापित गर्ने संकल्प गरेका थिए। फलस्वरूप जैनेन्द्रको सहयोगले यस संस्थाका शाखाहरू, दिल्ली र लाहौरमा खोलिए। त्यसपछि 'प्रोग्रेसीभ राईटर्स कन्फरेन्स्' को प्रथम सभामा सभापतिको आसन ग्रहण गर्न प्रेमचन्द लखनऊ गए। ९ र १० अप्रेल, १९३६ मा सभा सुसम्पन्न भयो—उनले त जनवरी १९३६ मा नै यस आन्दोलन हुनपर्छ भनिसकेका थिए। उनले लेखेका थिए: 'हाम्रा शिक्षित तथा उच्च विचारशील युवाहरूले साहित्यमा एक नयाँ शक्ति र जागरण ल्याउने कामना राखेकोमा हामी आन्तरिक हृदयवाटै खुशी व्यक्त गर्दछौं। यही लक्ष्यलाई अघि राखेर 'दि ईण्डियन् प्रोग्रेसीभ् राईटस् एसोसिएशन' नाम भएको संस्था पहिला लण्डनमा स्थापित भएको थियो अनि उहाँहरूवाट हामीलाई आएको घोषणा-पत्रले हामीमा यस्तो आशाको ज्योति वालिदिएको छ कि यदि आफूले चिताएको रोजेको मार्गमा संस्था संलग्न रह्यो भने हाम्रो साहित्यमा एक नयाँ युग निश्चय उदाउनेछ।'

लखनऊमा प्रगतिशील लेखक सम्मेलनलाई सम्वोधन गर्दै प्रेमचन्दले सम्भाषण दिए: 'म यो आफ्नो मत जाहेर गर्न संकोच मान्दिनँ कि अरु चीजहरू-जस्तै कलालाई पनि म उपयोगिताको तराजुमा तौलन्छु। हामीले सौन्दर्यको मापलाई अर्को रूप दिनपरेको छ। ......। संकीर्ण अर्थमा कलालाई यसको वाह्य

रूपको पूजा गर्नु हो भनेर मानिन्थ्यो र अझसम्म पनि मानिन्छ। ······। तर जीवन संघर्षमा व्याप्त परम सौंदर्यलाई देख्नसकिने सृजनात्मक शक्तिको आयाम त्यस मापमा अझसम्म आएकै छैन !···

'जसले भौतिक धन-सम्पत्तिको लोभ गर्छ र त्योप्रति आसक्त छ, साहित्यको पवित्र मन्दिरमा उसलाई वस्ने ठाउँ छैन। मन्दिरमा त यस्ता भक्तहरूको मात्र खाँचो र स्थान छ, जसले जीवनमा अरुप्रति सेवाभाव राख्नु नै मुख्य कुरो ठान्दछन्, जसले हृदयमा दर्द र पीर सहेका हुन्छन् अनि जससित आत्म-वल हुन्छ, जुन महत्व सच्चा प्रेमवाट मात्र प्राप्त गर्नसकिन्छ। ······'

उनले घोषित गरे : 'हामी समाजको झण्डा माथि उचालेर अघि बढ्ने योद्धा हौं।'

लखनऊवाट प्रेमचन्द लाहौर गए। त्यहाँ आर्य प्रतिनिधि सभाले उनको भव्य स्वागत गरे। उनी अनगन्ती सभाहरूमा उपस्थित भए अनि जहाँ उनले भाषण दिए, हिन्दी र उर्दू भाषालाई एक वनाउनपर्ने कुरोमाथि जोर दिए। लाहौरवाट उनी नागपुरमा भारतीय साहित्य परिषदको सभामा उपस्थित हुन पुगे। यो सभामा गाँधीजी तथा जवाहरलाल नेहरू पनि उपस्थित थिए, तर परिषद्को कार्य र कार्य-प्रक्रियाको माध्यम हिन्दी कि उर्दू हुनपर्ने भन्ने प्रश्नमा ठूलो मतान्तर भयो। जव गाँधीजीले हिन्दी-हिन्दुस्तानीको माध्यम राख्ने सल्लाह दिंदा मौलाना अव्दूल हक्‌ले चुर्मुरिएर परिषद् छोड़े।

वम्वईवाट फर्केपछि प्रेमचन्द 'गोदान' उपन्यास लेख्नमा एकाग्र भए अनि यो सिद्धचाएपछि मात्र उनले लमही छोड़े। वीचमा अनेक वाध्यताहरू पनि थिए— सम्मेलनहरू, भ्रमण, सभाहरू र यता उता दौड़ा-दौड़ी र यस्तैहरू। आखिरमा १९३६को मई महीनाको अन्ततिर प्रेसबाट उपन्यास प्रकाशित भयो।

ग्रन्थकारको रूपमा 'गोदान' उपन्यास प्रेमचन्दको सर्वोत्कृष्ट रचना हो, पराकाष्ठा हो। यही पराकाष्ठा हो, जसको उज्ज्वल प्रकाशमा उनका अन्य रचनाहरू रङ्गिनलागेका थिए। उपन्यासमा उनले जमीनदारी प्रथा र विपुल औद्योगिकरणको विस्तारद्वारा ओकलिने पीर र शोषणमाथि भीषण आक्रमण गरेका छन्। खेतीमा होस् वा कारखानामा होस्, पसीना वगाउने श्रमिक र मजदूरहरूले असीम यन्त्रणा सहेर वस्नपरेको थियो। प्रेमचन्दले 'गोदान' मा होरी-को चरित्र-चित्रणलाई सारा भारतको चिन्ता र कष्टहरूको प्रतीक दिएका छन्। होरी नै भारत हो, जसलाई युग युग अघिदेखि शोषित गरिएको छ। तथापि भारतले जे जस्तै आँधी-वतासमा पनि आफूभित्रको वहुगुणको तादात्म्य, हृदयको विशालता र सर्वव्यापी दृष्टिकोणको संरक्षण गरिल्याएको छ। उपन्यासभित्र अन्य चरित्रहरू त्यस्तै गरी उदाएर चम्कन्छन् जस्तै-गोवार, धनियाँ, झूनियाँ, मेहता, मालती, आदि। तिनीहरूलाई ग्रामीण र शहरिया वातावरण दुवैबाट जन्माइएका

छन्, जहाँ थिचो-मिचो र शोषणले उग्र रूप धारण गरिसकेको हुन्छ। तर उनीहरू ती सबै प्रकारका अत्याचारको सामना गर्छन्, संसारमा नयाँ वसन्त जन्माउन हर इच्छा र प्रयत्न गर्छन् अनि हुँदा हुँदा आफैलाई परिवर्त्तन गर्दै उच्चतातिर उक्लन्छन् र झन भीषण क्रान्तिकारीका रूप लिन्छन्। भारतीय उपन्यासको इतिहासमा 'गोदान' एक महान् सफलताको घटना हो। ग्रामीण जीवनको सजीव चित्रण गर्नमा भारतका कुनै लेखक पनि यतिका सुदक्ष कलाकार भइसकेका छैनन्। महाकाव्यका सम्पूर्ण आयाम वा पक्षहरू समाविष्ट यो विशाल 'क्यन्भास' हो। अनि ती चरित्रहरू जो गाउँभित्रै वस्ने गरीव जन वीच छन्, उनीहरूले हामी पाठकहरूका आँखाकै अघि गौरवशाली भूमिका लिन्छन्। प्रेमचन्दले आफ्नो कृतिमा सामाजिक पुनः निर्माणको सन्देश दिंदछन् अनि शोषण-अत्याचार र दुःख-पीर रहित एक नयाँ संसारको दृश्य उभ्याइदिन्छन्। यस्तै संसारको नयाँ रूप दिने उसको आत्माको पुकारको आवेगमा लड़दा लड़दै उपन्यासको अन्ततिर होरी मर्छ।

'गोदान' प्रेमचन्दले तीन वर्षसम्म परिश्रम गरेको फल हो। १९३२ मा नै उनले यो उपन्यास लेख्न शुरू गरेका थिए। वीचतिर उनले विविध लघु कथाहरू, लेख र सम्पादकीयहरू लेख्दैआएका थिए। किन हो, उनको जीवन नै अति व्यस्ततापूर्ण थियो-सभाहरू, सम्मेलनहरूमा उपस्थित हुनु, यात्राहरूको सिलसिलामा कुदिकुदाइ गर्नु, आदि। अव उनको स्वास्थ्य पूरै नष्ट भयो। महोवामा हुँदाखेरि नै उनलाई निको नहुने किसिमको रगतमासीले सताएको थियो। अव त झन्, उनी 'ग्यास्ट्रीक अलसर' र 'ड्रप्सी' को आक्रमणले थला परे।

जून महीनाको १६ तारीख उनले अनेकपल्ट वमन गरे अनि दिशा जाँदा पनि रक्त निस्क्यो। पेटभित्र साह्रै दुःख्छ भनेर उनले वताए। यस्तो व्यथा थियो, त्यसबाट उनी मुक्त हुनसकेनन्। १९ जूनमा 'आज' प्रकाशन कार्यालयमा म्याक्सिम गोर्कीको निधनमा एउटा शोक-सभा मनाइएको थियो। विरामी अवस्थामा हुँदै पनि प्रेमचन्दले त्यहाँ उपस्थित भएर शोक-उपलक्ष्यका लागि एउटा विशेष सम्भाषण लेखे। त्यस रात दुइ वजे शिवरानी देवी अचानक ब्यूँझँदा उनले सो सम्भाषण लेखिरहेका पाइन्। श्रीमतीले त्यसो नगर्नु नि भनेर आपत्ति गर्दा प्रेमचन्दले भने : 'हेर, अरु म के गरूँ र? पटक्क निद्रा लाग्दैन। फेरि मैले यो सम्भाषण तयार गर्नपरेको छ नि।' भोलिपल्ट भएको सभामा उनलाई यति साह्रो विसञ्चो लाग्यो कि भाषण पढ़नै सकेनन्। अरु कसैले पढ़िदियो।

२५ तारीख राती उनी झन विरामी भए। उनले छोरालाई पंखा हंकाउन लगाए, किनकि उनलाई साह्रै गरम भइरहेको जस्तो लाग्यो। उनले फेरि रक्तसरी बान्त गरे। शिवरानी दगुर्दै आइन्। प्रेमचन्दले केही वचनमा भने : 'रानी, म तिमी-लाई छोड़ेर जाँदैछु!' २५ तारीखको पछिदेखि प्रेमचन्दलाई राम्रो निद्रा लाग्न-

छोड्यो । अरु व्यथाहरू पनि थपिएर उनलाई अझ वेसी सताइरहेका थिए । यस्तो व्यथा र कष्ट सहँदै पनि उनले अर्को उपन्यास 'मंगल-सूत्र' लेख्नलागे, तर अघि वताए झैं यो अधूरो अवस्थामा नै रह्यो ।

२ अगस्तमा उनी ज्येठो छोरोलाई साथमा लिएर आफ्नो एक्स-रे जाँच गराउन लखनऊ गए । एक/दुइ दिन अघि अख्तर हूस्सैन रायपुरीलाई लेखेको चिट्ठीमा प्रेमचन्दले आफ्नो स्वास्थ्यको हालत यसरी वताएका थिए : 'म झण्डै एक महीनादेखि विरामी छु । 'ग्यास्ट्रीक अल्सर'को व्यथा छ । म रगतै वान्त गर्दैछु र केही गर्नसक्तिनँ । औषधि-उपचार गराउँदैछु, तर यसले पनि कुनै फायदा गरेको जस्तो छैन । यदि म वाँचिहालें भने 'वीसवीं शताव्दी' नाम दिएर एउटा पत्रिका निकाल्नलाई पूरै सोचेको छु, जसद्वारा तपाईं हामीहरूले आफ्ना भाव-विचारहरू पोखाउनसकौंला ।'

लखनऊमा उपचार गर्दा पनि केही भएन । प्रेमचन्दले बनारस फर्किआउने फैसला गरे । उनी अब हड्डी-छाला मात्र भइसकेका थिए । उनले शिवरानी देवी-लाई हृदयको भक्कानु फुटाएर भने: 'म अव नवाँच्ने रहेछु । मलाई 'ड्रप्सी' ले साह्रो पारेको छ !'

प्रेमचन्द राम कटोरामा एउटा अर्को धेरै हावादार घरमा सरे । यो घर पहिला भारतेन्दु हरिश्चन्द्रको उद्यान-गृह थियो । उनका अन्तिम दिनहरूमा उनका धेरैजना साहित्यिक साथीहरू आफ्ना वरिपरि थिए । प्रेमचन्दको मृत्युको अन्तिम समय-सम्म जैनेन्द्र उनका साथमै थिए । मुन्शी दया नारायण निगम कानपुरबाट हतास भएर आएका थिए । अन्य अग्रजहरूमा 'प्रसाद', नन्द दुलारे वाजपेयी, पण्डित रामनरेश त्रिपाठी तथा 'निराला' पनि संगसंगै थिए ।

प्रेमचन्दका शेष दिनहरूमा नै एक हजार रुपियाँको बन्धक जम्मा गर्नपर्ने आदेश 'हंस' प्रकाशनलाई दिइएको थियो । सरकारले सेठ गोविन्द दासको प्रकाशित नाटकमाथि आपत्ति गरे । त्यसो हुँदा भारतीय परिषद्ले 'हंस'को प्रकाशन बन्द गर्ने फैसला गरयो र प्रेमचन्दको हस्ताक्षर लिएर एउटा जाहेरी पनि गरयो । उनले यस फैसला बारे गाँधीजीसित सल्लाह लिन पत्र व्यवहार गरे । गाँधीजीले भने कि यसरी प्रेमचन्दले उत्कण्ठा राखे भने उनले 'हंस' को प्रकाशन गर्दैजानसक्नेछन् । प्रेमचन्दले सो पत्रिकाको अभिभारा लिए अनि बन्धकी पैसा जम्मा गरियो । यस सन्दर्भमा उनले शिवरानीलाई भने :

'रानी, तिमीले त्यो बन्धकी पैसा जम्मा गरिदेऊ, हुन ता म बाँच्छु कि बाँच्दिनँ । तर 'हंस' चलिरहोस् है । म बाँचेछु भने सबै कुराको तजबीज गर्नेछु । म मरिगएँ भने मेरो सम्झनामा यो रहनेछ ।'

सितम्वर महीनाको 'हंस' को अंकमा प्रेमचन्दको रचना, 'महाजनी सभ्यता' प्रकाशित भयो । शायद, उनको अन्तिम इच्छापत्र वा दानपत्र यही नै थियो ।

७ तारीख अक्टूबर, १९३६ को रात—प्रेमचन्दको यस पृथिवीमा अन्तिम रातको वर्णन गर्दै जैनेन्द्रले हृदयविदारक वातावरणको कुरा लेख्छन् :

'उनको मृत्यु हुनुको घड़ीको अघिल्लो रात म उनको विछ्यौनाको छेवमै बसिरहेको थिएँ। उनले भोलि विहान सात वजे यस संसारवाट सधैंका लागि छोड़ेर जानु रहेछ। त्यस रात वितेर भोलि विहानको तीन वजे उनी मसित वोल्दैथिए। चारैतिर चकमन्नता थियो। विस्तरा कोठा सानो र अन्धकारमय थियो। सवैजना सुतेका थिए। उनको ओंठवाट खुसखुस धीमा वचनहरू निस्के, फेरि हराइगए। त्यस क्षण उनलाई कानले भन्दा आत्माले धेरै सुन्नसकिन्थ्यो।

'उनले आफ्नो दाहिने हात मेरो अघि थमाइदिएर भने, "यसलाई थिचिदिनुहोस् न।"

'हात पहेंलो रङ्गभन्दा सेतो भइसकेको र सुनिएको थियो। मैले यसलाई हल्कासित मसार्नलागें।

'उनी केही बोलेनन्। बन्द आँखामा उनी लड़िरहेकैथिए। मध्य रातमा उनले 'हंस'को विषयमा मलाई सवै कुरा भनिसकेका थिए। त्यस वेला उनले वचनहरूमा केही र आँखाको भाकामा केही आफ्ना उत्कण्ठा र आशाहरू व्यक्त गराइसकेका थिए। 'हंस' पत्रिका र साहित्यको स्तर विषय उनले अझै पनि चिन्ता गरिरहेका थिए। त्यति मात्र होइन, उनी आफ्ना छोरा-छोरीको भविष्यका लागि पनि गहीरो फिक्रीमा थिए। जे भए पनि उनले मवाट केही सान्त्वना र आड़ पाउनसके।

'विहानको तीन वजेको समय, मेरो हातमाथि उनको सुनिएको हात थमाइराखेको वेला म आश्चर्य मान्दैथिएँ अनि के उनले ममाथि यस्तो भरोसा राखेको कुरो मबाट सिद्धहुन सक्ला ? भन्ने प्रश्न आफैसित गर्थें। त्यही मध्य रातमा मैले उनीसित विवाद गर्ने अयोग्य व्यवहार पनि गरें। यसले गर्दा मभित्र प्रायश्चितको भावनाले छेदन गरिरहेको थियो। मैले के भन्नुपर्ने ? के गर्नुसक्थें ?

'त्यही क्षण उनले भने, "जैनेन्द्र !"

'यति मेरो नाम उनले आवाजमा निकालेपछि अरु नबोली मेरो चेहरामा एक टक लाएर हेरिवसे। मैले उनको हातलाई मेरा दुवै हातले बिस्तारै थिचिदिएँ। उनलाई हेर्दै मैले भनेः "बाबुजी, चिन्ता नगर्नुहोस्। तपाईं धेरै निको-आराम हुनुहुँदैछ। सवै जिम्माको काम गर्नलाई हामी छौं।"

'उनले मलाई हेरि नै रहे अनि भनेः "आदर्शवादले केही नहुँदो रहेछ।"

'मैले भन्न खोजें : "आदर्शवाद······।"

'उनले मेरो कुरा काटेर भने : "विवाद नगर्नहोस्।" उनले अर्कोपट्टि पल्टेर आँखा बन्द गरे।

'केही वेरपछि उनले भने : "साह्रो गरम भयो, पंखा हम्किदिनुहोस्।"

'मैले उनलाई पंखा हम्किनथालें । उनलाई निद्रा थिएन । उनलाई ठूलो दर्द भइरहेको थियो, तर गनगन गरेनन् । उनी आँखा खोलेर नै लड़िरहे ।

'केही क्षणपछि उनले अन्तिम विदाइको दुइ वचन बोले : "जैनेन्द्र, अब गएर सुत्नुहोस् ।"

'यस धरतीमा उनको जीवनको अन्तिम पलहरू सक्नैलागेका थिए भनेर त्यस क्षण मैले कसरी थाहा पाउनु र ? म पनि सुत्न गएँ ।'

'बिहानी पख उनी एक्कासि अचेत भए, जहाँबाट उनी होशमा आउन-सकेनन् ।'

यसरी नै ८ अक्टूबर, १९३६ को बिहान प्रायः साँड़े सात बजेको समयमा प्रेमचन्दले यस संसारमा सधैंका लागि आँखा बन्द गरे ।

रोगले खाइसकेको शरीर लिएर आर्थिक विषम संकोच र चिन्ताले पीड़ित उनको मानसिक स्थितिमाथि पनि मानवलाई तुच्छ पारेर उसको विश्वासलाई आघात पारी हत्या गर्ने शक्तिको विरुद्ध अथक संग्राम गर्दागर्दै छप्पन्न वर्षको उमेर-मा उनको असामयिक निधन भयो । जीवनलाई सुधार गर्न अनि अझ राम्रो र स्वतंत्र भारत बनाउने आदर्श लिएर लड़दालड़दै प्रेमचन्दको देहान्त भयो । उनको मृत्यु हुंदा उनी प्रतिष्ठा र मर्यादाको चरम सीमामा पुगिसकेका थिए । उनी 'महा-जनी सभ्यता' र 'मंगल-सूत्र' जस्ता ठोस र सुन्दर रचनाहरू तयार गर्दैथिए । उनले साहससित समातेको संग्रामको पताका आखिरसम्म माथि-माथि नै फर्फराइरहेको थियो, जसलाई उनले एक क्षण पनि तल झुक्न दिएनन् । प्रेमचन्द योद्धा भएर जन्मेका थिए अनि अस्त्र-शस्त्र धारण गरेर रणभूमिमा लड़दालड़दै उनको प्राणान्त भयो । उनले गौरवशाली सम्पदा आफ्ना उत्तराधिकारीहरूलाई छोड़िराखेका छन् र त्यसको सुरक्षा र बचाव गर्ने कर्त्तव्य हाम्रो हो । हामी नै त्यस विपुल पैतृक सम्पदाका उत्तराधिकारीहरू हौं ।

# १२

हिन्दी साहित्य संसारमा प्रेमचन्द उदाएको वेला हिन्दी कथा-उपन्यासको रूप कलिलै अवस्थामा थियो । चमत्कार र अलौकिक घटनाहरू नै कथा-उपन्यासका विषय-वस्तुहरू हुन्थे, जस्तो कि 'चन्द्रकान्त सन्तति' र 'भूतनाथ' कृतिहरूमा पाइन्छन् । जासूसी काममा असाधारण बुद्धि भएको एकजना गुप्तचर मिस्टर ब्लेक

भन्ने व्यक्तिले त्यसमाथि जोर दिने एक भिन्नै विधा थपिदिएको थियो। 'परीक्षा गुरु' जस्ता खालका समय समयतिर निस्कने सामाजिक उपन्यासहरूको कुनै ठूलो साहित्यिक महत्व थिएन। यिनीहरू विशेष गरी ऐतिहासिक चाखका पुस्तकहरू थिए।

तर प्रेमचन्दले योगदान गर्नलागेपछि हिन्दी कथा-उपन्यास कोपिलिएर पूरा फुल्न लाग्यो अनि यसमा परिपक्वता आयो। प्रेमचन्दले हिन्दी कथा-उपन्यासमा एक भिन्नै नयाँ सजगता र एक नयाँ उद्देश्यको भावको योगदान गरे। उनको कलमद्वारा हिन्दी उपन्यास यथार्थ जीवनको सम्मुख आउनसक्यो अनि यसले यथार्थ जीवनको स्थिति कस्तो थियो, त्यसैलाई सत्य रूपमा प्रतिबिम्बित गरिदिएको छ। प्रेमचन्द आदर्शवादी विचारका व्यक्ति थिए र त्यसकारण उनी आफ्नो आदर्श कल्पनाको अनुरूपमा जीवनलाई एक नयाँ आकार दिने र सुधार्ने तीव्र अनुरागमा संलिप्त थिए, तापनि जीवनको कठोर र निर्दय यथार्थतासित अन्जान थिएनन्। उनले कुनै कुरोलाई पनि बाहिरी हल्का प्रकारले लिएनन्, कुनै स्थिति वा विषयलाई पनि त्यसै छोड़िदिएनन्; उनको कृतिले पाठकको हृदयलाई उत्साह र प्रेरणा दिदँछ र उच्चतामा पुर्‍याउँदछ। उनी साँच्चै नै जनसाधारणका लेखक थिए र नै उनले साधारण मानवको जीवनलाई उनीहरूले नै बुझ्नसक्ने भाषामा लेखे। उनको संवेदनशील आग्रहले बुद्धिजीवीहरूको सानो परिधिलाई पार गरेर टाढ़ो धेरै टाढ़ो पुग्छ अनि कमै शिक्षा पाउनेहरू पनि उनका पाठक छन्। यस प्रसङ्गमा उनले हामीलाई भारतका मध्ययुगीय कविहरू तुलसीदास र कबीरको पावन स्मरण गराउँदछन्, जुन महात्माहरूबाट प्रस्फुरित वचन र शब्दहरूले भारतका जनसाधारणका जीवनमा ठूलो चमत्कारको काम गर्दछन्।

उनले सर्वश्रेष्ठ साहित्यिक मूल्य भएका प्रायः एक दर्जन उपन्यास लेखे। यिनीहरू हुनः सेवा सदन, प्रेमाश्रम, रंगभूमि, काया-कल्प, वरदान, निर्मला, प्रतिज्ञा, गबन, कर्मभूमि र गोदान। यस बाहेक प्रेमचन्दले झण्डै दुइ सय पचासवटा लघु कथाहरू लेखे, जसमध्ये केहीवटालाई विश्व साहित्यमा सर्वश्रेष्ठ कथाहरूका रूपमा गनिन्छन्। उनका पुत्र अमृतरायले आफ्नो पुस्तक 'कलम का सिपाही' को परिशिष्ट खण्डमा दुइ सय चौबीसवटा कथाको सूची दिएका छन्। यस्तो सृजनात्मक कार्यको बाहुल्य नै आश्चर्यपूर्ण छ, तर त्यसभन्दा पनि त्यसको महत्व असीम र अपार छ।

हामी प्रेमचन्दले मनपरेका मुख्य कथावस्तुहरूको सूची तयार पारौं। उनका कृतिहरूमा यी कथा-वस्तुहरूले घरि-घरि महत्व राख्दछन्ः जस्तै,

१. गर-गहना र शृंङ्गारका वस्तुहरूप्रति अनुराग; यसबाट कष्ट-पीर र दुर्दशाको प्रतिफल हुने।

२. गरीब किसानको विषम दर्द र यन्त्रणाको वर्णन।

३. साम्प्रदायिक तनाव र हूल-दङ्गा, कट्टरवाद, अन्धो विश्वास र अन्धो पक्षपात ।

४. दाइजो र विहेको प्रथा ।

५. हिन्दू परिवारमा विधवा हुनेको यन्त्रणापूर्ण जीवन ।

६. सानी-आमा ।

७. सामाजिक हलचल र राष्ट्रव्यापी क्रान्ति ।

८. ऐतिहासिक महत्व : मध्ययुगीय अनि आधुनिक भारतीय इतिहास ।

९. अलौकिक चमत्कृति र त्यस दुनियाँवाट हुने अतिक्रमण र हस्तक्षेप ।

१०. स्वदेशभक्त अनुरागले ओतप्रोत विषय-वस्तुहरू ।

११. कवड्डी र गुल्ली-डण्डा जस्ता खेलहरू ।

१२. आडम्वरी र पाखण्डीको तीक्ष्ण व्यंग्य-चित्रण र उदाङ्ग जाहेरी ।

१३. सामाजिक अन्याय र अत्याचारको चित्रण ।

१४. समाज र जीवनको नग्न यथार्थताको घर्षण अनि प्रभावमा परेको मानव चरित्रको परिवर्त्तन र विकास । सकल चरित्र-चित्रण र तिनीहरूका कथाहरू ।

प्रेमचन्दले जोरदार सामाजिक-राजनीतिक हिन्दी उपन्यासहरू लेखे । शरत-चन्द्र वा रवीन्द्रनाथ ठाकुरका उपन्यासहरूमाभन्दा उनका उपन्यासहरूमा ज्यादा मात्रामा राजनीतिक रङ्गको चहलपहल छ। प्रेमचन्दले बङ्गला कथा-उपन्यासमा 'नारी' को जस्तो कोमल र मधुर लवाज छ भनेर छेड़ हान्थे । जैनेन्द्रले प्रेमचन्दसित उनको वातचीत भएको तथ्यलाई यसरी लेखेका छन् :

'मैले भनें—अन्य साहित्यले भन्दा बङ्गला साहित्यले हृदयमा अझ गहीरो र कोमलतापूर्वक स्पर्श गर्दछ। के तपाईं यसमा सहमत हुनुहुन्छ ? यसको के कारण छ ?

'प्रेमचन्दले उत्तर दिए—म पक्कै मान्छु। यसको कारण के छ भने यो साहित्यमा ज्यादा नारीको भावनाको कोमलता र लालित्य छ। तर मेरो रचनामा यो कमै मात्रामा छ।

'यो सुनेर मैले उनलाई एकोहोरो हेरिरहें। मैले फेरि सोधें—यो नारी भाव प्रधान साहित्य भएर नै हाम्रो हृदयलाई अझ कोमलतापूर्वक स्पर्श गर्नसकेको हो नि ?

'उनले तुरुन्तै उत्तर दिए—हो, हो ! यो कता-कता विगतको सुमधुर स्मरण गर्दा मीठो वेदना दिने प्रकारकै ज्यादा हुन्छ। स्मृतिको पानाभरी मृदु भावनाको तरलता हुन्छ; तर संकल्पको पहाड़मा भावनाको दृढ़ता र कठोरता हुन्छ। फेरि सृजनात्मक कार्यका लागि भने यी दुवैको आवश्यकता पर्छ।

'उनी भन्दैगए—जैनेन्द्र, हुन त म गम्भरी जान्दिनँ, किनभने म बङ्गाली होइन। बङ्गालीहरू भावना उन्मुखी हुन्छन्। तर किन हो, मचाहिँ भावनाको

तरङ्ग संगसंगै बग्नसक्तिनँ। मेरोमा त्यो पायराशि छैन, म त्यति दिनसक्तिनँ। सिकेको जानेको ज्ञान पुग्ननसक्ने, यसले भ्याउननसक्ने ठाउँमा पनि भावनाका लहरहरू पुगेर त्यस ठाउँलाई आर्द्रित पारिदिदछ। जैनेन्द्र, तर मलाई यस्तो लाग्छ कि यसको साथ-साथ हामीमा कठोरता पनि हुनपर्छ।

'यति बोलेपछि प्रेमचन्द केटी झैं शर्माए।…अन्त उनले भने—जैनेन्द्र, रवीन्द्रनाथ र शरत महान व्यक्तिहरू हुन्, तर उनीहरूकै शैली र विधा हिन्दीलाई उपयुक्त छ र? साहित्यमा कमभन्दा कम मलाईं चाहिं त्यो अपनाउनु आएन।'

प्रेमचन्दको विचार-कल्पनामा कोमल कविता प्राय: पाइँदैन। वसन्त ऋतुको रमाइलो आगमनमा यसले धरती माताको रूपलाई कसरी सौन्दर्यमा परिवर्त्तित गरिदिंदछ, सो उनले देखेका थिए। गाउँले बूढ़ा-पाकाहरू आगोको वरिपरी बसेर आफ्ना साझे दु:ख-सुख बाँड्दै बातचीत गरेको दृश्यको सौन्दर्य पनि उनले देखिरहेकै थिए। उनको अन्तर्दृष्टिले सौहार्दपूर्णको उच्च मानवीय पारस्परिक सम्बन्धको सौन्दर्यको अनुभव गरेको थियो, तर उनी सच्चाइ र दुष्टचाइँ, सामाजिक न्याय र स्वतन्त्रताका जटिल प्रश्नहरूको समाधान गर्नमा नै विशेष गरी संलग्न थिए। उनको उज्यालो व्यक्तित्वमा कोमलता र नम्रता जस्ता सुगुणहरू व्याप्त थिए। यद्यपि, अर्कोतर्फ उनको लेखनी समाजले सहन गर्नपरेको निरंकुशता र दमन-शोषण-माथि विशेष प्रहार गरिएको तीक्ष्ण वाण झैं थियो।

प्रेमचन्दले सकल अनि जोशवर्द्धक कथाहरू लेखे। उनका उपन्यासहरूले पाठक-लाई त्यसभित्रको कथाक्रम फुकिँदैजाँदा मन्त्रमुग्ध पारिदिन्छन्। यस्तो हुँदाहुँदै पनि एउटा कुरो मानिलिनपर्छ कि उनले सानै उमेरमा छँदा 'तिलस्मी-होश्रूबा' जस्ता ग्रंथहरू सुनेका र पढ़ेकाले आफ्नो हृदयमा पारिराखेको प्रभावको छाया स्वरूप अदभुत, उत्तेजना र आतंकको भाव उनका कथा-उपन्यासहरूमा पाइन्छ। यस संसारमा अचम्भका घटनाहरूको संप्राप्ति हुन्छ। यहाँ मृत्यु र आत्म-हत्याका भया-नक काण्डहरू हुन्छन्, अलौकिक संयोगहरू हुन्छन्। 'रंगभूमि' उपन्यासमा विद्रोहीहरूले सोफीलाई कैदी बनाएर लान्छन्। गोली-काण्ड र जीव सिरिङ्ग पार्ने घटनाहरू हुन्छन्। आखिरमा अदभुत् संयोगवश रेलवे स्टेशनमा विनयसित सोफीको भेट हुन्छ। 'काया-कल्प' मा एकजना रानी हुन्छे अनि उसको यौवन र सौन्दर्य राइडर ह्यागार्डको उपन्यास 'शी' की नायिकाको झैं कहिल्यै मर्दैन।

प्रेमचन्द व्यंग्य-चित्रणमा कलमको तूलिकाले मोटो र चहकिलो रङ्ग पोत्छन्। आफ्नो कलम सजीव भई कहानीहरू लेख्दै अघि दौढ़ेको जोश र ताकतमा उनी कहाँ-कहाँ पुगिसक्छन् अनि यस प्रक्रियामा उनलाई केहीले पनि थाम्नसक्तैन, न उनले कसैलाई नै जोगाएका हुन्छन्। 'काया-कल्प' मा जब मनोरमा, मुन्शी वज्र-धरलाई भेटन पुगेकी हुन्छे, अचम्भको घटना हुन्छ। मुन्शी वज्रधर यति साह्रो उत्तेजित हुन्छ कि उसको एक खुट्टा अर्कोमा अल्झेर हुत्तिन्छ र पछारिन्छ

अनि त्यही क्षण बत्ती पनि झ्यापक्क निभ्छ । उसको घरमा अचानक चुक अँध्यारो हुन्छ ।

आधुनिक उपन्यासमा घटनाहरूको गति सुस्त हुन्छ अनि घटनाहरू पनि प्राय: कमै हुन्छन् । कसैले खाना खाएको, बाहिर घुम्न निस्केको, गाडीहरू कुदिरहेको र सल्बलाउँदो भीड़लाई हेरेको अनि ध्यानमग्न रहेको र यस्तै मामूली दैनिक साधारण कुराहरूको चित्रण हुन्छ । अझै पनि भारतीय समाज धेरै कुरामा पछौटे अवस्थामै छ, तर यहीँ नै घटनाहरू किसिम किसिमका हुन्छन् अनि छिटो छिटो र नाटकमा झैं अकस्मात् घटछन् । तर अझ बेसी ठाँट हुने रवाफिला समाजहरूमा यस्तो कम्ती नै हुन्छ अनि त्यहाँ सिग्रेटको सुवासित धुवाँ र दामी दामी ह्वसी-ब्राण्डीको बोतल नै बढ़ो चैन र उत्तेजनाका सामग्री हुन्छन् ।

लेखकको रूपमा प्रेमचन्दको महानता आफूले पाइआएको सृजनशक्तिको वर-दानमा नै छ । उनले सोचेको कल्पेको संसारलाई आफूले भरपूर मात्रामा सृजित गरेका छन् अनि यस संसारभरी आफ्नै कल्पनाबाट जन्माएका मानवहरू जीउँछन् । उनको संसारमा सयौं संख्यामा मानिसहरू जन्मेर क्रियाशील रहन्छन्—कृषकहरू, जमीनदारहरू, साहुहरू, उद्योगपतिहरू, साहसी र वीरहरू, सत्यता र न्यायको पक्षमा लड़ने योद्धाहरू, उच्च आदर्शवान् अग्रजहरू, असल मानव, दुष्ट मानव, सुशील कन्याहरू, कचकचे बुढ़ी औरतहरू, आदि सबै छन् । फेरि त्यहीं नै अनगन्ती चरित्रहरू छन्, जसमा साहित्यको लामो इतिहासमा विरलै पाउनसकिने पतिभा-शाली यस्ता व्यक्तित्वहरू पनि छन्—सुमन, प्रेम शंकर, सूरदास, समरकान्त, होरी, सोफी, विनय र कतिजना छन् । हामीलाई लाग्छ, यी सबै पात्र-पात्रीहरू हाम्रै हित्तचित्तका साथीहरू हुन् अनि यी हाम्रा वरिपरि बाँच्दैगर्ने मानवहरूभन्दा अझ टढ़कालो प्रतिरूपमा जीउँदा-जाग्दा र यथार्थ छन् ।

यसरी प्रेमचन्दले आफ्नो सृजनशक्तिद्वारा भारतको एक विशाल चित्र उतारि-दिन्छन्, जहाँ मानवले अत्याचारको विरुद्ध लड़ेर न्याय माग्दछ, किसानले जमीन-दार र साहुहरूसित सामना गर्दछ, हजारौं थोपा आँसु टप्काउँदै असहाय विधवाले कट्टरवादीहरूको मुटुमा तीक्ष्ण काँड़ा बिझाइदिन्छे, निम्न अछुतहरू ब्राह्मण-पण्डित-को विरोधमा उठतछन् । विद्रोहको उद्वेलित भावनाले उत्तप्त भएर प्रेमचन्दले सारा भारतको दृश्यलाई नव जागरणको वृहत् रूपमा परिवर्त्तित गराइदिएका छन् । भेंड़ा-बाखा र गाई-वस्तुको वथानको चित्रण होइन यो, तर लाखौं लाखौं भारतीय जनताले विजय प्राप्तिको बुलन्द आवाज उठाउँदै अघाड़ि बढ़िरहेको कथा हो ।

प्रेमचन्दले अगणित संख्यामा लेखेका लघु कथाहरूमा पनि उनका उपन्यास-हरूमा जस्तै भारतका त्यही रूप र दृश्य उज्यालिन्छन् । यिनीहरूमा हामी समाज-को साँचो चित्रण गरिएको पाउँछौं, जसमा उच्च आदर्शवान् नारी र पुरुषहरू आ-आफ्ना जीवनको मार्गमा प्रतिष्ठा र मर्यादापूर्वक क्रियाशील रहन्छन् । प्रेमचन्द

आफैले नै साह्रै मनपराएका रचना 'वढ़े घर की वेटी' हो र 'पाँच परमेश्वर', 'ईश्वरीय न्याय' र 'नमक का दारोगा' केही सर्वश्रेष्ठ कथाहरू हुन्। खँदिलो र नमूनाकालागि यस्ता चरित्रहरूको चित्रण पनि छन्—वूढ़ी काकी, कजाकी, आत्माराम अथवा 'ईदगाह' कथामा वर्णित वूढ़ी वज्यूको चरित्र। ऐतिहासिक पृष्ठभूमिमा लेखिएका कथाहरूमा 'क्षमा', 'रानी सारंधा' र 'राजा हर्दौल' छन्। फेरि जीवनका विभिन्न पक्ष वा झलक भएका कथाहरू छन्, जो अति तीक्ष्ण अनुभवप्रद र कारुणिक रसका छन्, जस्तै—'पूस की रात', 'सवा सेर गेहूँ', 'ठाकुर का कुवाँ', 'मुक्ति-धन', 'सद्गति', आदि। 'समर-यात्रा' जस्तो स्वदेश-भक्ति भाव रञ्जित कथा पनि छ। 'मोटेराम शास्त्री' जस्तो व्यंग्य-कथा पनि छ। कथाहरूमा भारतीय जीवनका बहुरङ्गी तर दुःखमय दृश्यहरू प्रस्तुत छन्, जसलाई लेखकले ताकत-वल, पौरुष्य र वल्दो अनुराग लिएर झल्झल्ती दर्शाएका छन्।

यी कृतिहरूमा परिवार छुटिएको, आफ्ना वज्यूका लागि सानो नानी फिक्रीले छटपटिएको, सासू-ससूराको साथमा घर-जुवाइँ वस्ने मान्छेलाई हेला गरिएको, गुल्ली-डण्डाको खेल, राम्रो शील-स्वभाव भएकी गाउँले कन्या, अरुको पछाड़ि नानावली नराम्रो कुरा गरिहिंड़ने डरलाग्दी वूढ़ी आइमाईका मर्मस्पर्शी कथाहरू छन्। अन्य रचनाहरूमा एक हल गोरु हीरा र मोतीको मार्मिक कथा, अन्धविश्वास र अन्धो कट्टर धर्म पक्षपातका कथा छन् अनि एउटा वैभवशाली युगको पतन हुँदैजाँदैगरेको प्रभावशाली चित्र दर्शाउने कथा, 'शतरञ्ज के खिलाड़ी' पनि छन्। हामीले यी कथाहरूमा भारतको पछौटे गरीव अवस्थावाट पैदा भएका दर्द-पीर, यन्त्रणा, दुःख-संताप अनि त्यससित लड़ेर मुक्त हुने व्यग्र उत्साहको विशाल चित्र द्वारा यस जन्म-भूमिको हृदय र आत्माको अन्तरतममा चियाउन पुग्छौं।

प्रेमचन्दले आफ्ना धेरैवटा कथामा मानिसको हृदयभित्र नीच अहंभाव र उच्च आदर्शताको वीच मच्चिरहने द्वन्द्वको सकल चित्रण गरेका छन् र अन्त्यमा उच्च मानवताकै भावनाको विजय हुन्छ। आलो यथार्थताको दुरुस्त चित्रण गर्नमा उनलाई कसैले संझाउन फकाउनसक्तैन, तर यसो गर्दामा उनको उच्च आदर्शवादले सम्पूर्ण मानव जीवनलाई प्रकाशमय मार्ग-दर्शन गराउन चाहेको हुन्छ। त्यसै कारण प्रेमचन्दले आफ्ना कथाहरूमध्ये 'बड़े घर की वेटी' लाई नै सबैभन्दा वेसी मनपराउँथे।

प्रेमचन्दले कथा कुन प्रकार लेख्थे, सो विषय उनले लाहौरको एउटा पत्रिकालाई उत्तर दिंदै व्यक्ताए : 'मेरा कथाहरू कुनै प्रेरणा वा अनुभवबाट सधैं जन्मेका हुन्छन्। म तिनीहरूमा नाटकको प्राण र रङ्ग पनि थपिदिने प्रयत्न गर्छु। तर म कथाको हाँगा-विगा खालि तन्काएर लानलाई मात्र चाहिं कहिल्यै लेख्दिनँ। कथामा म केही उष्ण भावनाको राग र दार्शनिक सत्यता पोखाउने चाह गर्छु। मैले यस्तो आधार नपाइञ्ज्याल मेरो कलम चल्दैन।'

विनोदशंकर व्यासलाई उनको लघु कथा संग्रह, 'मधुकरी' माथि आफ्नो मत प्रकट गर्दै प्रेमचन्दले साहित्यको लक्ष्यलाई यसरी परिभाषामा बाँधेर पत्र लेखे : 'मेरो सोचाइमा अर्थात् अरु प्रत्येकको सोचाइ पनि यस्तै हुनसक्छ कि साहित्यको तीनवटा लक्ष्य हुन्छ—वैभवशाली बनाउनु, मनोरञ्जन दिनु र चित्रण गर्नु। अपितु, प्रस्तुतिकरण र मनोरञ्जन त्यही वैभववर्द्धनमा नै आउँछ। कुनै सिफल लेखकले दिएको मनोरञ्जन र ढटुवारे वा मूर्खहरूले हँसाउनलाई देखाएको तमाशा बीच आकाश र पतालको फराक पर्छ। लेखकको कलाकारितामा वैभववर्द्धनको भाव व्याप्त हुन्छ। यसको प्रस्तुतिकरणमा आत्मालाई आनन्दित तुल्याएर उच्चतातिर पुरयाउने लक्ष्यलाई अघि राखिएको हुन्छ।'

अर्को पत्रमा उनले विनोदशंकर व्यासलाई यस्तो अद्भुत मौलिक विचार पोखाए :

'म चाहन्छु कि कथा-वस्तुलाई जीवनबाट टिप्नपर्छ अनि यसैले जीवनका समस्याहरूको समाधान गर्नसकोस्। म चाहन्नँ कि कथाले कविताको काम गरोस्। हुन त हो, गद्य-पद्य संहित रचनाले कथा मात्रले भन्दा हृदयको तारलाई बेसी झंकृत गराइदिदछ, किनकि त्यही लक्ष्य लिएर यो लेखिएको हुन्छ। तर यसको धुन संगीतको सूर र राग झैं हुन्छ, जसले कर्णद्वारमा मीठो गुञ्जन दिन्छ र एक क्षणको हल्का रागपछि यो हराइजान्छ। तर कथाले तपाईंको आँखा अघाड़ि सजीव चरित्रहरू क्रियाशील रूपमा प्रदर्शित गराउँदछ।'

## १३

प्रेमचन्दको रचनाको प्राण-शक्ति जीवनप्रतिको उनको विश्वास र उत्तप्त अनुरागमा अनि भारतको साँचो रूप दर्शाउनमा निहित र संचित छ—जुन भारत शहर-बजार र गाउँ-बस्ती, विस्तृत अन्न-खेतबारी र चउर-मैदान, ससाना बाटाघाटा र ठूला-फराकिला राजमार्गहरू, साँधुरो गल्ली र चेपचाप अनि साना साना टुक्रे बारीहरू र भत्केका ती जीर्णावस्थाका झोपड़ीहरूको आलो नक्सा हो। प्रेमचन्दले यो तह नमिलेको जीवनलाई आफ्नो कलमको शक्ति चलाएर परिवर्तन र सुधार गर्ने तीव्र इच्छा संगालेका थिए अनि यस आदर्शमयी कार्यमा धेरै सफल पनि भए। उनले व्यक्त गरेका शब्दहरूले पाठकहरूको विचार-धारालाई अर्के दिशातर्फ बगाउनमा धेरै नै प्रभावित पारे।

प्रेमचन्द एकजना विद्रोह भाव प्रेरित विचारशील व्यक्ति थिए अनि उनले त्यसैद्वारा अत्याचार र अन्याय अनि त्यसबाट जन्मेका र फैलिएका अनेक दुष्टकर रूपहरूमाथि भीषण आक्रमण गरे। अरु त के, उनी स्वयं सरकारी सेवामा रहँदै पनि उनले परम साहस र उत्साह लिएर भारतीय गरीबी जन जीवनमाथि विदेशी शासनद्वारा बोझिएको अत्याचार र अवहेलनाको विरुद्धमा ठूलो धावा गरे। प्रेमचन्द जमीनदार र उद्योगपतिहरूको विरुद्धमा किसान र श्रमिकहरूको पक्षमा उठे, ब्राह्मण-पण्डितको विरुद्धमा अछूतहरूलाई अङ्कमाल गरेर आक्रमण गरे अनि समाजका अन्धविश्वासी मूढ़हरू र कट्टरवादीहरूको विरोधमा ती अभागिनी, संतापित र अवहेलित नारीहरूलाई सान्त्वना दिदै लड़े। उनी निरंकुशता र अत्याचारको जस्तै रूप र अलिकति छाया मात्र देख्दा पनि साह्रै घृणा गर्थे।

उनी एक सर्वज्ञ विवेकशील व्यक्ति थिए अनि कोरा कट्टरवादीहरू, अन्धविश्वासी अनि अन्धा र कट्टर धर्म पक्षपातीहरूमाथि सोझै उनले आक्रमण गरे। प्रेमचन्द मूर्ति-पूजा परम्पराका ध्वंशकारी थिए र नै रूढ़ी अनि थोत्रो परम्पराका दासहरू र कट्टरपन्थीहरू उनलाई देखिसहँदैनथिए। तिनीहरूले उनीमाथि बार-बार हमला गरे, तर बदलामा उनले ज्ञन सशक्त र विषाक्त हतियार बज्राएर तिनीहरूलाई चोट पार्नसम्म पारिदिए।

प्रेमचन्द गोखलेको विचार-दर्शनबाट विस्तारै छुटदै गाँधीजीको प्रभावमा मौलिक सुधारवाद दिशातर्फ आउनलागेका थिए। उनी समाजवादको विचारधारामा निमग्न रहेर बग्दैगए। उनी कल-कारखाना अथवा उद्योगको क्षेत्रमा भएको अत्याचार र शोषणको जस्तै जुनै रूप भए पनि त्यसलाई सीधै निमोठन चाहन्थे। उनले पहिला नै आफ्ना मित्र निगमलाई लेखेको चिट्ठीमा 'अब मैले बोल्शेविक विचार दर्शनलाई प्राय: अपनाइसकेको छु', भनेर आफ्नो मत व्यक्त गरेका थिए। उनले अरु भने : 'म त भविष्यको त्यस दलमा सामेल हुनेछु, जसले आफ्नो कार्यक्रममा दलित र गरीब मानिसहरूलाई राजनीतिक शिक्षा दिने लक्ष्य राख्नेछ।'

एकपल्ट प्रेमचन्द र आफ्नै श्रीमती शिवरानी देवी बीच स्वराज्य विषय बातचीत हुँदा श्रीमतीले उनलाई यस्तो प्रश्न गरिन् :

'के स्वराज्यपछि पनि शोषण नहोला र ?'

उनले उत्तर दिए : 'जहीं पनि केही न केही शोषण त छँदैछ नै। शायद, धनी र बलियोले गरीब र निर्धोलाई दल्नु त संसारको मति नै होला, के गर्नु ! अँ, तर रूस देश हाम्रो अघि उदाहरण छ, जहाँ धनी वर्गका ठूला-बढ़ाहरूलाई जनताले समातेर काबूमा ल्याई ठीक तहमा राखेका छन् अनि अब गरीब र शोषित जनता स्वतन्त्र भएर सुखी छन्। शायद, अब हामीले पनि यहाँ रूस मुलुकमा जस्तै केही थाल्नुपर्छ।'

वनारसीदास चतुर्वेदीलाई लेखेको पत्रमा प्रेमचन्दले आफ्ना इच्छा र उच्च आकांक्षाको रूपरेखा दिएका थिए : 'मेरो अरु त कुनै इच्छा छैन। अहिले मेरो सबैभन्दा ठूलो इच्छा खालि एउटै छ, त्यो चाहिं के हो भने स्वतन्त्रताको यस संग्राममा हामी विजयी हुनुपर्छ। मान-इज्जत र पैसा कमाउनुपट्टि मेरो इच्छा छैन। खान-सम्मलाई म पुग्दो कमाइहाल्छु। गाड़ी किन्नु त बङ्गला लिनु, त्यस्तो खालको चाह ममा पटक्क छैन। अँ, साँच्चै भनुँ भने निकै महत्वको केहीवटा किताव लेख्ने इच्छा चाहिं जरूर म गर्छु, तर फेरि स्वतन्त्रता पाइछाड़ने लक्ष्य नै कितावमा पनि हुनेछ।······। आराम र शान्तिसित वस्ने इच्छा समेत गर्दिनँ। साहित्य र आफ्नो देशका निम्ति हर वखत् केही न केही त गरिरहुँ भन्ने इच्छा म कहिल्यै छोड़दिनँ···।'

फेरि इन्द्रनाथ मदनलाई लेखेको एउटा पत्रमा प्रेमचन्दले आफ्नो मूलभूत धारणा वा विश्वासलाई यसरी उद्गार गरे : 'मैले पहिला-पहिला सबै सृष्टिदेखि माथि एउटा शक्ति छ भनेर विश्वास गर्थे। गम्भीर विचार गरेर निष्कर्षको रूपमा जन्मेको यो विश्वास थिएन, तर परम्परानुसार मानिलिइएको विश्वास मात्र थियो। अव त्यो विश्वास पनि चकनाचूर भयो। विश्व-व्रह्माण्डको पछाड़ि कुनै एउटा ठूलो शक्ति अवश्य छ। तर मानवहरूको काम-कार्वाइसित त्यस अदृश्य शक्तिको कुनै सम्वन्ध छ भनेर म विश्वास गर्नसक्तिनँ, जसरी कमिला, झिङ्गा वा लामखुट्टे जस्तो कीरा-फटेङ्ग्राको स्वभाव र करतूतसित यस शक्तिको कुनै सरोकार नहोला।' यसकारण, विश्व-व्रह्माण्डलाई उनै करुणानिधान परमात्माको कृपा र अनुग्रहले सुव्यवस्थित राखेको छ भन्ने कुरोमा प्रेमचन्दले विश्वास गर्न छोड़ेका थिए।

उनले फेरि जैनेन्द्रलाई पत्र लेख्दै आफ्नो चिन्तन र दर्शनको निष्कर्षलाई यसरी व्यक्त गरे : 'मेरो जीवन बौद्धिक विषयहरूका कुराहरू अध्ययन गर्नु र सुन्नुमा नै वित्दैछ। तर ईश्वरप्रति मेरो विश्वास छैन, र श्रद्धा-भक्ति छैन। तपाईं ईश्वरवादपट्टि ढल्कनुहुँदैछ र अझ एक दृढ़ र पक्का भक्त वन्नुहुँदैछ। मचाहिं संदेहवादपछि अव अनीश्वरवादतर्फ लाग्दैछु।'

एउटा कथामा प्रेमचन्दले एकजना चरित्रलाई यस्तो निराशावादी विचार वक्न-लाए का छन् : 'परमात्माभन्दा निर्दय अरु कोही नहोलान् यस संसारमा। यदि उनले कठपुतली झैं आफ्ना सृजित प्राणीहरूलाई तिनीहरूको भूल र मूर्खतामा नर्कको अग्निकुण्डमा होम्मिदिन्छन् भने ईश्वर दयालु छैनन्। ईश्वर दयालु हुनुभन्दा हजारौं गुणा निष्ठुर छन्। मलाई त ईश्वर भन्ने यस्तो शब्ददेखि नै घृणा लाग्छ।'

जीवन-संसार र विश्व-व्रह्माण्डको सम्वन्धमा प्रेमचन्दको मूलभूत धारणा यस्तै थियो। उनको कलात्मक सृजनाको वलियो जग नै यही थियो। यिनै वलिया जगहरूमा उनका सृजनाहरूको भव्य निर्माण भएको छ। उनका कृतिहरूका सृजनालाई पछिल्तिरबाट अघि बढ़ाउन अनि प्रेरणा दिनलाई आफ्नै ठोस विचारहरू थिए।

यी सबै कुराहरू लिएर हामी प्रेमचन्दलाई गोर्कीसित तुलना गर्नसक्छौं। गोर्की झैं प्रेमचन्द पनि साधारण जनका लेखक थिए, जसको वल आफ्नो चमकदार कलाको शक्तिद्वारा साधारण जनताको जीवनलाई सुधारेर परिवर्त्तन ल्याउने तीव्र इच्छामा रहेको थियो। प्रेमचन्दको कृतिमा कोमल सौन्दर्यको सृजनाभन्दा साहस र शक्तिको प्राधान्य भएको कारण नै यही हो। त्यसैले उनको रचनामा नारी जातिमा पाइने कोमलता, नम्रता र गीति-माधुर्यको सौरभभन्दा पौरुष्य, दृढ़ता र वलको नै सर्वोपरि स्थान छ।

यदाकदा अलौकिक संसारका संकेतहरू पनि प्रेमचन्दको लेखनीवाट टप्किएका छन्, जस्तै, उनका कथाहरू, 'मूठ', 'नाग-पूजा' र 'मन्त्र' अथवा 'काया-कल्प' उपन्यासका ठाउँ ठाउँका भागहरूमा त्यो हामी पाउँछौं। तथापि, उनले आफूलाई यस्ता प्रभावहरूबाट निवृत्त गरे अनि सम्पूर्णतया एक अटल विवेकवादी भए, जुन तथ्य उनका पछिका कृतिहरूमा छर्लङ्गिएको हामी पाउँछौँ। उनी व्यवहारिक ज्ञान भएका अनि संसारको चालामालालाई नजीकबाट बुझेका व्यक्ति थिए अनि नचाहिंदो चिन्तन वा कल्पना गर्नपट्टि झुक्किएर पनि लागेनन्।

अगणित संख्यामा भएका उनका पाठकहरूका आत्मासम्म स्पर्श गरी जाग्रत गराउनलाई प्रेमचन्दले हिन्दी अथवा उर्दू भाषालाई अलिकति परिवर्त्तन गरेर एउटा सरल, कोमल तर शक्तिशाली माध्यम वनाए। उनको लेखन शैली एउटा जोरसित वग्ने नदी हो, जसको वेगलाई कसैले र केहीले पनि रोक्न र वाधा हाल्नसक्तैनन्। शब्दहरू उनलाई खूबै मनपर्थ्यो अनि तिनीहरूको अर्थको गहीरयाइ हेरी हेरी उनले भरपूर मात्रामा प्रयोग गरे। उनको कलाकारिताका अन्य पक्षहरू जस्तै उनको लेखन शैलीमा शृङ्गारको भन्दा उष्ण अनुराग, ताकत र जोरको विशिष्टता छ।

प्रेमचन्दले भारतका दुइ विशाल जन सम्प्रदायलाई एकतामा ल्याउन जुन इच्छा र प्रयत्न जारी राखेका थिए, हिन्दी र उर्दू भाषालाई त्यसरी नै परस्पर सन्निकृष्ट गराउने उद्वेलित कामना राखेका थिए। इस्लाम समाजका महान् व्यक्तिहरू सम्बन्धी ज्ञान उनलाई थियो। प्रेमचन्दको जीवनका अन्तिम दिनहरूमा उनलाई प्रेम र गम्भीर सहानुभूतिसित हेरचाह गर्ने र सियार्ने व्यक्ति पनि एकजना उनका मुसलमान मित्र नै थिए। प्रेमचन्दका सर्वश्रेष्ठ कथाहरूमध्ये 'क्षमा' एउटा हो, र एकजना मुसल्मान वावुले आफ्नै छोरा मार्ने क्रिस्तानलाई इस्लाम धर्मावलम्बी जनका रीसबाट वचाएको कथा यसमा छ। धर्मनिरपेक्षता भन्ने शब्दलाई जतासुकै प्रयोग गरिएको कति कति अघि नै प्रेमचन्दले यसलाई राम्ररी बुझेर यसको आदर्शमाथि साँचो र चोखो विश्वास राखिसकेका थिए।

# १४

प्रेमचन्दको अन्तिम इच्छापत्र वा दानपत्र आफ्नो मृत्यु हुनुको लगत्तै अघि उनले सृजना गरिराखेका कृतिहरू हुन् अनि मुख्यत: उनको निवन्ध, 'महाजनी सभ्यता' र उनको अधूरो उपन्यास, 'मंगल-सूत्र' हुन्। हामी उनको आत्माका उत्तराधिकारीहरूले उनका ती अन्तिम शब्दहरूलाई पथ उज्यालो पार्ने वत्तीको प्रतिरूपमा पाउँदछौं, जसले हामीलाई आफ्ना लर्खराएका कदमहरू सम्हालेर त्यस पथमा अघि वढ़ाउने मदत गर्नेछन्। आफू विरामी अवस्थामा हुँदा विस्तरामा लड़ेर नै उनले यी कृतिहरू जन्माएका थिए।

आफ्नो निवन्ध, 'महाजनी सभ्यता' मा प्रेमचन्दले आधुनिक समाजमा जति पीर-दर्द छन्, साहुहरूले ऋण दिएर नाफा गर्ने स्वार्थी मतलवले गर्दा नै हो भनी दोष खन्याएका छन्। उनी लेख्छन् : 'यो पूँजीवादी सभ्यतामा सवै कामको मतलब वा उद्देश्य नै पैसा भनेर ठानिन्छ। देश शासित हुन्छ र नै पूँजीवादी र ब्याङ्कका मालिकहरूले सकेसम्म नाफा गर्ने मौका पाउँछन्। यस दृष्टिकोणमा त आजको दुनियाँलाई ब्याङ्कका मालिकहरूले शासन गर्दछन्। आजको समाज दुइ भागमा चिरिएको छ—पसिना वगाउने र दु:ख-परिश्रम गर्ने धेरै संख्यामा छन् अनि थोरै संख्यामा हुनेहरूले चाहिं ती वहुसंख्यकमाथि वल-शक्ति र प्रभावको दबावमा शोषण गर्दछन्। ती वहुसंख्यकमाथि ती थोरैजनाको कुनै दया-माया छैन। अनगणित वहुसंख्यक गरीव जन आफ्ना मालिकहरूका निमित्त खून र पसिना वगाइदिन वाँचेका छन् अनि यही दुर्गतिमा एक दिन यस संसारवाट कसैले थाहा नपाई चूपचाप छोड़ेर जानपर्छ।·······।'

अति दूर मुलुकमा एउटा नयाँ सभ्यताको उदय भएकोमा प्रेमचन्दले मानव जातिका लागि एउटा नयाँ आशाको किरण देख्तछन् :

'धेरै दूर पाश्चात्य मुलुकमा एउटा नयाँ सभ्यताको सूर्योदय भएको छ। यसको उत्तापमा ब्याङ्क-राज अथवा पूँजीवाद विलेरगएको छ। त्यो नयाँ सभ्यताको मूलभूत सिद्धान्त के छ भने आफ्नो शारीरिक र मानसिक परिश्रमद्वारा जसले केही कुरोको उपार्जन गर्दछ, उसलाई समाजको एक सम्माननीय व्यक्ति मानिँदछ। तर जसले अरु कसैको परिश्रमको भरमा अथवा उसका पिता-पुर्खाको धनको तुज्जुकमा अरुमाथि अधिकार र धाक जमाउन खोज्छ, त्यस्तोलाई घृणाको पात्र वनाइन्छ। यस्ता मान्छेहरूले सरकारी कार्य विषयहरू लिएर आफ्नो मत वा विचार पोखाउने हक छैन अनि नागरिकताको अधिकार पनि छैन तिनीहरूको।

पूँजीपतिहरू यो नयाँ हुरीदेखि रिसाएर विश्वका अरु पूँजीपतिहरूको चीत्कारमा आफ्नो स्वर मिलाएर यसमाथि खूब सराप्ने गर्छन् ।……।'

प्रेमचन्दले बालककालदेखिन् नै विषम दरिद्रतालाई चिनेका थिए । त्यसकारण, उनले धन-दौलत र ऐश-आरामको जीवनलाई अपनाउन चाहेनन् । भाग्य सपार्नु नसपार्नु उनको हातमा थियो र उनको प्रतिभा र शक्तिले मरणासन्न अवस्थाबाट उच्च आदर्शलाई उठाएर त्यसको सुरक्षा गर्नु थियो । डन् क्वीक्सोट्ले जस्तै उनले पनि डरलाग्दो आकारका घट्टाहरूमाथि आक्रमण गरे, जुन घट्टाहरू पूँजीपतिहरूको धन र ऐश्वर्यका सुरक्षित गढीहरूको प्रतीक थियो। प्रेमचन्दका उच्च मर्यादा र आदर्शमय विचार-दर्शन नै उनको लेखनीलाई निरन्तर प्रेरणा, उत्साह र बल-शक्ति दिइरहने विपुल निधि थियो । उनको आखिरको कृति अधूरो अवस्थामै रह्यो अनि त्यसमा पनि उनले फेरि आफ्नो आन्तरिक विश्वासको स्तम्भ खड़ा गरेका छन् । उनको आखिरी उपन्यास 'मंगल-सूत्र' का नायक प्रेमचन्द नै हुन् । उनी पोख्तछन् :

'उनको आत्मा महान् थियो, त्यो कसैले होइन भन्नसक्तैन । उनकोबाट कसैले जस्तै सहायता माग्दा पनि नपाउने त कुरै थिएन । साहित्यको सेवा र भरण-पोषण गर्नु बाहेक अरु कुनै कुरोमा उनको चाह थिएन, तर फेरि त्यसैका लागि उनकोमा पैसा थिएन । साँचो हो, उनले कीर्ति र सम्मानको उपार्जन गरे अनि आफ्नो आत्मसन्तुष्टिका लागि यति नै पर्याप्त थियो । धन-दौलत जम्मा गर्नुमा उनको विश्वास र चाह थिएन ।……। आत्म-सम्मानपूर्वक जीवन बिताउन पाए उनी अरु केही कुरोको इच्छा गर्दैनथे । उनकोमा अलिक गर्वको भाव थियो, चाहे यसलाई अभिमान नै भन्नुहोस्, जो साहित्य भक्तहरू सबैमा अलिक अलिक पाइन्छ नै ।…'

आफ्नै शब्दहरूमा प्रेमचन्द यस्ता व्यक्ति थिए । यसलाई लेखक आफैको चरित्र-चित्रण हो भन्नसकिन्छ । यद्यपि, आफ्नो सरलता र निष्कपटताको उद्दीप्त किरण फैल्याइराखेर प्रेमचन्दले भारतलाई आफ्नो जीवनकालमा देख्न नपाएको अझ वैभवशाली र शक्तिशाली अवस्था र रूपमा छोड़ेर गए । १८८० साल साधारण प्रतिभा वा ल्याकत भएका नेताहरूको समय थियो, जसले राजनीतिक मञ्चबाट साहसिलो भाषण दिन्थे, तर स्वतंत्रताको प्राप्ति का निम्ति जरूरी अरु कुनै कुरोलाई मानिँदैनथ्यो । १९३६ साल भारतका लागि भाग्य, नयाँ आशा र उच्च आकांक्षाको एउटा वर्ष थियो । त्यस बेला भारतले दृढ़सित लामो फड़का हान्दै चालेको कदम आफ्नो सामाजिक, आर्थिक तथा राजनीतिक स्वतन्त्रता प्राप्त गर्ने लक्ष्यमा अघि बढ़दैथियो । प्रेमचन्दका साहित्यिक सृजनाहरूले यस महान् दिशातर्फ अघि बढ़दैजानुमा ठूलो योगदान गरेका हुन् । आज भारत जुन स्तरमा पुगेको छ, त्यसको निर्माणमा उनका साहित्यिक कृतिहरूले प्रमुख भूमिका लिएका थिए ।

हुन त आधुनिक भारतको भाग्यको निर्माण गर्ने महान कार्यमा अरु अरु बल र शक्तिहरूको पनि बराबर योगदान थियो। यद्यपि, अहिले हाम्रो जीवनले कुन रूप-रङ्ग लिएको छ, यस स्तरमा पुर्‍याउनलाई प्रेमचन्दका समग्र कृतिहरूले पनि एक ठोस शक्तिको अनुरूप विपुल परिमाणमा योगदान गरेका छन्।

Indian Institute of Advanced Study
8/12/04
SHIMLA

# प्रासंगिक ग्रन्थ-सूची


१. कलम का सिपाही—अमृतराय ।

२. कलम का मजदूर—मदन गोपाल ।

३. प्रेमचन्द : घर में—शिवरानी प्रेमचन्द ।

४. जीवन-सार : हंस : आत्मकथाङ्क ।

५. हंस : स्मृति अंक ।

६. प्रेमचन्द स्मृति ।

७. चिट्ठी-पत्री (दुइ खण्ड) ।

८. विविध प्रसङ्ग (तीन खण्ड) ।

९. प्रेमचन्दका कृतिहरू ।



अमृतरायको 'कलम का सिपाही', मदन गोपालको 'कलम का मजदूर' तथा शिवरानी देवीको 'प्रेमचन्द : घर में' नामक यी पुस्तकहरूद्वारा प्रेमचन्दका जीवन र कृतिहरू बारे अमूल्य तथ्यहरू प्राप्त गर्ने सौभाग्य मिलेकोमा लेखक तथा प्रकाशकगण हार्दिक कृतज्ञता प्रकट गर्दछन् ।

१९३०-४० को दशकभित्र भारतीय उपन्यासकारहरूको प्रमुख चिन्तन सामाजिक सुधार र परिवर्त्तन ल्याउने लक्ष्यमा केन्द्रित थियो। सृजनात्मक शक्ति भएका लेखकहरूले गाँधीवादी दर्शन र समाजवादको अन्तरमा विविध पक्षका सुधार र क्रान्तिको समर्थन गरेका थिए। दुवै हिन्दी र उर्दू भाषामा प्रेमचन्दलाई विशिष्ट प्रतिभाशाली लेखकको स्वरूप मानिन्छ, जसका उपन्यासहरू र लघु कथाहरूले गरीब भारतीय कृषकको दर्दनाक अवस्था र गतिको सकल चित्रण गर्दछन।

प्रेमचन्द आफैले दरिद्रता अनि अन्यायको विरुद्ध निरन्तर संघर्ष गर्दैआउनपरेकोले अनि भारतका उत्तरीय क्षेत्रहरूमा आफूले प्राप्त गरेका कटु अनुभवहरू र त्यहाँका जन-जीवनलाई नजीकबाट नियालेर हेर्दा आफूमा परेको गहीरो प्रभावलाई नै सामग्री बनाएर उनले आफ्ना बाह्रवटा उपन्यास र तीन सयवटा कथाहरूमा त्यसैको कलात्मक चित्रण गरेका छन्। उनले त्यही क्षेत्रमा जन्मेर जीवन बिताए अनि कार्यहरू गरे। उनले टल्स्टय्, ग्यल्स्वर्दी, सदी तथा मोपासाँका अमर कृतिहरूलाई पनि हिन्दी भाषामा अनुवाद गरे। प्रेमचन्दले डिकन्स्का कृतिहरूको अध्ययन गरे अनि उनी गोर्कीका प्रशंसक थिए—वास्तवमा उनलाई हिन्दी साहित्यका गोर्की भनेर मानिन्छ।

प्राध्यापक प्रकाशचन्द्र गुप्त एकजना प्र
विचार-दृष्टिकोण भएका व्यक्ति हुनुहुन्छ
ग्रन्थभित्र उनको प्रतिभा तथा साहित्यि
सकल, स्वच्छ र क्रमवद्ध रूपमा दर्शाउनुभ

Library IIAS, Shimla
N 813.209 2 P 916 G
00116988

SAHITYA AKADEMI
REVISED PRICE Rs. 15-00